तेश्रो २.५ महिने

# प्राथमिक शिक्षक सेवाकालीन तालीम पाठ्यक्रम २०५२

## कक्षा संगठन तथा विद्यालय व्यवस्थापन

शिक्षा मन्त्रालय

शैक्षिक जनशक्ति विकास केन्द्र

375
NCE-t
2052

तेश्रो २.५ महिने
प्राथमिक शिक्षक सेवाकालीन तालीम पाठ्यक्रम
२०५२

# कक्षा संगठन तथा विद्यालय व्यवस्थापन

शिक्षा, मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र

लेखक तथा परिमार्जनकर्ता

श्री वासुदेव काफ्ले

एशियाली विकास बैंक प्राविधिक सहयोग १८३८
केम्ब्रिज एजुकेशन कन्सल्टेण्ट्सको सहयोगमा निर्मित

# विषय–सूची


| सि.नं. | शीर्षक | पृष्ठ संख्या |
| --- | --- | --- |
| १. | कक्षा–संगठनको परिचय | 1 |
| २. | विषय–शिक्षण | 8 |
| ३. | कक्षा–शिक्षण | 14 |
| ४. | बहु–कक्षा शिक्षण | 24 |
| ५. | वर्ग–रहित शिक्षण | 35 |
| ६. | विद्यार्थीको समूह–निर्माणका ढाँचा तथा तिनको प्रयोग | 44 |
| ७. | कक्षा–संगठनमा मिश्रित ढाँचाको प्रयोग | 55 |
| ८. | विद्यालय व्यवस्थापन | 61 |
| ९. | विद्यालय व्यवस्थापनका शैक्षिक पक्षहरु | 70 |
| १०. | विद्यालय र समुदाय बीचको सम्बन्ध | 77 |
| ११. | पाठ्यांश वितरण | 84 |
| १२. | सन्दर्भ सामग्री | 88 |
| १३. | प्रशिक्षकको लागि पूरक सामग्री | 91 |

## पाठ्यांशको संगठनात्मक स्वरुप

दश महिने सेवाकालीन प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रमका सबै पाठ्यसामग्रीहरु एकै किसिमबाट संगठित गरिएका छन् । यी सबै सामग्रीहरु मूलत : दुई स्तम्भमा बाँडिएका छन् । पहिलो स्तम्भमा पाठ्यांशको आधारभूत अंग र दोश्रो स्तम्भमा पाठ्यांशको अतिरिक्त अंग रहेका छन् । पहिलो स्तम्भ अन्तर्गत पाठ्यांशका प्रत्येक एकाइलाई पाँच खण्डमा बिभाजन गरिएको छ । भने दोश्रो स्तम्भमा प्रशिक्षक र सहभागीहरुको लागि पाठ्यांश तथा सन्दर्भ सामग्रीहरु समावेश गरिएका छन् ।

## पाठ्यांशको आधारभूत अंग

१. **उद्देश्य :**

यस खण्डमा शिक्षणका मूलभूत लक्ष्यलाई अंकित गरिएको छ । यसले सहभागीहरुको कार्यकलाप र सफलताको मापन पाठ्यांश शिक्षणको उद्देश्य अनुसार उपलब्धि खोज्दछ ।

२. **विषयवस्तु :**

यस खण्डमा सहभागीहरुको लागि निर्धारित विषयवस्तु, सामग्री तथा पाठ्यांशबाट के कस्ता ज्ञान, शीप, अभिवृत्तिहरुको आशा राखिएका छन् विस्तृत वर्णन गरिएको छ ।

३. **शैक्षिक सामग्री :**

यस खण्डमा प्रशिक्षण अवधिभर सहभागी र प्रशिक्षकहरुले प्रयोगमा ल्याउने सम्पूर्ण शैक्षिक सामग्रीको बारेमा विस्तृत विवरण दिइएको छ ।

४. **शिक्षण विधि / कार्यकलाप :**

यस खण्डमा शिक्षणको क्रममा अपनाइने शिक्षण पद्धति, प्रक्रिया, विधि तथा क्रियाकलाप बारे विस्तृत वर्णन गरिएको छ ।

५ **मूल्यांकन :**

सहभागीहरुले खण्ड १ मा अंकित उद्देश्यहरु के कति हासिल गरे भनी मूल्यांकन गरिने विधि, प्रविधि, कार्यकलाप तथा प्रश्नहरुको विवरण दिइएको छ ।

६. पाठ्यांशको विवरण :

यस खण्डले पाठ्यांशको आधारभूत संगठन सम्बन्धी पक्षहरु जस्तै : पाठ्यांशको नाम, सामान्य परिचय, सामान्य उद्देश्य, पूर्णाङ्क, पाठ्यघण्टा, पिरियड, एकाइको नाम, एकाइ संख्या, प्रत्येक एकाइको निम्ति निर्धारित पाठ्यघण्टा आदिको विवरण प्रस्तुत गरेको छ ।

७. सन्दर्भ सामग्री :

यसमा सन्दर्भ सामग्रीहरु पाठ्यांशको कुन ठाउँसँग सम्बन्धित छन्, तिनलाई कहाँ कसरी उपयोग गर्न सकिन्छ र ती कुन ठाउँमा उपलब्ध हुन्छन् भन्ने बारेमा प्रशिक्षकलाई बिवरण दिइएको छ ।

८. प्रशिक्षक र सहभागीको लागि पूरक सामग्री :

यो खण्डमा उपर्युक्त सातओटै बूँदाको उद्देश्य परिपूर्तिका लागि आवश्यक हुने पूरक सामग्रीहरु राखिएका छन् । यस्ता पूरक सामग्रीहरुमा पठनीय उद्धरण, प्रयोग गर्न सकिने वैकल्पिक विधि या कार्यकलाप, प्रशिक्षक वा सहभागीहरुका लागि निर्देशन आदि विशेष थप सामग्रीहरु पर्दछन् ।

# THE TEN-MONTH IN-SERVICE PRIMARY TEACHER TRAINING COURSE

The 24 courses which form the ten-month programme are listed below. These courses are divided into four 2.5-month segments. The last two of these segments contain elective courses of which the trainees must choose one course from three options.

First 2.5-Month Segment

| | |
|---|---|
| Education Foundations I | 45 |
| Nepali | 90 |
| Mathematics | 90 |
| Social Studies | 60 |
| Practice Teaching | 35 |
| TOTAL | 320 |

Second 2.5-Month Segment

| | |
|---|---|
| Education Foundations II | 45 |
| English | 90 |
| Environmental Science | 90 |
| Physical Education | 30 |
| Arts and Crafts | 30 |
| Practice Teaching | 35 |
| TOTAL | 320 |

Third 2.5-Month Segment

| | |
|---|---|
| Primary Education and Community Development | 90 |
| Nepali | 35 |
| Mathematics | 35 |
| Social Studies | 35 |
| Practice Teaching | 35 |
| (ELECTIVES - CHOOSE ONE) | |
| * Classroom Organization | 90 |
| Non-Formal Education | 90 |
| Home Science | 90 |
| TOTAL | 320 |

Fourth 2.5-Month Segment

| | |
|---|---|
| Child Development, Curriculum, and Learning Theory | 90 |
| English | 35 |
| Environmental Science | 35 |
| Physical Education | 17.5 |
| Arts and Crafts | 17.5 |
| Practice Teaching | 35 |
| (ELECTIVES - CHOOSE ONE) | |
| Evaluation Techniques | 90 |
| Teaching/Learning Materials | 90 |
| Physical Education | 90 |
| TOTAL | 320 |

NOTE: **The course on this chart with the star beside it is the course which you are holding now.**

The total of 320 hours for each 2.5-month segment does not include the 10 hours at the end of the segment which are designated for course evaluation. Thus, the total number of hours in each segment is 330. This is divided into 285 hours of formal instruction, 10 hours of course evaluation, and 35 hours of practice teaching. The numbers in this table refer to hours (60 minutes), not to periods (45 minutes). The division of each 2.5-month segment into 45 minute periods is 380 periods of formal instruction, 13 periods of evaluation, and 47 periods of practice teaching.

The first and third 2.5-month segments cover subjects taught at all primary grades. The second and fourth segments cover subjects taught in grades four and five. The first and second segments are designed to give teachers the basic knowledge and skills needed to be effective teachers at the primary level. The third and fourth 2.5-month segments are designed to give these teachers advanced knowledge and skills and to enable them to relate their work to wider issues of educational history, philosophy, and psychology and to current educational problems and community development. The third and fourth 2.5-month segments include elective subjects to enable teachers to follow some of their personal interests.

All 24 courses were created by course developers who are senior professionals at Tribhuvan University or at the MOEC/SW. As they created the courses, these developers used materials from the Seti Project Teacher Training Component, the BPEP 150-hour Course, the RED/DEO 150-hour Course, the RETT Distance Teacher Training Course, the PEDP/FOE Four-Month Course, the PEDP 2.5-month Course, standard textbooks used in the primary schools, and the MOEC/SW Primary School Curriculum Design.

All courses are based on this new MOEC/SW curriculum design. All courses have been reviewed by panels of experts, trial tested, and revised in light of these reviews and trial tests. Further trial tests and revisions will be conducted by the NCED, as needed.

# कक्षा–संगठन तथा विद्यालय व्यवस्थापन

**जम्मा घण्टा : ९० घण्टा** **जम्मा घण्टी : १२० पिरियड** **पूर्णाङ्क : ७०**

## एकाइ १ : कक्षा–संगठनको परिचय

समय : ६ घण्टा

**एकाइ परिचय :**

यस एकाइको मूल लक्ष्य कक्षा–संगठन बारे संक्षिप्त रुपमा धारणात्मक ज्ञान दिनु रहेको छ । यस एकाइले कक्षा संगठनको अर्थ, यसको आवश्यकता, यसका विभिन्न ढाँचाहरु र सिकाइमा यसको भूमिका वारे प्रशिक्षार्थी–सहभागीहरुलाई जानकारी दिने प्रयास गरेको छ । कक्षा संगठनका विभिन्न ढाँचाको सविस्तार व्याख्या यस पछिका एकाइहरुमा गरिएकोले प्रस्तुत एकाइमा तिनको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

### १. उद्देश्यहरु :

यो एकाइ पूरा भएपछि सहभागीहरु निम्नकुरामा सक्षम हुनेछन् :

१. कक्षा–संगठनको परिभाषा बताउन,
२. विद्यालयमा कक्षा–संगठन गर्दा ध्यान दिनुपर्ने कुराहरुको सूची तयार पार्न,
३. सिकाइ र कक्षा–संगठन बीचको अन्तर्सम्वन्ध पहिचान गर्न,
४. सिकाइमा कक्षा–संगठनले खेल्ने भूमिका बताउन,
५. कक्षा–संगठनका विभिन्न ढाँचाहरुको परिभाषा दिन,
६. कक्षा–संगठनका विभिन्न ढाँचाहरुको प्रयोगबाट हुने फाइदाहरु वताउन,

### २. विषयवस्तु :

यस एकाइमा निम्नलिखित विषयवस्तुहरु समावेश गरिएका छन् :

१. कक्षा–संगठनको अर्थ,
२. सिकाइमा कक्षा–संगठनको भूमिका,
३. कक्षा–संगठनका विभिन्न प्रकारका ढाँचाहरु,
४. विभिन्न प्रकारका कक्षा–संगठनका ढाँचाको आवश्यकता,

३. **सामग्रीहरु** :

**यो एकाइ अध्यापन गर्न निम्नलिखित सामग्रीहरु उपलब्ध हुनुपर्दछ :**


१. **Wittrock, Merlin C. (Ed.), Handbook of Research on Teaching, को किताबबाट प्रशिक्षकले तयार पारेको "Classroom Organization and Management" (Walter Doyle) नामक पाठपत्र (handout).**

२. शिक्षा शास्त्र, शोभाकान्त झा, रत्न पुस्तक भण्डार, दोस्रो संस्करण (२०४८) ।

३. कक्षा–शिक्षण तालिम पुस्तिका, २०४८, (दोस्रो संस्करण), प्राथमिक शिक्षा परियोजना, सानोठिमी, भक्तपुर ।

४. वहु–कक्षा शिक्षण तालिम पुस्तिका, २०४८ (दोस्रो संस्करण), प्राथमिक शिक्षा परियोजना, सानोठिमी, भक्तपुर ।

५. Hillson, Maurie, Change and Innovation in Elementary School Organization, New York, Holt, Rinehart and Winston, 1975.

६. Multiple Class Teaching in Primary Schools: A Methodological Guide, UNESCO / PROAP, Bangkok, 1988.

७. Methodological Guides for Multiple Class Teaching, CERID / T.U., Kathmandu, 1986.

८. Multigrade Teaching in Primary Schools of Nepal: A Report, CERID / T.U., Kathmandu, 1988.

९. प्राथमिक पाठ्यक्रम दिग्दर्शन (२०५०), आ. तथा प्रा. शि. परियोजना, सानोठिमी, भक्तपुर ।

१०. प्राथमिक विद्यालयमा कक्षा–संगठन (प्रशिक्षक निर्देशिका) २०४९ प्राथमिक शिक्षा विकास परियोजना, शिक्षा मन्त्रालय, काठमाण्डौ ।

## ४. विधि / क्रियाकलाप :

यो एकाइको शिक्षणको लागि प्रयोग गर्न सकिने केही विधिहरु / तरीकाहरुको उल्लेख तल गरिएको छ :

### १. कक्षा–संगठनको अर्थ :

१.१ कक्षा–संगठनको अर्थ वारे सहभागी बीच सामान्य छलफल गराउने ।

१.२ प्रशिक्षकले कार्डवोर्डमा लेखिएको कक्षा–संगठनको परिभाषा सहभागीलाई देखाउने ।

१.३ सहभागीलाई समूहमा बाँडी उपरोक्त परिभाषा बारे छलफल गराई समूहबाट निक्लेको निचोड र प्रस्तुत परिभाषालाई एकीकृत गरी कक्षा–संगठनको समष्टिगत धारणा बताउने ।

१.४ कक्षा–संगठनको परिभाषा लेखिएको कार्डवोर्ड तयार पार्ने ।

**कक्षा–संगठनको परिभाषा :**

शिक्षणको प्रभावकारितामा वृध्दि गर्न विद्यार्थीको अभिरुचि र आवश्यकता, विषयगत माँग, कक्षागत भौतिक / शैक्षिक सुविधाको उपलव्धता, शिक्षकको पर्याप्तता, कक्षाको आकार र त्यसभित्र गर्न सकिने विभिन्न शैक्षिक क्रियाकलापको लागि उपलव्ध स्थान आदि कुराहरुलाई विचार गरी कक्षालाई विभिन्न ढाँचा / तरीकाअनुसार व्यवस्थित गर्ने शैक्षणिक प्रक्रियालाई कक्षा–संगठन भनिन्छ ।

### २. सिकाइमा कक्षा–संगठनको भूमिका :

२.१ विद्यार्थीको सिकाइ कार्यमा कक्षा–संगठनले कस्तो भूमिका खेल्छ भन्ने वारे सहभागीबीच छलफल गराई उनीहरुले प्रस्तुत गरेका बूँदालाई कार्डवोर्डमा लेख्ने ।

२.२ सिकाइमा कक्षा–संगठनको भूमिका के–के हुनसक्छ सोको बूँदाहरु लेखिएको चार्ट सहभागीलाई देखाउने ।

२.३ सहभागीद्वारा प्रस्तुत बूँदा र चार्टमा उल्लेखित वूँदाहरु बीच कति समानता छ छुट्याउन लगाउने ।

२.४ सिकाइमा कक्षा–संगठनको भूमिका बारे व्याख्या गर्दा तलका मूलभूत कुराहरु नछुटाउने :

२.४.१ सिकाइ कार्यलाई सघाउनु कक्षा–संगठनको मूल भूमिका हो,

२.४.२ कक्षा–संगठनले व्यवस्थित कक्षा बनाउने र व्यवस्थित कक्षा नै सिकाइको लागि उपयुक्त कक्षा हुने,

२.४.३ विद्यार्थीलाई विभिन्न आधारमा विभिन्न समूहमा बाँड्न कक्षा–संगठनको भूमिका महत्वपूर्ण हुने,

२.४.४ कक्षालाई उपलव्ध ठाउँ, सुबिधा र साधन अनुसार विभिन्न क्रियाकलाप सञ्चालन गर्न आवश्यक शीप कक्षा–संगठनबाटै प्राप्त हुने,

२.४.५ विभिन्न तरीकाहरुबाट शिक्षण गर्न र शिक्षण–सिकाइ कार्यकलाप प्रभावकारी रुपमा सञ्चालन गर्न कक्षा–संगठनको भूमिका महत्वपूर्ण हुने,

## ३. कक्षा–संगठनका विभिन्न प्रकारका ढाँचाहरु :

३.१ कक्षालाई विभिन्न ढाँचाको शिक्षण अनुरुप विभिन्न रुपमा संगठित गर्न सकिन्छ भन्ने कुराको पुनरावलोकन गरी कक्षा–संगठनको ढाँचा विभिन्न प्रकारका हुन सक्छन् भन्ने उदाहरण दिने, जस्तै :

३.१.१ विषय–शिक्षण, कक्षा–शिक्षण, वहु–कक्षा शिक्षण, वर्गरहित शिक्षण, मिश्रित शिक्षणको ढाँचा,

३.१.२ उपरोक्त ढाँचाहरु वारे सामान्य छलफल गरी तिनको अर्थ वारे स्पष्ट धारणा वनाउने, जस्तै :

**विषय–शिक्षण** : एउटै शिक्षकले एउटै विषय विभिन्न कक्षामा निर्दिष्ट समय तालीका अनुसार अध्यापन गर्ने शिक्षण व्यवस्था नै विषय–शिक्षण हो ।

**कक्षा–शिक्षण** : एउटै कक्षामा एउटै शिक्षकले सवै विषयहरु विद्यार्थीको चाहना र आवश्यकताद्वारा निर्देशित लचिलो समय तालीकानुसार अध्यापन गर्ने शिक्षण व्यवस्था नै कक्षा–शिक्षण हो ।

**वहु–कक्षा शिक्षण** : दुई वा दुई भन्दा वढी कक्षाहरुमा एउटै समयमा एउटै शिक्षकले खास–खास विषय वा सवै विषयहरुको अध्यापन गर्ने शिक्षण व्यवस्था वहु–कक्षा शिक्षण हो जसमा विषयगत रुपमा या कक्षागत रुपमा वहु–कक्षा शिक्षण गरिन्छ ।

**वर्ग–रहित शिक्षण** : परम्परागत रुपमा कक्षाको सीमा निर्धारण नगरिएको, विद्यार्थीको वैयक्तिक भिन्नताको पुरा ख्याल राखिने, विद्यार्थीको आवश्यकतामा आधारित पाठ्यक्रम मार्फत अन्तर्निहित प्रतिभाको उच्चतम विकास गर्न आफ्नै गतिमा सिक्न दिने शिक्षण–व्यवस्थालाई वर्ग–रहित शिक्षण भनिन्छ ।

**मिश्रित–शिक्षण** : विद्यालयको भौतिक अवस्था, उपलव्ध शिक्षक संख्या तथा लचिलो समयतालीकालाई आधार बनाई एउटै विद्यालयमा एक भन्दा बढी शिक्षण व्यवस्थाद्वारा अध्यापन गरिन्छ भने त्यसलाई मिश्रित–शिक्षण भनिन्छ ।

३.१.३ कक्षा–संगठनका उपरोक्त ढाँचाहरु देखाउने चार्ट प्रयोग गर्ने ।

## ४. विभिन्न प्रकारका कक्षा–संगठनको आवश्यकता :

४.१ उपरोक्त विभिन्न प्रकारका कक्षा–संगठनका ढाँचाहरुको वारेमा संक्षिप्त जानकारी दिएपछि यिनको आवश्यकता वारे समूहगत छलफल गर्न लगाउने । छलफलबाट प्राप्त मुख्य–मुख्य वूँदाहरुलाई चार्टमा वा कालोपाटीमा उतार्ने ।

४.२ विभिन्न प्रकारका कक्षा–संगठनको आवश्यकता औंल्याउने समर्थन वूँदाहरु भएको चार्ट सहभागीलाई देखाई छलफलबाट निस्केका वूँदाहरु र चार्टमा उल्लेखित वूँदाहरु बीच कति समानता छ छुट्याउन लगाउने ।

४.३ यस सम्बन्धमा तलका बूँदाहरुलाई व्याख्यानको आधार बनाउने, जस्तै :

४.३.१ देशको भौगोलिक स्थिति विविध हुनु,
४.३.२ विद्यार्थी तथा शिक्षकको संख्या समानुपातिक रुपमा सबै विद्यालयमा बाँड्न कठिन हुनु,
४.३.३ सिकाउनु पर्ने विषयवस्तुको प्रकृति,
४.३.४ शैक्षिक सामग्रीको उपलब्धता / अनुपलब्धता,
४.३.५ भौतिक स्रोत साधनमा पाइने विविधता तथा विभिन्नता,

४.४ उपरोक्त कारणले गर्दा र विभिन्न प्रकारका कक्षा–संगठनका ढाँचा अनुरुप शिक्षण गर्दा प्राप्त हुने फायदाको फलस्वरुप तिनको प्रयोगको आवश्यकता छ भन्ने निचोडमा आउन मद्दत गर्ने ।

५. **मूल्यांकन** :

यस एकाइका विषयवस्तु सहभागीहरुले सिकेको कुरा निश्चित गर्न निम्नप्रकारका प्रश्नहरु वा क्रियाकलापहरु गर्न सकिन्छ :

१. **कक्षामा मूल्यांकन** :

१.१ कक्षा कार्यकलाप जस्तै : छलफल, प्रश्नोत्तर, समूह–कार्यकलाप आदिमा सहभागीको सक्रिय संलग्नता व्यक्तिगत वा समूहगत रुपमा भए नभएको मूल्यांकन गर्ने ।

१.२ शिक्षण अवधिको विभिन्न चरण, जस्तै : प्रारम्भिक, मध्य र अन्तिम चरणमा सहभागीलाई व्यक्तिगत रुपमा विषयवस्तु–केन्द्रित प्रश्नहरु गरी उनीहरुबाट प्राप्त उत्तरको आधारमा समीक्षात्मक मूल्यांकन गर्ने ।

१.३ सहभागीको व्यक्तिगत सिकाइ गतिको प्रगति मूल्यांकन गर्न विषयवस्तु सम्बन्धित गृहकार्य दिने र सोको परीक्षण गरी यथाशीघ्र पृष्ठपोषण दिने ।

२. **एकाइ पूरा भएपछि गर्ने मूल्यांकन** :

२.१ यस एकाइको अध्यापन पूरा भएपछि एउटा एकाइ परीक्षा लिई सो नतीजाबारे यथाशीघ्र सहभागीलाई पृष्ठपोषण दिने ।

२.२ एकाइ परीक्षा छोटो उत्तरको प्रश्न भएको वा वस्तुगत प्रश्न भएको हुनु पर्दछ, जस्तै :

२.२.१ कक्षा–संगठनको अर्थ संक्षेपमा दिनुहोस् :

वा

(वहुवैकल्पिक प्रश्न) :

जस्तै : कक्षा शिक्षणमा :

१. दुईवटा शिक्षकले एउटै विषय एउटै कक्षामा पढाउँछन्
२. दुईवटा शिक्षकले दुई विषय भिन्दा भिन्दै कक्षामा पढाउँछन्
३. एउटा शिक्षकले एउटै कक्षामा सबै विषय पढाउँछन्
४. एउटै कक्षामा दुईवटा शिक्षकले आलोपालो गरी पढाउँछन्, इत्यादि ।

२.३ वस्तुगत प्रश्नमा वहुवैकल्पिक प्रश्नको अलावा , जोडा मिलाउने, ठीक वेठीक छुट्याउने, खाली ठाउँ भर्ने आदि प्रश्नहरु सोध्न सकिन्छ ।

**एकाइ २ : विषय–शिक्षण** समय : १० घण्टा

**एकाइ परिचय :**

कक्षा–संगठनका विभिन्न ढाँचा मध्ये विषय–शिक्षणको ढाँचा पनि एक भएकोले यस एकाइमा विषय–शिक्षणको अर्थ तथा उद्देश्य, प्रचलित शिक्षण व्यवस्थामा यसका सवल तथा दुर्वल पक्षहरुको साथै प्राथमिक विद्यालयमा यस प्रकारको शिक्षणको सान्दर्भिकताको वारेमा सहभागीलाई जानकारी दिइएको छ । परम्परागत रुपमा चल्दै आएको यस शिक्षण पद्धतिको प्रायोगिक प्रासंगिकतालाई पनि यस एकाइमा छलफल गरिनेछ ।

१. **उद्देश्यहरु :**

यो एकाइ पूरा भएपछि सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. विषय–शिक्षणको परिभाषा बताउन ।
२. विषय–शिक्षण गर्नाका उद्देश्यहरु के के हुन् भन्न ।
३. विषय–शिक्षणका सवल तथा दुर्वल पक्षहरुको विश्लेषण गर्न ।
४. प्राथमिक विद्यालयमा विषय–शिक्षकको आवश्यकता वा विषय–शिक्षणको औचित्य जाँच्न ।

२. **विषयवस्तु :**

प्रस्तुत एकाइमा निम्नलिखित विषयवस्तु समावेश गरिएकोछ :

१. विषय–शिक्षणको अर्थ,
२. विषय–शिक्षणको उद्देश्य,
३. विषय–शिक्षणका सवल र दुर्वल पक्षहरु,
४. प्राथमिक कक्षामा विषय–शिक्षण / विषय–शिक्षकको आवश्यकता,

३. **सामग्रीहरु :**

यो एकाइ शिक्षण गर्न निम्नलिखित सामग्रीहरु उपलब्ध हुनुपर्दछ :

१. शोभाकान्त झा, शिक्षाशास्त्र, दोश्रो संस्करण, रत्न पुस्तक भण्डार, २०४८ ।
२. प्रा. शि. वि. परियोजना, प्राथमिक विद्यालयमा कक्षा–संगठन, प्रशिक्षक निर्देशिका, शिक्षा मन्त्रालय, २०४९ ।

३. आ. तथा प्रा. शि. परियोजना, प्राथमिक पाठ्यक्रम दिग्दर्शन, सानोठिमी, भक्तपुर, २०५० ।

४. Hillson, Maurie, Change and Innovation in Elementary School Organization, New York, Holt, Rinehart and Winston, 1975.

## ४. विधि / क्रियाकलाप :

यो एकाइ शिक्षण गर्न प्रयोगमा ल्याउन सकिने केही विधि / तरीकाहरु तल उल्लेख गरिएको छ :

### १. विषय शिक्षणको अर्थ :

१.१ सहभागी बीच विषय शिक्षणको सामान्य प्रचलित धारणा बारे छलफल गराउने ।

१.२ विषय शिक्षणको परिभाषा लेखिएको कार्डवोर्ड तयार पार्ने ।

१.३ छलफलबाट निक्लेका बूँदाहरुलाई समायोजन गर्दै विषय शिक्षणको समष्टिगत धारणा स्पष्ट गर्ने ।

१.४ प्रशिक्षकले कार्डवोर्डमा लेखिएको विषय शिक्षणको परिभाषा सहभागीलाई देखाउने ।

**विषय शिक्षणलाई यसरी परिभाषित गर्ने :**

" विषय शिक्षण भन्नाले कक्षामा पढाइने विभिन्न विषयलाई दिनभरिको कक्षामा विभिन्न पिरियडमा बाँडी प्रत्येक कक्षाका लागि तोकिएका अलग अलग कोठामा एउटा शिक्षकले विभिन्न समयमा एउटै विषयको शिक्षण गर्ने व्यवस्था भन्ने बुझिन्छ" ।

### २. विषय शिक्षणको उद्देश्य :

२.१ शिक्षण गर्नुको समष्टिगत उद्देश्य के हो सो बारे सहभागी बीच समूहगत छलफल गर्न लगाई मूल बूँदालाई चार्ट वा कालोपाटीमा लेख्ने । यसको निचोड स्वरुप तलको बूँदालाई ध्यान दिने :

*सबै प्रकारका शिक्षणको मूल उद्देश्य नै प्रभावकारी सिकाइ सम्भव गराउनु हो ।*

२.२ उपरोक्त बूँदाको सन्दर्भमा विषय शिक्षणको उद्देश्य के हुन सक्छ भन्ने बारे सहभागीबीच समूह समूहमा छलफल गराउने र त्यसको सारसंक्षेप कालोपाटी वा चार्ट पेपरमा लेख्ने ।

२.३ विषय शिक्षण गर्नुको मूख्य उद्देश्य निम्नलिखित हुन सक्छ भनी व्याख्या गर्ने :

परम्परागत रुपमा प्रचलित, एउटा वा खास खास विषयमा विषयगत दक्षता बढाउनु पर्ने आवश्यकता अनुरुप पूर्व निर्धारित एवं निश्चित दैनिक कार्यतालीका तथा विषय–केन्द्रित पाठ्यक्रम अनुसार विद्यार्थीलाई विषयवस्तुको ज्ञान दिनु नै विषय शिक्षणको मूल उद्देश्य हो ।

३ **विषय शिक्षणका सवल र दुर्वल पक्षहरु** :

३.१ कुनैपनि प्रकारको कक्षा संगठन स्वयंमा पूर्ण नहुने कुराको स्मरण गराउँदै यस शिक्षणमा पनि कमजोरीहरु हुने कुरा उल्लेख गर्ने ।

३.२ सहभागीलाई दुई समूहमा बाँडी एक समूहलाई विषय शिक्षणका सवल पक्षमा र अर्को समूहलाई दुर्वल पक्षमा छलफल गर्न लगाउने ।

३.३ छलफलबाट निस्केका मूख्य मूख्य बूँदाहरुलाई चार्टमा उल्लेख गर्ने ।

३.४ विषय शिक्षणका फाइदा र वेफाइदा उल्लेखित चार्ट तयार पारी सहभागी समक्ष प्रस्तुत गर्ने ।

३.५ सहभागीलाई छलफलबाट निस्केका बूँदा र चार्टमा उल्लेखित बूँदा बीच समानता बताउन लगाउने ।

३.६ सार संक्षेपमा विषय शिक्षणका निम्नलिखित सवल पक्ष र दुर्वल पक्षको व्याख्या गर्ने :

**सवलपक्ष** :

३.६.१ एक वा दुई विषय भन्दा बढी विषयका ज्ञाता शिक्षकहरु पाउन कठिन हुनु,

३.६.२ विषयतगत दक्षताको विकास हुनु र यसको कारण सिकाइ सुनिश्चित हुनु,

३.६.३ विषय शिक्षणमा दक्षताकै कारण उपयुक्त शिक्षण विधिको प्रभावकारी प्रयोग हुनु,

३.६.४ शिक्षकलाई आफ्नो विषयमा तयारीको लागि प्रशस्त समय प्राप्त हुनु,

३.६.५ विद्यार्थीका क्रियाकलापलाई नजिकैबाट नियाल्न पाइने हुनाले सो को लागि उपयुक्त विधि छनौट गर्न सकिनु,

३.६.६ आफ्नो विषयमा विकसित भएका नयाँ तरीका, सामग्री र सूचनासँग परिचित हुने मौका प्राप्त हुनु ।

३.६.७ शिक्षण योजनाको लागि प्रशस्त समय उपलब्ध हुनु ।

**दुर्वलपक्ष** :

३.६.१ वाल–केन्द्रित पाठ्यक्रम हुनुको सट्टा विषय केन्द्रित पाठ्यक्रम हुनु,

३.६.२ अरु शिक्षकहरुको शिक्षणसँग कम समन्वय हुनु,

३.६.३ विद्यार्थीको वैयक्तिक भिन्नताबारे शिक्षकलाई कम जानकारी हुनु,

३.६.४ सामूहिक शिक्षणमा बढी जोड दिनु,

३.६.५ विषयवस्तुलाई एकीकृत रुपमा प्रस्तुत गर्न कठिनाइ हुनु,

३.६.६ समन्वयात्मक सुपरीवेक्षणबाट विषयगत सामञ्जस्यता ल्याउन कठिन हुनु, आदि ।

## ४. प्राथमिक कक्षामा विषय शिक्षकको आवश्यकता :

४.१ सहभागीलाई आफूले पढाँउदै आएका विषयहरु र तिनलाई एकीकृत या पृथक गरी कसरी पढाउँदै आएका छन् सो सम्बन्धमा आ–आफ्नो अनुभव व्यक्त गर्न लगाउने ।

४.२ अंग्रेजी, गणित तथा विज्ञान जस्ता विषयलाई खासगरी प्राथमिक विद्यालयका उपल्ला कक्षाहरुमा विषय शिक्षणका रुपमा समावेश गर्नुपर्ने आवश्यकताका बारेमा समूह छलफल गर्न लगाउने ।

४.३ नेपालमा विषय शिक्षणको शुरुवात दक्ष विषय शिक्षकको माग भए अनुसार खासगरी अंग्रेजी शिक्षा पद्दती भित्रिए देखिनै भएको हो भन्ने सन्दर्भ उल्लेख गर्दै विषय शिक्षणको आवश्यकता औंल्याउने निम्नलिखित बूँदाहरुलाई व्याख्या गरिदिने :

४.३.१ प्राविधिक रुपमा अरु विषयसँग समन्वय गरी एकीकृत रुपमा पढाउन केही विषय जटिल हुनेहुँदा विज्ञान, अंग्रेजी र गणित जस्ता विषयले विषय शिक्षणको रुप लिएका,

४.३.२ उपरोक्त विषयमा शिक्षकमा खासगरी बढी पेशागत दक्षताको अपेक्षा गरिने कारणबाट पनि सामाजिक शिक्षाजस्तै गरी एकीकृत विषयको रुपमा पढाउन कठिनाइ,

४.३.३ २०४९ को नयाँ पाठ्यक्रम आउनु भन्दा अगावै नेपालको प्राथमिक तहको पाठ्यक्रमको ढाँचा मिश्रित प्रकारको भएको र परम्परागत विषयको रुपमा नेपाली, संस्कृत, अंग्रेजी विषयलाई राखिएको, एकीकृत विषयको रुपमा सामाजिक शिक्षा, स्वास्थ्य तथा विज्ञान शिक्षा राखिएको कारणले गर्दा पनि उपरोक्त विषयलाई विषय शिक्षणको रुपमा अपनाइएको ।

४.३.४ सिकाइ कार्य एकीकृत रुपमा नहुने र ससाना वालवालिकाको सिकाइ अवधारणा समग्र रुपमा मात्र लिन सकिने हुँदा प्राथमिक तहमा समग्रमा विषय शिक्षण त्यति प्रभावकारी र व्यवहारिक नहुने सारलाई सहभागी समक्ष प्रस्तुत गर्ने ।

## ५. मूल्यांकन :

यस एकाइका विषयवस्तु सहभागीले सिकेको निश्चित गर्न निम्नप्रकारका प्रश्न वा क्रियाकलापहरु गर्न सकिन्छ :

१. एकाइ परीक्षा लिखित रुपमा लिने जसमा छोटो उत्तरका प्रश्नहरु र वस्तुगत प्रश्नहरु सोध्नु पर्दछ ।

२. प्रयोगात्मक कार्यको लागि निम्नकार्य गर्न लगाउने : एउटा शिक्षकले कक्षा ४ र ५ मा अंग्रेजी विषय पढाउँछ, अर्को शिक्षकले सोही कक्षामा नै गणित मात्र पढाउँछ भने सो कक्षामा विषयगत रुपमा पढाइने विषयहरुको समय तालीका निर्माण गर्नुहोस् ।

नोट : यसको लागि नयाँ र पुरानो दुवै पाठ्यक्रमको प्रयोग गर्नु पर्ने हुन्छ ।

**एकाइ ३ : कक्षा–शिक्षण** समय : १२ घण्टा

**एकाइ परिचय** :

यस एकाइको मूल उद्देश्य कक्षा शिक्षण बारे विस्तृत जानकारी प्रदान गर्नु हो । यसमा कक्षा शिक्षणको अर्थ तथा यस्तो शिक्षण गर्नाका उद्देश्य, यसबाट हुने फाइदा तथा वेफाइदाहरु, कक्षाशिक्षण गर्दा देखिने समस्याहरु तथा तिनका संभाव्य समाधानका उपायहरु, कक्षाशिक्षणको लागि गरिने कक्षा व्यवस्थापन जस्ता पक्षमा आवश्यक जानकारी दिनुको साथै कक्षा कार्यतालीका निर्माण गर्न आवश्यक व्यवहारिक सीप दिने प्रयास गरिएको छ ।

१. **उद्देश्यहरु** :

यो एकाइको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. कक्षा शिक्षणको अर्थ तथा उद्देश्य वताउन ।
२. कक्षा शिक्षणबाट हुने फाइदा तथा वेफाइदाको सूची तयार पार्न ।
३. कक्षा शिक्षणगर्दा आइपर्ने कठिनाइ पहिल्याउन ।
४. कक्षा शिक्षण प्रयोग गर्दा कक्षा कोठाको व्यवस्था कसरी गर्नुपर्दछ सो वताउन ।
५. कक्षा शिक्षणको लागि उपयुक्त कक्षा तालीकाको निर्माण गर्न ।
६. कक्षा शिक्षण प्रभावकारी वनाउने उपायहरु पत्ता लगाउन ।

२. **विषयवस्तु** :

यस एकाइमा निम्नलिखित विषयवस्तु समावेश गरिएको छ :

१. कक्षा शिक्षणको अर्थ र उद्देश्य
२. कक्षा शिक्षणका फाइदा र वेफाइदा
३. कक्षा शिक्षणको लागि कक्षा कोठाको व्यवस्थापन
४. कक्षा शिक्षणको लागि कक्षा तालीकाको निर्माण
५. कक्षा शिक्षण प्रभावकारी वनाउने उपायहरु

३. **सामग्रीहरु** :

यो एकाइको लागि निम्नलिखित सामग्रीहरु उपलब्ध हुनुपर्दछ :

१. शोभाकान्त झा, शिक्षाशास्त्र–सहायक पुस्तिका, रत्न पुस्तक भण्डार, काठमाण्डौं नेपाल, २०४६ ।

२. प्रा. शि. प., कक्षाशिक्षण तालीम पुस्तिका, सानोठिमी, भक्तपुर, दोस्रो संस्करण, २०४८ ।

३. आ. तथा प्रा. शि. प., प्राथमिक पाठ्यक्रम दिग्दर्शन, सानोठिमी, भक्तपुर, २०५० ।

४. Multigrade Teaching in Primary Schools of Nepal (Part 1-3), CERID / T.U, Kathmandu, 1988.

५ Multiple Class Teaching: Methodological Guides, CERID/T.U., Kathmandu, 1986.

६. Hillson, Maurie, Change and Innovation in Elementary School Organization, New York, Holt, Rinehart and Winston, 1975.

७. प्रा. शि. विकास परियोजना, प्राथमिक विद्यालयमा कक्षा संगठन, प्रशिक्षक निर्देशिका, शिक्षा मन्त्रालय, २०४९ ।

४. विधि / क्रियाकलाप :

यो एकाइ शिक्षणका लागि प्रयोग गर्न सकिने केही विधि / तरीकाहरु तल दिइएका छन्

१. **कक्षा शिक्षणको अर्थ र उद्देश्य :**

१.१ कक्षा शिक्षणको धारणा स्पष्ट गर्न सहभागीबीच छलफल गराई एउटा कार्डबोर्डमा आफ्नो छलफलबाट आएको परिभाषा लेख्न लगाउने ।

१.२ त्यसपछि प्रशिक्षकले कार्डवोर्डमा लेखी तयार पारेको कक्षा शिक्षणको तलको परिभाषा सहभागीलाई देखाई दुबै बीचको समानता बारे निचोड निकाल्ने :

"कक्षा शिक्षण भन्नाले एउटा कक्षामा एउटै शिक्षकले सम्पूर्ण कक्षालाई आधार मानी सबै विषयहरु दिनभरी पढाउने सम्पूर्ण जिम्मा लिएको शिक्षण व्यवस्था भन्ने बुझिन्छ" ।

१.३ यसैगरी सहभागीलाई यस्तो प्रकारको शिक्षणका उद्देश्यहरु के हुन सक्छन् सो थाहा पाउन छलफल गर्न लगाउने, छलफलबाट निकालिएका बूँदाहरुलाई चार्ट वा कालोपाटीमा टिप्ने ।

१.४ प्रशिक्षकले कक्षा शिक्षणका उद्देश्यहरु लेखिएको चार्ट सहभागी समक्ष प्रस्तुत गर्ने, सहभागीलाई आफूले तयार पारेका उद्देश्य र यसमा लेखिएका उद्देश्य बीच के के समानता छन् टिप्न लगाउने ।

१.५ कक्षा शिक्षणका उद्देश्यहरु निम्नप्रकारका हुन सक्दछन् :

१.५.१ प्रत्येक विद्यार्थीको क्षमता बुझी तदनुसार कुन विद्यार्थीलाई कुन विषयमा कति जोड दिनुपर्छ सो थाहा पाउने,

१.५.२ शिक्षक र विद्यार्थी बीच निकटतम आत्मीय सम्बन्ध कायम गरी कक्षागत दायित्व वोध गराउने,

१.५.३ विद्यार्थीलाई गृहकार्य दिने जस्तै अन्य कार्यहरु दिने काममा समन्वय ल्याउने,

१.५.४ विभिन्न विषय अन्तर्गतका ज्ञान तथा सीपलाई एकीकृत रुपमा अध्यापन गर्ने,

## २. कक्षा शिक्षणका फाइदा र वेफाइदा :

२.१ कुनैपनि शिक्षण व्यवस्था सबै परिस्थिति र सबै प्रकारका कक्षामा पूर्ण रुपमा उपयुक्त हुदैन भन्ने सन्दर्भ उल्लेख गरी आफ्नो अनुभवको आधारमा कक्षा शिक्षणका फाइदा र वेफाइदालाई समूहमा छलफल गरी चार्टमा टिप्न लगाउने ।

२.२ प्रशिक्षकले तयार पारेका निम्नलिखित फाइदा र वेफाइदा भएको चार्ट सहभागीलाई देखाई सहभागीबाट तयार पारिएको चार्टका बूँदा र प्रशिक्षकबाट तयार पारिएको चार्टका बूँदा बीच तुलनात्मक अध्ययन गर्न लगाउने ।

**कक्षा शिक्षणबाट हुने फाइदा :**

२.२.१ विद्यार्थीको सामाजिक तथा संवेगात्मक अवस्था तथा मानसिक क्षमता पत्ता लगाउन सजिलो हुने हुनाले वालविकासको गति अनुसार सिकाउन सकिने,

२.२.२ वैयक्तिक भिन्नता तथा अभिरुचि अनुसार पढाउने कारणले गर्दा वाल–केन्द्रित शिक्षण / पाठ्यक्रम हुने,

२.२.३ विद्यार्थीको सम्पूर्ण पक्षबारे कक्षा शिक्षकलाई थाहा हुने हुँदा उनीहरुको मूल्यांकन गर्न सजिलो हुने,

२.२.४ शिक्षक विद्यार्थी बीच निकटतम आत्मीय सम्बन्ध कायम गर्न सकिने,

२.२.५ विद्यार्थीको आवश्यकता अनुरुप दैनिक कार्यतालीका लचिलो बनाउन सकिने,

२.२.६ विद्यालयप्रति विद्यार्थीलाईआकर्षित गर्न सकिने,

२.२.७ विद्यार्थीमा अनुशासनको भावनामा वृद्धि गर्न सकिने,

२.२.८ शिक्षकमा कक्षागत जिम्मेवारी वोध हुने,

**कक्षा शिक्षणबाट हुने वेफाइदा :**

२.२.१ अरु शिक्षकको तुलनामा कक्षा शिक्षकको जिम्मेवारी बढी वोझिलो हुने,

२.२.२ सबै विषयमा निपूण भएको शिक्षक उपलव्ध हुन गाह्रो पर्ने,

२.२.३ दैनिक पाठयोजना, शैक्षिक सामग्रीहरु तयार गर्न गाह्रो हुनु,

२.२.४ शिक्षक अनुपस्थित हुँदा पुरा कक्षा खाली हुनु,

२.२.५ धेरै समय एउटै कक्षामा वस्नुपर्दा शिक्षकलाई निरसता लाग्नु र मनोवैज्ञानिक दृष्टिबाट विद्यार्थीलाई पनि एउटै शिक्षकसँग लामोसमय वस्नु पर्दा झर्को लाग्नु,

२.२.६ तुलनात्मक रुपमा कक्षा शिक्षण बढी खर्चिलो हुनु,

## ३. कक्षा शिक्षणको लागि कक्षा कोठा व्यवस्थापन :

३.१ प्रभावकारी शिक्षणको निर्धारक कारक तत्वमध्ये सुव्यवस्थित कक्षा कोठा पनि एक हो भन्ने कुरा स्मरण गराउँदै प्रशिक्षकले सहभागीलाई उनीहरुको कक्षा व्यवस्थापन सम्बन्धी अनुभव समूहमा छलफलको लागि राख्न लगाउने ।

३.२ शिक्षणमा कक्षा व्यवस्थापन किन महत्वपूर्ण छ सो वारे सहभागीलाई समूहगत रुपमा छलफल गर्न लगाई त्यसबाट आएका वूँदालाई चार्टवद्ध गर्ने ।

३.३ कक्षा कोठा व्यवस्थापनमा कक्षा कोठाभित्र उपलब्ध भौतिक सुविधा तथा सामग्रीको व्यवस्था, समूह विभाजन, विद्यार्थीको वसाइ व्यवस्थाको साथै शैक्षिक सामग्रीको प्रभावकारी प्रयोग जस्ता कुराहरु पर्दछन् भन्ने कुराको व्याख्या गर्दै कक्षा शिक्षण गर्न कक्षा व्यवस्थापन निम्न तरीकाले गर्न सकिन्छ भनी यी वूँदाहरु उल्लेख गरिएको चार्ट सहभागीलाई देखाउने :

३.३.१ कक्षा कोठा न्यूनतम सुविधायुक्त हुनुपर्ने र यसै भित्र आवश्यक क्रियाकलाप गर्न सक्ने गरी यसको व्यवस्था गर्नुपर्ने,

३.३.२ कक्षाकोठाको सवैले देख्ने ठाउँमा कालोपाटी राख्ने र स्थानीय सामग्रीबाट वनाइएको वुलेटिनबोर्ड कक्षाको उपयुक्त स्थानमा राखी त्यस्मा विद्यार्थी र शिक्षकले वनाएका विभिन्न सामग्रीहरु टाँस्ने,

३.३.३ कक्षा कोठाको उपयुक्त भित्ता छानी नक्सा, चार्ट, पोष्टर तथा विद्यार्थी निर्मित आकर्षक सामग्री त्यसमा टाँस्ने,

३.३.४ विभिन्न प्रकारका स्वाध्यायन सामग्रीहरु किताव राख्ने तख्तामा राख्ने,

३.३.५ शैक्षिक सामग्रीको लागि कच्चा सामान संकलन गरी राख्न कक्षाको एक कुनामा एउटा वाकस राख्ने र कागज आदिका काम नलाग्ने टुक्राहरु फ्याँक्ने वाकस र कुचो अर्को कुनामा राख्ने,

३.३.६ एउटा समूहले काम गर्दा अर्को समूहलाई वाधा नपुग्ने गरी वस्ने ठाउँ मिलाउने र कक्षामा शिक्षक ओहोर–दोहोर गर्न सक्ने गरी वसाइको व्यवस्था मिलाउने,

३.३.७ कक्षाकोठा आनन्ददायी हुनुपर्ने, कार्यमूलक हुनुपर्ने र एक प्रस्तुतीकरण योग्य कार्यकलाप जस्तो हुनुपर्ने,

३.३.८ कक्षाकोठाको आकार र कक्षाशिक्षणको प्रकृति हेरी विद्यार्थीको वसाई पंक्तिवद्ध रुपमा, अंग्रेजी यू तथा भि आकारको रुपमा, समूह वसाइको रुपमा, गोलाकार वसाइको रुपमा वा अर्ध– गोलाकार वसाइको रुपमा व्यवस्था गर्न सकिन्छ ।

३.४ कक्षा शिक्षणमा पनि सिकाउने तरीका सम्पूर्ण कक्षा शिक्षण, समूह कक्षा शिक्षण वा व्यक्तिगत कक्षा शिक्षण गरी तीन तरीकाबाट गर्न सकिने हुनाले कुन तरीका अपनाउने हो पहिले नै निर्णय गर्नुपर्दछ । जस्तो :

४.४.१ व्यक्तिगत कक्षा शिक्षण र सम्पूर्ण कक्षा शिक्षणमा वसाइको तरीका यू., भि. तथा पंक्तिवद्ध रुपमा गर्न सकिन्छ भने,

४.४.२ यसैमा पनि कक्षाको आकार अनुसार कक्षा ठूलो भए यू. र भि. आकारको वसाइ व्यवस्था, सानो भए पंक्तिवद्ध वसाइको तरीका अपनाउनु पर्दछ ।

४.४.३ समूह शिक्षणको तरीका अपनाउने हो भने समूह वसाइ व्यवस्था नै उपयुक्त हुन्छ जुन प्राय : कक्षा शिक्षण गर्दा गर्ने गरिन्छ ।

४.४.४ समूह शिक्षण गर्दा सबै समूहलाई एकैपटक शिक्षण गर्न नसकिने हुँदा समूह नेताको छनौट गरी सबैलाई समूह नेता वन्ने पालो दिनु पर्दछ ।

३.५ कक्षा कोठामा विद्यार्थीको लागि समुचित वसाइको व्यवस्था गर्दा झ्याल तर्फ उनीहरुलाई फर्काएर राख्न नहुने र एउटा पंक्तिमा ३ जना भन्दा बढी राख्न नहुने कुरा बुझ्नु पर्दछ ।

३.६ कक्षा शिक्षण गर्दा आइपर्ने संभाव्य समस्याहरु के के हुन सक्छन् ? सहभागी बीच छलफल गराई समस्या टिप्न लगाउने, तत्पश्चात् तलका बूँदाहरु भएको चार्ट सहभागी समक्ष प्रस्तुत गर्ने :

५६.१ कक्षा संख्याको तुलनामा शिक्षक संख्या न्यून हुनु,

५६.२ शिक्षक विदामा वस्नु, विरामी पर्नु वा लामो समयको लागि तालीममा जांनु,

५६.३ अधिकांश शिक्षकहरु तालीम अप्राप्त हुनु,

५६.४ एउटा कक्षाको सम्पूर्ण विषयहरु पढाउन सक्ने दक्षताका शिक्षकको अभाव हुनु,

५६.५ कक्षामा उपयुक्त न्यूनतम भौतिक सुविधाहरु नपाइनु,

५६.६ एउटै कक्षामा विद्यार्थी संख्या बढी हुनु, आदि ।

## ४. कक्षा शिक्षणको लागि कक्षा तालीकाको निर्माण :

४.१ प्रभावकारी शिक्षणको लागि व्यवहारिक कार्यमूलक कार्यतालीकाको जरुरत पर्ने कुरा सहभागीको अनुभवद्वारा समेट्दै उपयुक्त कक्षा तालीकाको अभावमा कक्षा शिक्षणको प्रभावकारिता घट्ने कुरा सहभागीलाई वताउने,

४.२ कक्षा कार्यतालीका के हो भन्ने कुरा समूहमा छलफल गराई छलफलबाट तलको निचोडमा आउन सहभागीलाई मद्दत गर्ने :

प्रत्येक दिनमा शिक्षण सिकाई कार्य संभव गराउन तोकिएको निर्दिष्ट समय भित्र शुरुदेखि अन्तसम्म कति समयसम्म कुन विषय अध्यापन गर्ने भनेर योजनावद्ध रुपमा तयार पारिएको समय कार्य खाकालाई नै समय तालीका वा कार्यतालीका भनिन्छ ।

४.३ सहभागीलाई आफूले प्रयोगमा ल्याएको कक्षा तालीकाको नमूना दिनको लागि समूहमा बसेर काम गराउने, त्यसपछि उनीहरुको अध्ययनको लागि तलको तालीका दिने :

| समय : | १०-१०:१५ | ११:१५ | ११:३५-११:५० | १२:३० | १:१०-१:५० | २:३०-३:१० |
|---|---|---|---|---|---|---|
| आइतवार | नेपाली (सुनाइ) | नेपाली (पढाइ) | सामाजिक | गणित (मौखिक) | गणित (मौखिक) | स्वास्थ्य |
| सोमवार | गणित (मौखिक) | गणित (लिखित) | नेपाली (वोलाइ) | नेपाली (लेखाइ) | सामाजिक | |
| मंगलवार | सामाजिक | नेपाली (वोलाइ) | गणित (लेखाइ) | गणित (मौखिक) | नेपाली (पढाइ) | |
| वुधवार | नेपाली (सुनाइ) | नेपाली (लेखाइ) | सामाजिक | गणित (मौखिक) | चित्रकला हस्तकला | |
| विहीवार | गणित (लिखित) | गणित (मौखिक) | नेपाली (सुनाइ) | नेपाली (वोलाइ) | सामाजिक | |
| शुक्रवार | नेपाली (सुनाइ) | नेपाली (वोलाइ) | सामाजिक | शारीरिक शिक्षा | | |

४.४ सहभागीले वनाएको तालीका र यस तालीकामा तुलना गरी भिन्नता वताउन सहभागीलाई अह्राउने, त्यसपछि तलका कुराहरु स्पष्ट पार्ने :

४.४.१ विद्यार्थीको लागि केही घण्टीपछि छोटो विश्राम दिने जस्तोकी माथिको तालीकामा हरेक २ घण्टीपछि विश्राम दिइएको छ,

४.४.२ विभिन्न विषयका विभिन्न सीपलाई समन्वय गर्ने, जस्तोकी दिइएको तालीकामा नेपाली र गणितका सीपलाई समन्वय गर्न खोजिएको छ,

४.४.३ शारीरिक शिक्षालाई शुक्रवार (हप्ताको अन्त्यमा) राखिनुको कारण अभ्यास गर्दा गर्दै समय लम्विन गएमा पनि समय उपलव्ध गराउन सकिने भएको हो ।

४.४.४ प्रायजसो कक्षा तालीका प्र. अ. ले वनाउने हुनाले विद्यार्थीको चाहना र आवश्यकता अनुसार यसमा हेरफेर गर्न सकिन्छ,

४.४.५ कक्षा शिक्षणमा शिक्षकले पाठ्यक्रममा तोकिएको पाठ्यभार हेरी समय निर्धारण गर्न सक्दछ ।

## ५ कक्षा–शिक्षण प्रभावकारी वनाउने उपायहरु :

५.१ सहभागीलाई उपरोक्त कुराहरुमा छलफल गराइ सकेपछि कक्षा शिक्षणमा आउने समस्या / वाधाको वारेमा स्मरण गराएर ती समस्या कम गर्ने के के उपाय हुन सक्छन्, समूहमा छलफल गरी बूँदागत रुपमा चार्टमा टिप्न लगाउने ।

५.२ सहभागीलाई आँफूले प्रभावकारी शिक्षण गर्न सफल भएको छु भन्ने अनुभव के के बाट प्राप्त गरेका छन् सो बारे संक्षिप्त चर्चा गर्न लगाउने ।

५.३ निम्नलिखित वूँदाहरु लेखिएको चार्ट सहभागी समक्ष देखाउँदै कक्षा शिक्षण प्रभावकारी वनाउने उपायहरुको चर्चा गर्ने ।

५.४ कक्षा शिक्षण प्रभावकारी बनाउन :

५.४.१ कक्षा शिक्षण वारे नै छोटो अवधिको तालीमको व्यवस्था गर्ने,

५.४.२ कक्षा संख्या अनुसार शिक्षक संख्या उपलब्ध गराउने,

५.४.३ स्थानीय सामग्रीबाट शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग गर्ने वारे तालीम दिने,

५.४.४ शिक्षक–केन्द्रित विधिको सट्टा वाल–केन्द्रित शिक्षण विधि अपनाउने,

५.४.५ कार्यकलापहरुमा विविधता ल्याउने,

५.४.६ शिक्षक अनुपस्थित हुँदा विद्यार्थीबाटै मनिटर / समूह नेताको छनौट गरी विविध क्रियाकलापमा संलग्न गराउने,

५.४.७ आफू अनुपस्थित हुने अवधिको लागि शिक्षकले कार्ययोजना तयार पारेर छोड्ने,

५४.८ कक्षाकोठाको व्यवस्थापनमा समय समयमा हेरफेर गरी परिवर्तन ल्याउने ।

५ मूल्यांकन :

सहभागीले यस एकाइमा उल्लेखित विषयवस्तु सिकेको कुरा निश्चित गर्न तलका क्रियाकलाप वा प्रश्नहरु गर्न सकिन्छ :

१. **एकाइ परीक्षा** :

यो एकाइको अन्तमा लिखित एकाइ परीक्षा लिने । लिखित परीक्षाको लागि छोटो उत्तरका प्रश्नहरु तथा वहुवैकल्पिक छनौट भएका वस्तुगत प्रश्नहरु सोध्नु पर्दछ, जस्तो : कक्षा शिक्षणका व्यवहारिक कठिनाइको सूची तयार पार्नुहोस् ।

२. सहभागीको यस एकाइले माग गरेको सीपको परीक्षण गर्न निम्न प्रयोगात्मक कार्यकलाप गराउने, जस्तो :

कक्षा शिक्षकको जिम्मेवारी वहन गर्न सक्षम वन्नको लागि एउटा कक्षा तालीका वनाउनुहोस् ।

## एकाइ ४ : वहु कक्षा शिक्षण

समय : १२ घण्टा

### एकाइ परिचय :

नेपालमा प्रचलित शिक्षण व्यवस्थामा खासगरी दुर्गम तथा ग्रामीण भेगका विद्यालयमा विद्यार्थी संख्याको न्यूनता तथा शिक्षक संख्या (दरवन्दी) को कमीको कारणबाट वहुकक्षा शिक्षण एक यथार्थ वन्न पुगेकोले यस शिक्षण व्यवस्थाको वारेमा आधारभूत जानकारी प्रदान गर्ने प्रयास प्रस्तुत एकाइमा गरिएको छ । तसर्थ यस एकाइले वहुकक्षा शिक्षणसम्वन्धी धारणा स्पष्ट गर्ने, यसका स्वरुपको चर्चा गर्ने, यसको औचित्य देखाउने, यसका फाइदा–वेफाइदा, यसको लागि गरिनुपर्ने कक्षा कोठाको व्यवस्थापन तथा यसमा प्रयोग गरिने शिक्षण तरीकाको वारेमा सहभागीलाई परिचित गराउने प्रयास गरेको छ ।

### १. उद्देश्यहरु :

यस एकाइको प्रशिक्षणपछि सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. वहुकक्षा शिक्षणको परिभाषा बताउन ।
२. वहुकक्षा शिक्षणका सामान्य स्वरुपसँग परिचित हुन ।
३. नेपालको परिप्रेक्ष्यमा वहुकक्षा शिक्षणको आवश्यकता औंल्याउन ।
४. वहुकक्षा शिक्षणका सवल र दुर्वल पक्षहरुको पहिचान गर्न ।
५. वहुकक्षा शिक्षणका लागि कक्षाकोठाको समुचित प्रवन्ध गर्न ।
६. वहुकक्षा शिक्षणको स्वरुप अनुरुप शिक्षण तरीका अपनाउन ।

### २. विषयवस्तु :

यस एकाइमा निम्नलिखित विषयवस्तु समावेश गरिएको छ :

१. वहुकक्षा शिक्षणको अर्थ र यसका सामान्य स्वरुपहरु
२. वहुकक्षा शिक्षणको आवश्यकता
३. वहुकक्षा शिक्षणका सवल र दुर्वल पक्षहरु
४. वहुकक्षा शिक्षणको लागि कक्षा व्यवस्थापन
५. वहुकक्षा शिक्षणको लागि शिक्षण तरीका / विधि

३. **सामग्रीहरु** :

यस एकाइको शिक्षणको लागि निम्नलिखित सामग्रीहरु उपलब्ध हुनुपर्दछ :


१. प्रा.शि.प., वहुकक्षा शिक्षण तालिम पुस्तिका, सानोठिमी, भक्तपुर, दोस्रो संस्करण, २०४८ ।

२. आ. तथा प्रा. शि. प., प्राथमिक पाठ्यक्रम दिग्दर्शन, सानोठिमी, भक्तपुर, २०५० ।

३. शोभाकान्त झा, शिक्षाशास्त्र, सहायक पुस्तिका, रत्न पुस्तक भण्डार, काठमाण्डौ, २०४६ ।

४. प्रा.शि.वि. परियोजना, प्राथमिक विद्यालयमा कक्षा संगठन, प्रशिक्षक निर्देशिका, शिक्षा मन्त्रालय, २०४९ ।

५ प्राथमिक शिक्षा शिक्षण समिति / आधारभूत प्राथमिक शिक्षक तालिम शिक्षण निर्देशिका, शिक्षा शास्त्र संकाय, त्रि. वि. वि., २०४५ ।

६. **Multigrade Teaching in Primary Schools of Nepal**, Part 1-3, CERID / T.U., Kathmandu, 1988.

७. **Multiple Class Teaching: Methodological Guides**, CERID / T.U., Kathmandu, 1986.

८. **Multiple Class Teaching in Primary Schools: A Methodological Guide**, UNESCO / PROAP, Bangkok, 1988.

**Hillson, Maurie, Change and Innovation in Elementary School Organization, New York, Holt, Rinehart and Winston, 1975.**

## ४. विधि / क्रियाकलाप :

यो एकाइ शिक्षण गर्न तल दिइएका तरीकाहरु अपनाउन सकिन्छ :

### १. वहुकक्षा शिक्षणको अर्थ र यसका सामान्य स्वरुपहरु :

१.१ वहुकक्षा शिक्षण भन्नाले के बुझिन्छ ? भन्ने प्रश्न गर्दै यसको अर्थको वारेमा सहभागी बीच सामान्य छलफल गराउने ।

१.२ वहुकक्षा शिक्षणको निम्नलिखित परिभाषा कार्डबोर्डमा लेख्ने ।

१.३ सहभागीको छलफलबाट निक्लेको र प्रस्तुत परिभाषालाई समन्वित गरी वहुकक्षा शिक्षणको धारणा के रहेछ बताउने ।

१.४ वहुकक्षा शिक्षणको परिभाषा लेखिएको कार्डबोर्ड प्रशिक्षकले सहभागीलाई देखाउने ।

**परिभाषा** :

वहुकक्षा शिक्षण भन्नाले त्यस्तो किसिमको शिक्षण व्यवस्थालाई जनाउँछ जस्मा एउटै शिक्षकले एउटै समयमा एकै ठाउँमा वा कक्षामा दुई वा दुई भन्दा बढी कक्षाका विभिन्न उमेर र क्षमताका वालवालिकालाई अध्यापन गर्दछ ।

१.५ वहुकक्षा शिक्षणका आधारहरु वा स्वरुपहरुलाई सहभागीद्वारा समूहमा सूचिकृत गर्न लगाउने र चार्टमा ती बूँदाहरु लेख्न लगाउने ।

१.६ **प्रशिक्षकले वहुकक्षा शिक्षणका मूल स्वरुपहरु उल्लेख गरिएको कार्ड बोर्ड सहभागीलाई देखाई दुबै बीचका समान बूँदाहरु तुलना गर्न लगाउने ।**

१.७ वहुकक्षा शिक्षणका मूलस्वरुपहरु (निम्नानुसारका) बारे सहभागीलाई समष्टिमा व्याख्या गरिदिने ।

**वहुकक्षा शिक्षणका मूल स्वरुपहरु :**

१. वहुकक्षा शिक्षणमा दुई वा दुईभन्दा बढी कक्षाहरु हुन्छन् ।
२. यसमा एक वा समान उमेर समूहका विद्यार्थीमात्र नभई विभिन्न तहका क्षमता भएका विभिन्न उमेर समूहका विद्यार्थी हुन्छन् ।
३. वहुकक्षा शिक्षणको अवधि सामान्यतया ३ वर्षको हुन्छ जसमा अतिरिक्त क्रियाकलाप पनि समावेश गरिन्छ ।
४. विभिन्न कक्षाका विद्यार्थीलाई एउटै कक्षा कोठा वा छुट्टाछुट्टै कोठामा राखेर एउटै शिक्षकले एकै समयमा पढाउँछ ।
५ दुई कक्षालाई एकै ठाउँमा सँगसँगै अध्यापन गर्दा एउटा कक्षालाई व्यक्तिगत या सामूहिक कार्य दिएर अर्को कक्षामा शिक्षण गरिन्छ ।
६. एउटै शिक्षकले दुईवटा कक्षाको सम्पूर्ण वा केही विषयहरु शिक्षण गर्दछ ।
७. वार्षिक र अर्धवार्षिक परीक्षा वा कुनै औपचारिक परीक्षा नहुने भएकोले पास फेलको समस्या नहुने ।
८. आवश्यकता अनुसार व्यक्तिगत, समूह वा कक्षा शिक्षण गरिन्छ ।
९. एउटै कक्षा कोठामा अध्यापन गराउनु पर्दा सो कोठा न्यूनतम साधन / सामग्रीयुक्त हुन्छ ।

## २. वहुकक्षा शिक्षणको आवश्यकता :

२.१ नेपालमा वहुकक्षा शिक्षण गर्नु किन आवश्यक छ भन्ने प्रश्नका साथ सहभागीलाई छलफलमा संलग्न गराई छलफलका निष्कर्षहरु चार्टमा लेखिदिने ।

२.२ प्रशिक्षकले निम्नलिखित वूँदाहरुलाई चार्टमा उल्लेख गरी सहभागीलाई देखाउने र छलफलका वूँदालाई तलका वूँदासँग एकीकृत गरी व्याख्या गर्ने :

**नेपालमा वहुकक्षा शिक्षण आवश्यक छ, किनकि :**

१. निश्चित दरवन्दी अनुसार शिक्षक उपलब्ध नहुनु,
२. तोकिएको विद्यार्थी संख्या नपुगेको विद्यालयमा कक्षा कोठाको (संख्या) तुलनामा शिक्षक संख्या कम हुनु,
३. भौगोलिक विभिन्नता / विकटता, सुगम यातायातको अभाव र पातलो वस्तीको कारण यस्तो शिक्षण आवश्यक हुन जानु,
४. कुनै कुनै विद्यालयमा पर्याप्त कक्षा कोठा उपलब्ध नहुनु,
५. वस्ती / वसाइ सरी गएका व्यक्ति तथा सुविधाविहीन व्यक्तिको लागि यो शिक्षण व्यवस्था उपयुक्त हुनु,
६. शिक्षक लामो समयसम्म विदामा वस्नु, कक्षामा अनुपस्थित हुनु,
७. शिक्षक लामो समयसम्म विरामी परी विद्यालयबाट अनुपस्थित हुनु,
८. कक्षा संख्याको अनुपातमा न शिक्षक, न कोठा नै उपलब्ध हुनु,
९. शिक्षक लामो समयको तालीममा भाग लिन जानु,

२.३ यसरी नेपालको सन्दर्भमा हेर्दा वहुकक्षा शिक्षण आवश्यक हुनुमा दुर्गम , पहाड तथा पातलो वस्ती, आवश्यक संख्यामा कक्षा कोठाको अनुपलब्धता, आवश्यक विद्यार्थी संख्याको न्यूनता, न्यून शिक्षक दरवन्दी जस्ता कारणहरु देखिएकाछन् भनी सहभागीलाई सान्दर्भिक व्याख्या गरिदिने ।

## ३. वहुकक्षा शिक्षणका सवल र दुर्वल पक्षहरु :

३.१ वहुकक्षा शिक्षण बारे गरिएको उपरोक्त छलफल, व्यक्तिगत अनुभव तथा सामूहिक प्रशिक्षक–सहभागीहरु अन्तर्क्रियाको आधारमा यस शिक्षणका सवल र दुर्वल पक्षहरु के के हुन सक्छन् सोको सुची तयार पार्न सहभागीलाई दुई समूहमा बाँडी समूह कार्य गर्न लगाउने ।

३.२ प्रशिक्षकले बहुकक्षा शिक्षणका सवलपक्ष र दुर्वल पक्ष उल्लेखित कार्डबोर्ड तयार पारी सहभागीलाई देखाउने र दुवै बूँदालाई एकीकृत गरी व्याख्या गरिदिने ।

**वहुकक्षा शिक्षणका सवलपक्ष :**

३.२.१ विभिन्न उमेर र स्तरका वालवालिका एउटै कक्षामा हुने हुनाले ठूलोले सानो विद्यार्थीलाई सिकाउन सक्ने,

३.२.२ विद्यार्थीलाई यस अन्तर्गत उचित निर्देशन तथा सहयोग गर्न सघाउ पुग्ने,

३.३.३ एउटै शिक्षकले लगातार ३ वर्षसम्म पढाउँदा विद्यार्थीको वैयक्तिक भिन्नता पहिचान गरी तदनुरुप वैयक्तिक शिक्षण गर्न सकिने,

३.३.४ विद्यार्थीको उपलब्धि स्तर अनुसार कक्षा चढाउन वार्षिक परीक्षासम्म पर्खिनु नपर्ने,

३.३.५ विद्यार्थी बीच आपसि समझदारी / सहयोगको भावना वृद्धि हुने,

३.३.६ प्रत्येक विद्यार्थीले आफ्नै गति अनुसार सिक्ने मौका पाउने,

३.३.७ विषय / वर्ग शिक्षणको तुलनामा कम खर्चिलो हुने,

३.३.८ विद्यार्थीलाई विभिन्न क्रियाकलापमा संलग्न गराउने हुँदा शिक्षण बढी विद्यार्थी केन्द्रित हुन जाने,

३.३.९ दुर्गम क्षेत्र, पातलो वस्ती र शिक्षक अपर्याप्त भएको ठाउँमा बढी उपयुक्त हुने ।

**वहुकक्षा शिक्षणका दुर्वल पक्ष** :

३.३.१ विभिन्न कक्षाका, विभिन्न स्तरका र विभिन्न क्षमताका विद्यार्थी बीच स्तर निर्धारण कार्य कठिन हुने,

३.३.२ दक्ष र तालीम प्राप्त शिक्षकले मात्र यस्तो जटिल रुपमा सम्मिश्रित कक्षालाई पढाउन सक्ने,

३.३.३ विद्यार्थी संख्या बढी भएमा र २ कक्षाका भन्दा बढी विद्यार्थीलाई अध्यापन गर्नु पर्ने हुँदा व्यक्तिगत समस्या / आवश्यकता पहिचान गरी तदनुरुप वैयक्तिक शिक्षण गर्न गाह्रो पर्ने,

३.३.४ शिक्षकको कामको बोझ बढी हुनेहुँदा प्रत्येक विद्यार्थीलाई व्यक्तिगत ध्यान पुर्‍याउन गाह्रो हुने,

३.३.५ सामान्यतया यसको लागि ठूलो कक्षाकोठा उपलब्ध हुनुपर्ने जुन प्राय उपलब्ध नहुने गर्दछ,

३.३.६ ढीलो सिक्ने र चाँडो सिक्ने विद्यार्थीको लागि उपयुक्त खालको सामग्रीहरु उपलब्ध हुन कठिन पर्ने,

३.३.७ विभिन्न क्रियाकलाप सञ्चालन गर्न सामग्रीको न्यूनता हुने आदि ।

## ४. वहुकक्षा शिक्षणको लागि कक्षा कोठाको व्यवस्थापन :

४.१ प्रभावकारी शिक्षणको लागि कक्षा कोठाको व्यवस्थापन समुचित रुपबाट गर्न सकेमात्रै फलदायी सिकाई सम्भव हुन्छ भन्नेकुरा पून : सहभागीलाई स्मरण गराउँदै आफूले गर्दै आएको कक्षा व्यवस्थापन वारेको अनुभव सहभागी बीच अभिव्यक्त गर्न लगाउने ।

४.२ वहुकक्षा शिक्षणमा कक्षाकोठाको प्रबन्ध समुचित रुपमा गर्न नसकेमा यो असफल हुनेतर्फ संकेत गर्दै सहभागीलाई यसको लागि ध्यान पुर्‍याउनु पर्ने मूख्य मूख्य पक्षको सूची तयार पार्न समूह कार्य दिने ।

४.३ कक्षा कोठामा उपलब्ध भौतिक सुविधा, सामग्री, साधनको व्यवस्था, समूह विभाजन कार्य, विद्यार्थीको वसाइ व्यवस्था र शैक्षिक सामग्रीको उचित

ठाउँमा उपयुक्त तरीकाले प्रदर्शन र प्रयोग गर्ने आदि कार्य कक्षा व्यवस्थापन कार्य नै भएकाले वहुकक्षा शिक्षण संभव गराउन कक्षा व्यवस्थापन निम्नलिखित तरीकाबाट गर्न सकिन्छ भनी सहभागी समक्ष प्रशिक्षकले यी वूँदायुक्त चार्ट प्रस्तुत गर्ने र समूह कार्यबाट आएका वूँदालाई समाहित गरी तिनको वारेमा छलफल गर्ने :

४.३.१ कक्षा कोठा न्यूनतम सुविधायुक्त स्वपूर्ण कोठाको रुपमा हुनुपर्ने,

४.३.२ कक्षा कोठा आनन्दमूलक तथा विभिन्न क्रियाकलाप सञ्चालन गर्न पर्याप्त ठाउँ भएको हुनुपर्ने,

४.३.३ दुई भन्दा बढी कक्षाका विद्यार्थीहरु एउटै कक्षा कोठामा वस्नुपर्दा भित्तामा राखिने चार्ट, नक्सा तथा अन्य सामग्री टाँस्ने ठाउँ, वुलेटिन बोर्ड, पुस्तक राख्ने तख्ता आदि चीजहरु कक्षागत रुपमा छुट्याउनु पर्दछ ।

४.३.४ समूहगत रुपमा शिक्षण गर्दा समूह निर्माण गरी समूह नेता छान्ने र सबैलाई पालो दिने व्यवस्था गर्ने,

४.३.५ कक्षाकोठा उपलव्ध भएमा विभिन्न कक्षाका विद्यार्थीलाई छुट्टै कोठाहरुमा र कोठा नपुगे उही एउटा कोठामा कक्षागत समूह वनाउने ।

४.३.६ विद्यार्थीको वसाइ व्यवस्था, सिकाइने विषयवस्तु र गराइने क्रियाकलापमा भर पर्दछ, जस्तै : सबैकक्षाका विद्यार्थीलाई एउटै विषयवस्तु दिनु पर्ने भए पंक्तिवद्ध वसाई, व्यक्तिगत रुपमा क्रियाकलाप गराउन पर्ने भए यू वा भि. (U. / V.) आकारको वसाई र समूहगत क्रियाकलाप गराउने भए समूहगत वसाइको व्यवस्था गरिन्छ ।

४.३.७ विभिन्न कक्षाका विद्यार्थीलाई विभिन्न पंक्तिमा मिलाएर पंक्तिगत वसाइको व्यवस्था पनि गर्न सकिन्छ ।

४.३.८ कालोपाटी र अन्य शैक्षिक सामग्री सबैले देख्न सक्ने ठाउँमा आँखाको दृष्टिको समतल तहमा राख्नु पर्दछ ।

४.३.९ अरु थप कुराहरु कक्षाशिक्षणको वसाइ व्यवस्थाबाट लिन सकिन्छ ।

**५ वहुकक्षा शिक्षणको लागि शिक्षण तरीका :**

५१ सहभागीले कस्तो कस्तो परिस्थितिमा कस्तो शिक्षण विधि वा तरीका अपनाउँदै आएकाछन् सो बारे विचार विमर्श गर्ने ।

५२ वहुकक्षा शिक्षणको लागि दक्ष शिक्षकको आवश्यकताको सन्दर्भ उल्लेख गर्दै वहुकक्षा शिक्षकले शिक्षणका विविध तरीकाहरु बारे राम्रो ज्ञान नपाएको खण्डमा सो शिक्षणको प्रभावकारिता न्यून हुन पुग्दछ भन्ने कुरा सहभागीलाई स्मरण गराएर यसको लागि अपनाउन सकिने संभाव्य तरीकाबारे समूहमा छलफल गर्न लगाई मूख्य मूख्य वूँदाहरु चार्टमा लेख्न लगाउने ।

५३ उपरोक्त वूँदालाई निम्नलिखित वूँदाहरुसँग तुलना गरी आएका निर्क्योलका वूँदालाई सहभागीबीच छलफल गराउने ।

५४ वहुकक्षा शिक्षणको लागि निम्नलिखित शिक्षण तरीका अपनाउन सकिन्छ

५४.१ कुनैपनि एक शिक्षण विधि / तरीकाले सबै क्रियाकलापको लागि काम नगर्ने हुनाले शिक्षकले विभिन्न प्रकारको ज्ञान, धारणा तथा सीप दिन विभिन्न प्रकारको शिक्षण विधि अपनाउनु पर्दछ ।

५४.२ शिक्षण विधिमा छलफल विधि, व्याख्यान विधि, मौखिक तथा लिखित अभ्यास विधि, अन्वेषण विधि, भूमिका अभिनय विधि, कार्यमा आधारित शिक्षण विधि, गर्ने–हेर्ने र सिक्ने विधि र समूह कार्य विधि आदि आएतापनि विद्यमान परिस्थिति, विद्यार्थीको रुचि र आवश्यकता, उपलव्ध भौतिक सुविधा तथा सामग्री तथा अध्यापन गर्नुपर्ने विषयवस्तु आदिको आधारमा उपयुक्त एक वा एक भन्दा बढी वा मिश्रित शिक्षण विधिको छनौट गरी प्रयोग गर्नुपर्दछ ।

५४.३ परिस्थिति अनुसार शिक्षकले सम्पूर्ण कक्षा शिक्षण, समूह शिक्षण वा व्यक्तिगत शिक्षण गर्नुपर्ने हुन्छ : सम्पूर्ण कक्षा शिक्षणमा शिक्षकले विभिन्न कक्षाका विद्यार्थीलाई एकै कक्षामा राखेर

एकैपटक सबैलाई एउटै कक्षा मानी अध्यापन गर्दछ, समूह शिक्षणमा समान क्षमता वा गिश्रित क्षमता भएका विद्यार्थीलाई एउटा समूहमा राखी समूहगत शिक्षण गरिन्छ भने व्यक्तिगत शिक्षणमा शिक्षक र विद्यार्थीको एक आपसको सम्बन्ध (one - to - one) को आधार गरी शिक्षण गरिन्छ ।

५.४.४ वहुकक्षा शिक्षणमा बढी प्रयोग गरिने विधि समूह : शिक्षण विधि भएकोले कक्षाभित्र विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नु पर्ने हुन्छ ।

५.५.५ विद्यार्थीलाई समान क्षमता, मिश्रित क्षमता, समान उमेर, आपसी मेल तथा प्रशिक्षकलाई सजिलो हुने गरी विभिन्न समूहमा बाँड्न सकिन्छ ।

५.५.६ वहुकक्षा शिक्षणमा खास उपयोग हुने शिक्षणका तरीकाहरु यस प्रकारका छन् :

१. प्रश्नोत्तर तरीका,
२. शिक्षक–विद्यार्थी–विद्यार्थी अर्न्तक्रिया
३. छलफल तरीका
४. स्वयं शिक्षण तरीका
५ प्रत्यक्ष / अप्रत्यक्ष शिक्षण तरीका
६. प्रोजेक्ट कार्य,
७. अध्ययन भ्रमण
८. खेल विधि
९. सम्वलन तरीका (reinforcement technique)

५.५.७ उपरोक्त विधि वा तरीकालाई वहुकक्षा शिक्षण गर्ने शिक्षकले समय, परिस्थिति र आवश्यकताको बीच संयोजन गरी प्रयोग गर्न सक्ने हुनाले दिइएका विधि भन्दा भिन्दै विधि प्रयोग गरेर पनि शिक्षण कार्य सफल गर्न सक्दछ भन्ने कुरा सहभागीलाई स्पष्ट पार्ने ।

## ५ मूल्यांकन :

सहभागीले यस एकाइका विषयवस्तु सिकेको कुरा निश्चित गर्न तलका क्रियाकलाप वा प्रश्न सोध्न सकिन्छ :

### १. एकाइ परीक्षा :

यो एकाइको अन्तमा लिखित परीक्षा लिने, लिखित परीक्षाको लागि विषयगत प्रश्न, जस्तै : विषय शिक्षण, कक्षाशिक्षण तथा वहुकक्षा शिक्षणको तुलनात्मक विवेचना गर्नुहोस् आदि सोध्ने ।

### २. सीप परीक्षा :

एउटा शिक्षकले कक्षा ४ र ५ मा पढाउनको लागि वहुकक्षा शिक्षकको रुपमा कार्य गर्न वहुकक्षा कार्य तालीका तयार पार्नुहोस् ।

### ३. अध्ययन भ्रमण प्रतिवेदन :

नजिकैको विद्यालयमा सहभागीलाई त्यहाँ गरिएको शिक्षण व्यवस्थाको अध्ययन अवलोकन गराई त्यसबारे अध्ययन भ्रमण प्रतिवेदन (संक्षिप्तमा) तयार पार्न लगाउने ।

## एकाइ ५ : वर्गरहित शिक्षण

समय : ७ घण्टा

**एकाइ परिचय :**

वर्गरहित शिक्षणको धारणा प्रचलित शिक्षण व्यवस्थाको धारणा भन्दा फरक भएकोले यस प्रकारले कक्षा व्यवस्था गर्नु वा कक्षालाई संगठित गर्नु चुनौतिपूर्ण कार्य हुँदा विद्यालयको (वर्तमान) विद्यमान परिस्थिति र शिक्षकको दक्षता आदि कुराको आधारमा यस प्रकारको कक्षा संगठनको व्यवस्थालाई अंगाल्नु पर्ने देखिन्छ । यस एकाइमा वर्गरहित शिक्षणको धारणालाई स्पष्ट पार्ने, यसका स्वरुप वारे जानकारी दिने, यसबाट हुने लाभको वारेमा छलफल गर्ने र नेपालको सन्दर्भमा *शिशु सदन* को व्यवस्थादेखि लिएर विद्यालय वाहिरका वालवालिकाको लागि यसको प्रयोगको संभाव्यता वारे परिचयात्मक जानकारी दिइने छ ।

### १. उद्देश्यहरु :

यस एकाइको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. वर्गरहित शिक्षण के हो सो को परिभाषा दिन,
२. वर्गरहित शिक्षणको उद्देश्य वताउन र यसका स्वरुपको पहिचान गर्न,
३. वर्गरहित शिक्षणका फाइदा तथा समस्याहरु औंल्याउन,
४. विद्यालय वाहिरका विद्यार्थी तथा *शिशु कक्षा* को सञ्चालन गर्न यसको प्रयोग कसरि गर्न सकिन्छ सो वताउन,

### २. विषयवस्तु :

यस एकाइमा निम्नलिखित विषयवस्तुह॰ ~समावेश गरिएका छन् :

१. वर्गरहित शिक्षणको अर्थ,
२. वर्गरहित शिक्षणको उद्देश्य र स्वरुप,
३. वर्गरहित शिक्षणका फाइदाहरु तथा समस्याहरु / सीमाहरु
४. विद्यालय वाहिरका वालवालिकाको लागि वर्गरहित शिक्षणको प्रयोग,

## ३. सामग्रीहरु :

यस एकाइको शिक्षणको लागि निम्नलिखित सामग्रीहरु उपलब्ध हुनु पर्दछ :

१. Hillson, Maurie, Change and Innovation in Elementary School Organization, New York, Holt, Rinehart and Winston, 1975.

२. प्रा. शि. वि. परियोजना, प्राथमिक विद्यालयमा कक्षा संगठन, प्रशिक्षक निर्देशिका, शिक्षा मन्त्रालय, २०४९ ।

३. शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षा आधार (प्रथम पाँच महीने प्राथमिक शिक्षक सेवाकालीन तालिम पाठ्यक्रम) शिक्षा मन्त्रालय, २०५१ ।

४. आ. तथा प्रा. शि. परियोजना, प्राथमिक पाठ्यक्रम दिग्दर्शन, सानोठिमी, भक्तपुर, २०५० ।

## ४. विधि / क्रियाकलाप :

यो एकाइको शिक्षणको लागि प्रयोग गर्न सकिने केही तरीकाहरु तल दिइएका छन् :

### १. वर्गरहित शिक्षणको अर्थ :

१.१ सहभागीको अनुभवलाई आधार वनाएर वर्गरहित शिक्षणको अर्थ वारे सहभागी बीच छलफल गर्ने ।

१.२ प्रशिक्षकले *वर्गरहित शिक्षण* को परिभाषा लेखिएको कार्ड बोर्ड तयार पारी सहभागीलाई देखाउने :

**परिभाषा** :

वर्गरहित शिक्षण त्यस प्रकारको शिक्षण व्यवस्था हो जसमा परम्परागत रुपमा रहदै आएका कक्षाका निश्चित सीमांकनका तहको वदलामा विद्यार्थीले विभिन्न पठन तह (reading levels) पार गर्दै प्रगति गर्दै जान्छ र सामान्यतया तीन वर्षको अवधिमा कक्षाविहिन तहलाई पठनतहमा गरेको निरन्तर प्रगतिको आधारमा आफ्नो क्षमता र वैयक्तिक भिन्नता अनुरुप पार गर्दछ । अर्थात् वर्गरहित शिक्षण पुनर्संगठित त्यस्तो शिक्षण व्यवस्था हो जसमा वालकको शैक्षिक समस्यालाई दृष्टिगत गरी पाठ्यक्रम प्रतिको परिवर्तित धारणा, उच्चतम

सिकाइ संभव गराउन वालवालिकाको उचित समूह निर्माण, वालकलाई कक्षा दोहोर्‍याउन लगाउँदा हुने कम फाइदा, उसले समायोजन गर्नुपर्ने विषयवस्तु, माथिल्लो तहका क्रियाकलाप सिक्ने तत्परताको प्रदर्शन पश्चात् वालकले गर्दै जानुपर्ने प्रगति र आफूमा निहित क्षमताको पूर्ण वोध र उच्चतम विकास जस्ता महत्वपूर्ण पक्षलाई समाहित गरेर प्रत्येक वालकलाई आफ्नै गतिमा सिक्ने मौका प्रदान गरिन्छ ।

**२. वर्गरहित शिक्षणका उद्देश्य र स्वरुप :**

**वर्गरहित शिक्षणका उद्देश्य :**

२.१ सहभागीलाई आफ्नो अनुभवका आधारमा शिक्षण गर्नुको उद्देश्य के हो सो वारेमा छलफल गर्न लगाई चार्ट पेपरमा छलफलबाट निस्केका वूँदाहरु संकलन गर्न लगाउने ।

२.२ नेपालको सन्दर्भमा वर्गरहित शिक्षणका के के उद्देश्य हुन सक्दछन् सो वारेमा समूहगत छलफल गराई कार्डवोर्डमा मूल उद्देश्यहरु लेख्न लगाउने ।

२.३ प्रशिक्षकले कार्डवोर्डमा वर्गरहित शिक्षण गर्नाका मूख्य उद्देश्यहरु लेखेपछि सहभागीलाई देखाउने र समूहकार्यबाट आएका उद्देश्य र यी उद्देश्य बीच समानता पत्ता लगाउन लगाउने ।

२.४ वर्गरहित शिक्षण गर्नाका निम्नलिखित मुख्य उद्देश्यहरुलाई शिक्षकले व्याख्या गरिदिने :

२.४.१ प्रत्येक वालकलाई आफ्नो क्षमताको विकास गर्न पूर्ण अवसर दिने ।

२.४.२ सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो र यो व्यक्तिगत क्षमता र गति अनुसार बढ्छ भन्ने धारणालाई विश्वास गर्ने ।

२.४.३ प्रत्येक वालकको आवश्यकता पहिचान गरी त्यसको परिपूर्ति उसैमा अन्तर्निहित क्षमताको पूर्ण विकासबाट गर्ने ।

२.४.४ विद्यार्थी–विद्यार्थी बीच पाइने वैयक्तिक भिन्नता अनुसार शिक्षण गर्ने ।

२.४.५ विद्यालय वाहिरका वालवालिकाहरुलाई उनीहरुकको स्तर अनुकूल शिक्षा दिई निश्चित शैक्षिक तहमा जानको लागि आवश्यक पूर्वाधार खडा गर्ने ।

**वर्गरहित शिक्षणका स्वरुपहरु** :

२.१ वर्गरहित शिक्षणलाई अरु किसिमका शिक्षण व्यवस्थाबाट छुट्याउने आधारहरु के के हुन् सो वारे सहभागी बीच छलफल गराई वूँदाहरु कार्डवोर्डमा लेख्ने ।

२.२ प्रशिक्षकले आफ्नो तर्फबाट वर्गरहित शिक्षणका स्वरुपहरु भएको कार्डवोर्ड तयार पारी सहभागी बीच प्रस्तुत गर्ने ।

२.३ सहभागीलाई दुबै प्रकारका वूँदाहरु बीच पाइने समानता छुट्याउन लगाई प्रशिक्षकले संयुक्त वूँदाको व्याख्या गरिदिने ।

२.४ वर्गरहित शिक्षणका मूल स्वरुपहरु निम्नलिखित हुन्, कार्डवोर्डमा उल्लेखित यीनै वूँदा सहभागीलाई देखाई माथि भनिएजस्तै तिनको व्याख्या गरिदिने :

२.४.१ पाठ्यक्रम कक्षागत आवश्यकता भन्दा पनि विद्यार्थीको व्यक्तिगत आवश्यकतामा आधारित हुन्छ ।

२.४.२ विद्यार्थीको समूह निर्माणको आधार कक्षागत नभै उनीहरुको क्षमताको स्तर नै हो ।

२.४.३ आफ्नो क्षमताअनुसार विद्यार्थी फरक फरक विषयमा विभिन्न स्तरका समूहमा वस्दछ ।

२.४.४ विद्यार्थीले गर्ने कार्य निश्चित समयद्वारा निर्देशित नभई उसको कार्यक्षमताद्वारा निर्देशित हुने हुनाले आफ्नै गतिमा काम गर्दछ ।

२.४.५ विद्यार्थीको स्तर अनुसार विभिन्न समूहहरु हुने हुनाले शिक्षकले आफ्नो शिक्षणमा लचकता र विविधता ल्याउने गर्दछ ।

२.४.६ विद्यार्थीको सिकाइ समूहात्मक भए तापनि वैयक्तिक भिन्नतामा आधारित भएर नितान्त व्यक्तिगत गतिमा हिडिरहेको हुन्छ ।

२.४.७ विद्यार्थीले उपलब्धिको रुपमा हासिल गर्नुपर्ने सिकाइ उपलब्धिहरु निश्चित समय भित्रै प्राप्त गर्नुपर्ने  वाध्यता हुँदैन ।

**३. वर्गरहित शिक्षणका फाइदाहरु / सीमाहरु :**

३.१ कुनैपनि प्रकारको शिक्षण व्यवस्था स्वयंमा पूर्ण हुँदैन भन्ने कुराको स्मरण गराउँदै वर्गरहित शिक्षणमा पनि वेफाइदा वाहेक फाइदै फाइदा मात्र हुँदैन, तसर्थ यसका गुण, दोष दुवैको चर्चा गर्नु आवश्यक छ भनी सहभागीलाई यसबाट हुने फाइदा र यो अपनाउँदा हुने समस्याहरुको सूची समूह छलफलको आधारमा तयार पार्न लगाउन कार्डवोर्ड उपलब्ध गराई लेख्न लगाउने ।

३.२ प्रशिक्षकले आफ्नो तर्फबाट वर्गरहित शिक्षणका फाइदा र समस्यालाई छुट्टाछुट्टै कार्डवोर्डमा लेखी सहभागीलाई देखाउने ।

३.३ सहभागीद्वारा उल्लेखित र प्रशिक्षकद्वारा प्रस्तुत बूँदा बीच भएका समानता सहभागीद्वारा नै औंल्याउन लगाउने ।

३.४ प्रशिक्षकले दुबै प्रकारका वूँदाहरुलाई समाहित गरी प्रत्येक वूँदाको सविस्तार व्याख्या / विवेचना गरिदिने ।

**फाइदाहरु :**

३.४.१ पूर्व निर्धारित सीमाको अधिनमा नरही यसमा विद्यार्थीले लगातार प्रगति गर्दै जान सक्दछ ।

३.४.२ विद्यार्थी विद्यार्थी बीच प्रतिस्पर्धा हुने भन्दापनि विद्यार्थीले आफ्नै रेकर्डसँग प्रतिस्पर्धा गर्दै अधि बढ्दछ ।

३.४.३ यो शिक्षण खासगरि ढीलो सिक्ने तथा बीचमा आएर अकस्मात प्रगति गर्ने जस्ता विद्यार्थीको लागि अति नै उपयुक्त हुन्छ ।

३.४.४ सामान्य गति भन्दा ढीलो गतिमा सिक्ने, प्रगति गर्ने विद्यार्थीले आफ्नै गतिमा प्रगति गर्ने अवसर पाउँछ ।

३.४.५ समूहगत रुपमा पढेपनि विद्यार्थीको संवेगात्मक आवश्यकता र वैयक्तिक भिन्नतालाई पूरा ख्याल गरी शिक्षण गरिन्छ ।

३.४.६ कक्षा चढ्ने, अन्तिमपरीक्षा दिने तथा पूर्व निर्धारित स्तर कायम गर्ने वा गर्नुपर्ने जस्ता मानसिक / प्राज्ञिक दवावबाट विद्यार्थी मुक्त हुन्छ ।

३.४.७ शिक्षकले विद्यार्थीको वैयक्तिक भिन्नता प्रति बढी सचेत भै तदनुकूल आफ्नो शिक्षण कार्य अगाडि बढाउने र विद्यालयको तर्फबाट पनि शिक्षक–शिक्षक बीच बढी समूहगत कार्य बढ्न जाने ।

**समस्या वा सीमाहरु** :

३.४.१ पाठ्यक्रममा सुधार नगरी वर्गरहित शिक्षण शुरुगर्दा कक्षाको सट्टा पठन तह (**Reading level**) मात्र कायम गर्ने हुन जाने कारणले गर्दा पाठ्यक्रममा सुधार बिना वर्गरहित शिक्षणले वर्ग शिक्षणको रुप लिन सक्ने खतरा हुन्छ ।

३.४.२ सबै विषयमा चरणवद्ध रुपमा सिकाइ सम्भव गराउन प्रशस्त समय र प्रयासको जरुरत पर्दछ ।

३.४.३ प्रत्येक विद्यार्थीको लागि विस्तृत रुपमा रेकर्ड राख्ने काम कठिन हुन जान्छ ।

३.४.४ शिक्षण कार्यमा विविधता ल्याउनु पर्ने भएबाट यस प्रकारको शिक्षण सामान्यतया कठिन र चुनौतिपूर्ण हुने गर्दछ ।

३.४.५ वर्गरहित शिक्षण व्यवस्था गर्दैमा विद्यार्थीको उपलव्धि स्तर बढ्ने होइन, यसको लागि शिक्षकले अपनाउँदै आएको शिक्षण विधिमा पनि मूलभूत परिवर्तन आउनु पर्दछ जुन कुरा तुलनात्मक रुपमा हेर्दा ज्यादै गाह्रो देखिन्छ ।

३.४.६ कक्षागत संरचनामा अभ्यस्त शिक्षक तथा अभिभावकले कक्षागत मानसिकता वनाइराख्ने डर हुन सक्छ ।

## ४. विद्यालय वाहिरका वालवालिकाको लागि वर्गरहित शिक्षणको प्रयोग :

४.१ वर्गरहित शिक्षणको एक उद्देश्य विद्यालय वाहिरका अर्थात विद्यालय नआएका वा बीचैमा विद्यालय छाडी बसेका वालवालिकालाई उनीहरुको स्तर अनुकूल विभिन्न तहमा राखी शिक्षण गर्ने र निश्चित शैक्षिक तहमा जानको लागि आवश्यक पूर्वाधार खडा गर्ने पनि भएकाले नेपालको परिप्रेक्ष्यमा यस प्रकारको शिक्षण व्यवस्था प्रयोग गर्न सकिने वारे सहभागी बीच छलफल गराउने । छलफलबाट निस्केका मूल वूँदालाई कालोपाटी वा फि्लप चार्टमा लेख्ने ।

४.२ त्यसपछि निम्नलिखित अवस्थामा नेपालको सन्दर्भमा वर्गरहित शिक्षण प्रयोग गर्न सकिन्छ भनी छलफल गर्ने र सहभागी र प्रशिक्षकद्वारा तयार पारिएका बूँदाहरुलाई एकीकृत गरी सामूहिक सूचीमा परिणत गर्ने :

४.२.१ विद्यालय जाने अवसर नपाएका वच्चाहरु विभिन्न उमेर र क्षमताका हुने भएकाले थिनीहरुलाई विभिन्न पठन तहमा वाँडी यस्तो शिक्षण गर्नु पर्ने हुन्छ ।

४.२.२ बिचैमा विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने विद्यार्थीको संख्या पनि कम नहुने हुनाले यस्ता विद्यार्थीलाई आकर्षित गर्न वर्ग रहित शिक्षण नै उपयुक्त हुने देखिन्छ ।

४.२.३ दुर्गम ग्रामीण भेग, पातलो वस्ती भएका विद्यालयमा उपयुक्त शैक्षिक जनचेतना तथा वातावरणको अभावको कारणबाट एउटै कक्षा वा प्राथमिक तह पूरा गर्न तोकेको अवधि भन्दा निकै बढी समय लाग्ने गरेको हुनाले पनि यस्ता विद्यार्थीको समस्या यस प्रकारको शिक्षण व्यवस्थाबाट हल गर्न सम्भव हुन्छ ।

**४.२.४ नेपालका कतिपय ग्रामीण / दुर्गम भेगका विद्यालयमा विद्यालय जाने निर्दिष्ट उमेर नपुगेका वालवालिका कक्षा १ मा आफ्ना दाजु, दिदीसँगै आउने प्रचलन भएकोले यस्ता उमेर नपुगेका वालवालिकाका लागि *शिशु कक्षा* वा *शिशु सदन* कार्यक्रम चलाइएको छ जसलाई वर्गरहित शिक्षण अनुसार चलाउन सकिन्छ ।**

**वर्गरहित शिक्षणको धारणा अनुसार *शिशु सदन* कार्यक्रम :**

१. शिशु सदन कार्यक्रमको उद्देश्य कक्षा १ मा जानको लागि आवश्यक पूर्वाधार खडा गर्नु रहेकोले र यसको प्रकृति अनुसार वर्गरहित शिक्षणको प्रयोग सजिलोसँग गर्न सकिने हुनाले पनि नेपालमा यस कार्यक्रमको सञ्चालन व्यवस्थित रुपमा गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ भन्ने कुरा सहभागीलाई बुझाउने ।

२. शिशु सदन कार्यक्रमको अपरिहार्यता वारे स्मरण गराउँदै सहभागी बीच यसको सञ्चालन निम्न तरीकाबाट गर्न सकिन्छ भन्दै वूँदागत रुपमा छलफल सञ्चालन गर्ने :

२.१ *शिशु सदन* कार्यक्रमले पूर्व प्राथमिक उमेर समूहका वालवालिकाको आवश्यकता पुरा गर्ने हुनाले यसको सञ्चालनको औचित्य नकार्न मिल्दैन ।

२.२ यो कार्यक्रमको सञ्चालनबाट कक्षा १ मा जाने कम उमेरका वालवालिकालाई यसमा राख्न सकिन्छ र उक्त कक्षाको लागि आवश्यक पर्ने सीप सिकाउन सकिन्छ ।

२.३ यस व्यवस्थाबाट भाई वहिनी हेर्नको लागि विद्यालय नगै घरमै वस्नु पर्ने वाध्यताबाट छोरीलाई मुक्त गर्न सकिन्छ ।

२.४ नेपालको ग्रामीण तथा दुर्गम भेगमा शिशु सदन सञ्चालन गर्न गा. वि. स. को नजीकै वा गाउँमा पायक पर्ने ठाउँमा यस्तो कार्यक्रम चलाउनु पर्ने हुन्छ ।

२.५ यसको लागि गैर सरकारी संस्थाका कर्मचारीहरु वा महिला संगठनका कार्यकर्ता वा महिला स्वयं सेविकालाई *शिशु सदन* का व्यवस्थापकको रुपमा काममा लगाउन सकिन्छ ।

२.६ सम्वन्धित जिल्लाका जि. शि. कार्यालयलाई यस कार्यक्रमको लागि आवश्यक पर्ने आर्थिक तथा भौतिक

स्रोत जुटाएर तिनको प्रयोग गर्नको लागि आव्हान गर्नुपर्दछ ।

२.७ *शिशु सदन* मा पास वा फेलको धारणा विर्सेर कक्षा १ मा प्रवेश गर्नको लागि आवश्यक **पठन सीपको** विकास गर्ने तर्फ ध्यान दिएमा वर्गरहित शिक्षणको आशय अनुसार काम भएको ठानिन्छ ।

## ५ मूल्यांकन :

सहभागीले प्रस्तुत एकाइका विषयवस्तु सिकेका कुरा निश्चित गर्न निम्नप्रकारका प्रश्न वा क्रियाकलापहरु गर्न सकिन्छ :

१. **लिखित परीक्षा : विषयगत प्रश्न**

नेपालको सन्दर्भमा वर्गरहित शिक्षण अपनाउन सकिने अवस्थाहरुको उल्लेख गर्नुहोस् । आदि ।

२. **प्रयोगात्मक परीक्षा :**

सहभागीलाई (सम्भव भएसम्म) *शिशु कक्षा* वा *शिशु सदन* कार्यक्रम सञ्चालन भएका विद्यालयमा अध्ययन अवलोकन भ्रमण गराई सञ्चालित कार्यक्रमवारे संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।

३. विषय शिक्षण, कक्षा शिक्षण, वहुकक्षा शिक्षण र वर्गरहित शिक्षणका मूल्य मूल्य विशेषताहरुलाई चार्टवद्ध गरी कक्षामा चार्टद्वारा छोटो प्रस्तुति गर्न लगाउने ।

## एकाइ ६ : विद्यार्थीका समूह निर्माणका ढाँचा तथा तिनको प्रयोग :

समय : १० घण्टा

### एकाइ परिचय :

प्रभावकारी शिक्षणको साथै सहज सिकाइ सम्भव गराउन विद्यालयमा विद्यार्थीको समूह निर्माण आवश्यक हुन आउँछ किनकि समूहबाट विद्यार्थीले धेरै नै कुरा सिक्न सक्ने र संगित, नाटक तथा खेलकूद जस्ता विषय समूहमा मात्रै सिकाइने हुनाले समूह निर्माणको महत्व र यसको उचित प्रयोगलाई कदापि नकार्न मिल्दैन । अझ कक्षा शिक्षण, विषय शिक्षण, वहुकक्षा शिक्षण तथा वर्गरहित शिक्षणमा त विद्यार्थीको समूह निर्माण बिना अध्यापन कार्य अगाडि बढाउन कठिन हुने गर्दछ । तसर्थ यस एकाइमा विद्यार्थीलाई विभिन्न प्रकारका समूहमा कसरि राख्न सकिन्छ र यस्तो समूह निर्माणको ढाँचाको प्रयोग कसरि गर्न सकिन्छ सो वारे सहभागीलाई जानकारी दिने प्रयास गरिएको छ ।

### १. उद्देश्यहरु :

यस एकाइको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. उमेर, क्षमता, अभिरुचि, सामाजिकता, लिंग आदिको आधारमा विद्यार्थीका विभिन्न समूहको निर्माण गर्न ।
२. आवश्यकताअनुसार शिक्षणको लागि विद्यार्थीको मिश्रित समूहको निर्माण गर्न ।
३. प्रतिभाशाली विद्यार्थीलाई अध्यापन गर्ने शैलीसँग परिचित हुन ।
४. विद्यार्थीका समूह निर्माणका विभिन्न ढाँचाको प्रयोग गर्न ।

### २. विषयवस्तु :

यस एकाइमा निम्नलिखित  विषयवस्तु समावेश गरिएको छ :

१. उमेर समूह तथा क्षमता समूहको निर्माण
२. अभिरुचि समूह तथा सामाजिक समूहको निर्माण
३. लैंगिक समूह तथा मिश्रित क्षमता समूहको निर्माण
४. समूह निर्माणका विभिन्न ढाँचाको प्रयोग
५ प्रतिभाशाली विद्यार्थीको शिक्षण

३. **सामग्रीहरु** :

यस एकाइको शिक्षणका लागि निम्नलिखित सामग्रीहरु उपलब्ध हुनु पर्दछ :


१. UNESCO / PROAP, Multiple Class Teaching in Primary Schools : A Methodological Guide, Bangkok, 1988.

२. PEDP, Foundations of Education, Trainers' Training Package, Kathmandu, 1993.

३. Dean, Joan, Organising Learning in the Primary School Curriculum, Routledge, London, 1989.

४. प्रा. शि. वि. परियोजना, प्राथमिक विद्यालयमा कक्षा संगठन, प्रशिक्षक निर्देशिका, शिक्षा मन्त्रालय, २०४९ ।

५. Jacinta, Mary and Mary Regina, Primary Methods Handbook, Hodder and Stoughton, Britain, 1981.


४. विधि / क्रियाकलाप :

यो एकाइको शिक्षणका लागि प्रयोग गर्न सकिने केही तरीकाहरु तल दिइएकाछन् :

१. उमेर–समूह तथा क्षमता–समूह :

१.१ विद्यार्थीको भिन्न सामाजिक आर्थिक पृष्ठभूमि, एकै कक्षामा पनि भिन्न भिन्न उमेर हुनु, समान उमेर भएर पनि सिकाइको गति र क्षमतामा भिन्नता हुनु, आफ्नो झुकाव र अभिरुचिको कारणले गर्दा कुनै विषय राम्ररी सिक्ने र कुनै विषय सिक्न भने कठिनाइ हुनु आदि कारणले गर्दा विभिन्न आधारमा विद्यार्थीलाई विभिन्न समूहमा राख्नुपर्ने हुन्छ भन्ने कुराको संक्षिप्त चर्चा गर्दै प्रशिक्षकले सहभागीलाई आफूले शिक्षण गर्दा के आधारमा विद्यार्थीको समूह निर्माण गर्ने गरेका छन् सो बारे छलफल गर्न लगाई छलफलबाट निस्केका बूँदालाई कालोपाटी वा कार्डबोर्ड वा फ्लिप चार्टमा लेख्न लगाउने ।

१.२ समान–उमेर समूहको निर्माण किन आवश्यक छ भन्ने प्रश्नको उत्तरको लागि सहभागी बीच छलफल गराई छलफलबाट निस्केका बूँदाहरु

कालोपाटीमा टिप्ने । तत्पश्चात समान–उमेर समूहको निर्माण सम्बन्धमा निम्नलिखित बूँदाहरुको व्याख्या, छलफल गरिदिने :

१.२.१ समान उमेर अनुसार विद्यार्थीको समूह निर्माण गर्ने सैद्धान्तिक आधार सामान्यतया उही उमेरका विद्यार्थीको शारीरिक, संवेगात्मक, वौद्धिक तथा सामाजिक विकास उही गतिमा हुन्छ भन्ने धारणा हो ।

१.२.२ समान उमेरका विद्यार्थी एउटै समूहमा राख्दा विभिन्न क्रियाकलाप गर्न उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्न सकिन्छ ।

१.२.३ समान उमेरका विद्यार्थी एउटै समूहमा रहँदा सबै विद्यार्थीले सबै प्रकारका कार्यकलापमा सहभागी हुन पाउँछन् ।

१.२.४ समान उमेर नभएको खण्डमा कुनै खालका क्रियाकलाप असमान उमेरकै कारणबाट कुनै विद्यार्थीलाई नसुहाउने हुन जान्छ जस्तो, शारीरिक शिक्षामा प्रायजसो उमेरकै आधारमा क्रियाकलाप गर्न दिइन्छ ।

१.२.५ विभिन्न वा असमान उमेरका विद्यार्थीलाई एउटै समूहमा राखेर गरिएको अध्यापनको तुलनामा समान उमेरका विद्यार्थीलाई एउटै समूहमा राखेर गरिएको अध्यापनबाट उपलब्धि बढी राम्रो भएको तथ्य अध्ययनबाट देखिएको छ । (Dean, 1989).

१.३ प्रशिक्षकले उपरोक्त बूँदाहरु भएको कार्डवोर्ड तयार गरी सहभागीलाई देखाउनु उपयुक्त हुनेछ ।

१.४ समान क्षमता समूहको निर्माण विषयवस्तु तथा पढाइने पाठको आधारमा शिक्षकले विद्यार्थीको क्षमताको परीक्षण गरी उच्च क्षमता, औसत वा मध्यम क्षमता र कम क्षमताको समूहमा विद्यार्थीलाई राखी गर्ने गरिन्छ भन्ने तथ्यलाई सहभागी बीच प्रशिक्षकले स्पष्ट पार्ने । त्यसपछि यस प्रकारको समूह निर्माणमा विचार गरिनु पर्ने निम्नलिखित बूँदाहरु वारे सहभागी बीच छलफल गराउने :

१.४.१ समान क्षमता अनुसार गरिएको समूह निर्माणमा क्षमता अनुरुप विषयसूची र क्रियाकलापमा भिन्नता आउँछ ।

१.४.२ एक समूहमा समान क्षमताका विद्यार्थी हुने हुनाले उनीहरुको प्रगतिदर बीच ठूलो भिन्नता पाइँदैन ।

१.४.३ नेपालको सन्दर्भमा सामान्यतया कक्षा १ मा आउने विद्यार्थीको पृष्ठभूमि र क्षमता स्तर भिन्न भिन्न खालको हुने गरेकोले यस प्रकारको समूह निर्माणको प्रक्रिया बढी फलदायी हुन सक्तछ ।

१.४.४ यस्तो समूहमा निसन्देह सबै विद्यार्थीले आफ्नै क्षमताअनुसार सिक्दछन् ।

१.४.५ विभिन्न क्रियाकलाप सञ्चालन गर्दा यस प्रकारको समूहको पूनर्गठन विषय अनुसार गरिरहनु पर्दछ, एकपटक समूह निर्माण गरेपछि त्यसलाई सदाको लागि स्थायी सम्झिनु हुँदैन ।

१.४.६ मन्द वुद्धिका विद्यार्थीलाई त्यस्तै समूहमा राखी रहँदा उनीहरुको उपलव्धि सदानै कम हुने आशंका हुने हुनाले यस किसिमको समूह निर्माण गर्दा शिक्षकले बढी सतर्कता भने अपनाउनु पर्दछ ।

१.४.७ यस प्रकारले समूह निर्माण गरेपछि कक्षा सञ्चालनको तरीका फरक फरक हुने गर्दछ, जस्तै : एउटा समूहमा शिक्षण गर्ने अरु समूहलाई क्रियाकलापमा लगाउने, सबै समूहलाई सानो सानो पाठ दिएर सबै समूहलाई बराबर समय दिई सिकाउने वा कूल समूहको आधा समूहलाई शिक्षण गरी बाँकी आधा समूहलाई क्रियाकलापमा व्यस्त गराउने ।

१.४.८ धैरै नै कम क्षमताका विद्यार्थीको समूहलाई संज्ञानात्मक पक्षको तुलनामा क्रियाकलापमा बढी जोड दिनु पर्दछ ।

## २. अभिरुचि समूह तथा सामाजिक समूह :

२.१ विद्यार्थीलाई विभिन्न कार्यको लागि समूहवद्ध गराउने अर्को सरल आधार हो उनीहरुको अभिरुचि तथा साथीत्व वा सामाजिकता भन्ने वूँदातर्फ सहभागीको ध्यान आकृष्ट गर्दै प्रशिक्षकले निम्नलिखित वूँदाहरुलाई अभिरुचि समूहको सन्दर्भमा सहभागीबीच छलफल गराउने :

२.१.१ विद्यार्थीको इच्छा नभएको कार्य गराउँदाको अनुभव सहभागी बीच आपसमा आदान–प्रदान गरिसकेपछि विद्यार्थीको चाहना, रुचि वा इच्छा बुझेर तदनुसार गरिने समूह निर्माणको प्रक्रियालाई नै अभिरुचि समूह भनिन्छ ।

२.१.२ समान प्रकारको क्रियाकलापमा अभिरुचि देखाउने विद्यार्थीलाई एउटै प्रकारको क्रियाकलापमा संलग्न गराउनु पर्दछ ।

२.१.३ समान अभिरुचिको आधारमा समूह बन्ने हुँदा परस्परमा सहयोग र अन्तर्क्रिया बढी हुने गर्दछ ।

२.१.४ अभिरुचि अनुरुपको क्रियाकलाप हुने हुँदा विद्यार्थीले सहज र छिटो गतिमा सिक्दछन् ।

२.१.५ सबै विद्यार्थीलाई एउटै प्रकारको क्रियाकलाप मन नपर्ने, अभिरुचि अनुसारको समूह कुनै ठूलो कुनै सानो हुन सक्ने, कमजोर खालका विद्यार्थीहरु इच्छा हुँदाहुँदै पनि नयाँ क्रियाकलाप गर्न हिचकिचाउने आदि जस्ता स्थितिसँग शिक्षक भलिभाँति परिचित हुनु पर्दछ ।

२ सामाजिक समूहको निर्माण साथित्व, आपसि मेल, सामाजिकता तथा पारस्परिक सद्भावको आधारमा मिल्ने विद्यार्थी बीच गरिन्छ भन्ने कुरा सहभागी बीच छलफलको लागि प्रस्तुत गर्ने र यस सम्बन्धमा आपसि अनुभव आदान–प्रदान गर्न लगाउने । त्यसपछि सामाजिक समूहको निर्माण सम्बन्धमा निम्नलिखित वूँदाहरुको सप्रसंग छलफल गर्न लगाउने । यी वूँदालाई कार्डवोर्डमा लेखी प्रशिक्षकले सहभागीलाई देखाउने :

२.१ यस्तो समूहमा विद्यार्थी स्वतन्त्र हुने हुनाले उनीहरु कुनैपनि समूहमा जाने वा मिल्ने गर्न सक्तछन् ।

२.२ यस्तो समूहमा प्रायजसो छात्र–छात्र वा छात्रा–छात्रा विद्यार्थीहरु हुने गर्दछन् ।

२.३ यस प्रकारको समूहमा मिश्रित क्षमताका विद्यार्थीको सम्मिश्रण हुने हुनाले नजान्नेले जान्ने विद्यार्थीबाट सिक्ने मौका पाउँदछन् ।

२.४ यस्तोसमूहको निर्माण शुरुमा विद्यालय प्रवेश गर्दाखेरीको समयमा बढी उपयुक्त हुने र आफूलाई मनपरेको र चिनेको समूहमा वस्न पाइने हुँदा यसबाट सुरक्षाको अनुभव हुन जान्छ ।

२.५ यस प्रकारको समूह निर्माण ठूलो कक्षामा गर्न कठिन हुने र समूहमा आवश्यक गफ हुने सम्भावनाबाट शिक्षक परिचित हुनु पर्दछ ।

३. लैंगिक समूह तथा मिश्रित क्षमता समूह :

३.१ सह–शिक्षालयको संख्या बढी भएको नेपालमा छात्र तथा छात्राको अलग अलग समूह निर्माण गर्न केही कठिनाई पर्ने भएतापनि विषयवस्तुको प्रकृति र सिक्ने व्यक्तिको क्षमता आदि विचार गरी लैंगिक समूहको निर्माण गर्नु पर्ने हुन्छ भन्ने कुरा सहभागी समक्ष प्रस्तुत गर्दै यस्तो समूहको निर्माण गरी अध्यापन गरिएको भए सो सम्वन्धी अनुभव सहभागीलाई अभिव्यक्त गर्न लगाउने । यसपछि लैंगिक समूह निर्माण वारे तलका वूँदालाई आधार वनाई छलफल गर्ने :

३.१.१ यस प्रकारको समूह विभाजनमा केटा र केटीको अलग अलग समूह हुन्छन् ।

३.१.२ ठूलो कक्षामा, शारीरिक शिक्षा जस्ता विषय अध्यापन गर्नु पर्दा यस प्रकारको समूह निर्माण गर्ने गरिन्छ ।

३.१.३ केटा र केटीको अभिरुचि तथा क्षमता फरक हुनाले पनि यस्तो समूह निर्माण गर्नुपर्ने हुन सक्छ ।

३.१.४ प्रौढावस्थामा पुगेपछि केटा र केटीको भूमिका फरक हुने हुनाले भावी भूमिकाको लागि पूर्व तयारी विद्यालयमा नै गर्नु पर्ने कारणवश यस प्रकारको लैंगिक समूहको निर्माण गरिनु पर्दछ ।

३.१.५ केटीहरुले सिक्ने कतिपय सीपहरु केटाहरुले पनि सिक्नु आवश्यक हुने हुँदा यस्तो समूहमा केटाकेटीले एक आपसबाट सिक्न सक्ने अवसर पाउँदैनन् भन्ने यथार्थबाट शिक्षक परिचित हुनु जरुरी छ ।

३.२ मिश्रित क्षमता समूहको निर्माण कक्षा–कोठाको आकार, विषयवस्तुको प्रकृति, विद्यार्थीको क्षमता र अभिरुचि तथा प्रयोग गरिने शिक्षण व्यवस्था

आदि कुराको अध्ययन गरी गर्नु पर्दछ भन्नेसन्दर्भको उल्लेख गर्दै यस सम्बन्धमा सहभागीको अनुभवको उपयोग गर्ने । तत्पश्चात् प्रशिक्षकले मिश्रित क्षमता समूहको निर्माण वारे तलका सम्वद्ध वूँदाहरुलाई आधार मानी कक्षा छलफललाई अगाडि बढाउने :

३.२.१ मिश्रित क्षमता समूहको निर्माण समान क्षमता समूहको निर्माणको ठिक विपरित तरीकाले गरिन्छ, अर्थात विभिन्न क्षमता भएका विद्यार्थीलाई एउटै समूहमा राखेर गरिन्छ ।

३.२.२ सम्पूर्ण कक्षा शिक्षण (whole class teaching) को तरीका अपनाउनु पर्दा विद्यार्थीलाई मिश्रित क्षमता समूहमा राखी अध्यापन गर्नु बढी उपयुक्त हुन्छ ।

३.२.३ यस्तो समूहबाट कम क्षमताका विद्यार्थीले उच्च क्षमताका विद्यार्थीबाट सिक्ने अवसर पाउँछन् ।

३.२.४ अन्तर-समूह प्रतियोगिता तथा कार्यकलापको लागि मिश्रित क्षमता समूह नै हुनु पर्दछ ।

३.२.५ काँतर तथा लज्जालु विद्यार्थीपनि यस्तो समूहमा काम गर्न पाउँदा उत्साहित भएर आउँछन् ।

३.२.६ यस प्रकारको समूह निर्माण गर्दा भाषा तथा गणित जस्ता विषयको शिक्षण गर्न कठिनाई हुने र उच्च क्षमताका विद्यार्थी निम्न क्षमताका विद्यार्थीसँग वस्नु पर्दा निरास हुने सम्भावना हुन्छ भन्ने कुरा शिक्षकले बुझ्नु जरुरी हुन्छ ।

## ४. समूह निर्माणका विभिन्न ढाँचाको प्रयोग :

४.१ प्रभावकारी सिकाइ सम्भव गराउनको लागि आवश्यकताअनुसार विभिन्न प्रकारका शैक्षणिक संगठनहरु (Instructional Organizations) को प्रयोग गरिने हुनाले विशेषत : कक्षा शिक्षण, वहुकक्षा शिक्षण र वर्गरहित शिक्षणमा विद्यार्थीको समूह निर्माणको अत्यधिक महत्व हुन्छ भन्ने सन्दर्भ उल्लेख गर्दै प्रशिक्षकले सहभागीलाई विद्यार्थीको समूह निर्माण गर्न विभिन्न ढाँचाहरुको प्रयोग कसरी गर्न सकिन्छ भन्ने सम्वन्धमा छलफल गराई मूख्य मूख्य वूँदाहरुलाई फ्लिप चार्टमा लेख्न लगाउने ।

४.२ प्रशिक्षकले निम्न बूँदालाई कार्ड बोर्डमा लेखी सहभागीलाई देखाउने । त्यसपछि दुवै बूँदाबीच के के समानता पाइन्छ सहभागीलाई पत्ता लगाउन लगाउने र दुवै बूँदालाई मिलाई निचोडमा आउन मद्दत गर्ने ।

४.२.१ लैंगिक समूह निर्माणको प्रयोग विशेष गरी लैंगिक समानता नभएको क्षेत्र तथा समुदायमा, ठूलो कक्षामा, शारीरिक शिक्षा जस्ता सीपमूलक विषय शिक्षण गर्नुपर्ने अवस्थामा र लैंगिक भिन्नता भएका सीपहरु सिक्नु पर्दा गरिन्छ ।

४.२.२ उमेर अनुसार गरिने क्रियाकलापहरु, शारीरिक शिक्षा जस्ता विषय शिक्षण गर्दा र समान सीप चाहिने कार्यकलापमा समान उमेर समूहको निर्माण गर्ने प्रक्रियाको प्रयोग हुन्छ ।

४.२.३ एउटै कक्षामा विद्यार्थी वीचको वौद्धिक क्षमतामा ठूलो भिन्नता भएमा र वहुकक्षा शिक्षणमा खासगरेर गणित तथा भाषा जस्ता विषयहरु अध्यापन गर्नुपर्दा समान क्षमता समूहको निर्माण गर्ने प्रक्रिया लागु गर्नु उपयुक्त हुन्छ ।

४.२.४ कोही विद्यार्थी कुनै क्रियाकलापमा चाखै नराख्ने तर अन्य क्रियाकलापमा भने बढी चाख देखाउने भै ति क्रियाकलाप छिटो सिक्ने सम्भावना भएमा अभिरुचि समूह निर्माणको प्रक्रिया प्रयोग गर्नु पर्ने हुन्छ ।

४.२.५ विद्यार्थीको विद्यालय प्रवेशको प्रारम्भिक चरणमा सामाजिक समूहको निर्माण गरी शिक्षण गर्नु प्रभावकारी हुन सक्दछ ।

४.२.६ सम्पूर्ण कक्षा शिक्षणको तरीका अपनाउँदा तथा अन्तर समूहात्मक प्रतिस्पर्धायुक्त सिकाइको लागि मिश्रित क्षमता समूहको निर्माण गरी प्रयोग गर्नुपर्दछ ।

४.२.७ नेतृत्व दिनु पर्ने क्रियाकलापमा तथा शिक्षण कार्यमा अरु विद्यार्थीको सहयोग, उपयोग गर्नुपर्दा प्रतिभाशाली समूहको प्रयोग उपयुक्त देखिन्छ ।

## ५ प्रतिभाशाली विद्यार्थीको शिक्षण :

५.१ शिक्षक चनाखो भएमा कक्षा कोठामा, कक्षा कोठा वाहिर, खेल मैदानमा, सह–कार्यकलाप या अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा, यी यस्तै अन्य वातावरणमा प्रतिभाशाली विद्यार्थीको पहिचान गर्न सकिन्छ भन्ने सन्दर्भ उल्लेख गर्दै प्रशिक्षकले सहभागीलाई त्यस्ता विद्यार्थी बारे आ–आफ्नो अनुभव वताउन लगाउने ।

५.२ त्यसपछि प्रतिभाशाली विद्यार्थीको पहिचान गर्ने आधारहरु के के हुन सक्छन् सो वारे छलफल गर्न लगाई छलफलबाट निस्केका वूँदाको सूचि तयार पार्न लगाउने ।

५.३ प्रतिभाशाली विद्यार्थीको शिक्षण सम्वन्धमा निम्नकुराहरु स्पष्ट रुपमा प्रस्तुत गर्नाको लागि कार्डवोर्डमा लेखि सहभागीलाई देखाउने :

५.३.१ कुनैपनि कक्षामा गरिने क्रियाकलाप, प्रश्नोत्तर, गृहकार्य आदिमा देखाइएको कुशलताको आधारमा विद्यार्थीलाई प्रतिभाशाली छ, छैन भनी छुट्याउन सकिने र कुनै प्रतिभाशाली विद्यार्थी भने आफ्नो प्रतिभा लुकाएर राख्नमा खप्पिस हुने हुनाले कक्षा कार्यकलाप, प्रश्नोत्तर जस्ता कार्यको साथै विभिन्न परिस्थितिमा उनीहरुले गर्ने क्रियाकलापको सूक्ष्म रुपमा अवलोकन गरी त्यस्ता विद्यार्थीको प्रतिभा पहिचान गर्नु शिक्षकको पहिलो दायित्व हुने हुनाले यस्ता विद्यार्थीको पहिचान पछि मात्र तिनीहरुलाई कसरी पढाउने भन्ने कुराको निर्णय गर्नुपर्दछ ।

५.३.२ प्रतिभाशाली विद्यार्थीले असामान्य खालका प्रश्न गर्ने, जवाफ पनि त्यस्तै खालको दिने हुनाले यस्ता विद्यार्थीलाई पढाउँदा विविध खालका क्रियाकलापहरु गर्न लगाउने र प्रश्न पनि खुला उत्तर आउने खालको सोध्नु पर्दछ । यसबाट उनीहरुको क्षमताको सही अन्दाज गर्न र अन्तरनिहित प्रतिभाको प्रस्फूरणको लागि उचित अवसर प्रदान गर्न सकिन्छ ।

५.३.३ कक्षामा दिइएको निर्दिष्ट क्रियाकलाप भन्दा बढी गर्न सक्छ, सक्दैन हेरी यस्ता विद्यार्थीलाई स्तरीय तथा उच्च खालका क्रियाकलाप गराउन लगाउनु पर्दछ ।

५.३.४ प्रतिभाशाली विद्यार्थीलाई शिक्षण गर्दा शिक्षकले आफूले प्रयोगमा ल्याएका सन्दर्भ सामग्रीहरु अध्ययन गर्न दिने, शैक्षिक सामग्री अवलोकन गर्न दिने, उपयुक्त शैक्षिक सामग्री संग्रह गर्ने जिम्मा दिने, रचनात्मक रुपमा समस्या समाधान गर्न थप समस्याहरु दिने, नयाँ विद्यार्थीका लागि निर्देशनहरु तयार पार्न लगाउने जस्ता जिम्मेवारी युक्त कार्यहरु गर्न लगाउनु पर्दछ ।

५.३.५ प्रतिभाशाली विद्यार्थीको शिक्षण गर्न शिक्षक स्वयं सक्षम र तालीम प्राप्त हुनु पर्दछ । हाल प्रचलनमा आएका शिक्षण विधिहरुमा खासगरेर शैक्षिक गति वृद्धिको तरीका, सरसल्लाह–निर्देशनको तरीका, स्वयं निर्देशित स्वतन्त्र सिकाइ विधि, वैयक्तिक शिक्षा कार्यक्रम (I.E.P.), रचनात्मक समस्या समाधानमा तालीम, राम्रोसँग तयार पारिएका शैक्षिक सामग्री, सूक्ष्म कम्प्यूटरको प्रयोग, अनुसन्धान सीपका तरीका प्रमुखछन् । कुन तरीका बढी उपयुक्त हुन्छ विद्यार्थीको क्षमता अनुरुप शिक्षकले छनौट गर्नुपर्दछ ।

५. मूल्याकन :

सहभागीले प्रस्तुत एकाइका विषयवस्तु सिकेको कुरा निश्चित गर्न निम्नलिखित क्रियाकलाप वा प्रश्नहरु गर्न सकिन्छ :

१. विभिन्न प्रकारका कक्षा संगठनका ढाँचाहरुमा कस्ता प्रकारका विद्यार्थीका समूह निर्माण गरी अध्यापन गर्न सकिन्छ सो वारे सविस्तार चर्चा गर्नुहोस् ।

२. प्रतिभाशाली विद्यार्थीको पहिचान गरी तिनलाई पढाउन नेपालको सन्दर्भमा उपयुक्त हुने शिक्षण विधिको संक्षिप्त परिचय दिनुहोस् ।

३. सहभागीलाई नजीकैका विद्यालयको अध्ययन अवलोकन गर्ने मौका दिई त्यहाँ प्रयोगमा ल्याइएका विद्यार्थी समूह निर्माणका ढाँचा वारे संक्षिप्त प्रतिवेदन लेख्न लगाउने ।

## एकाइ ७ : कक्षा संगठनमा मिश्रित ढाँचाको प्रयोग

समय : ७ घण्टा

**एकाइ परिचय :**

कुनैपनि विद्यालयमा एउटै मात्र कक्षा संगठन ढाँचाको प्रयोग विभिन्न कारणवश अव्यवहारिक हुन जाने हुँदा कक्षा संगठनका विभिन्न ढाँचालाई एक अर्कासँग मिलाएर प्रयोग गरेमा शिक्षण सिकाइ कार्य प्रभावकारी वनाउन सकिन्छ । तसर्थ यस एकाइमा अघिल्ला एकाइहरुमा उल्लेख गरिसकिएका कक्षा संगठनका विभिन्न ढाँचाहरुलाई आवश्यकता अनुसार परस्परमा मिलाएर कसरी प्रयोग गर्न सकिन्छ सो वारे जानकारी दिने प्रयास गरिएको छ ।

**१. उद्देश्यहरु :**

यस एकाइको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. कक्षा संगठनका मिश्रित ढाँचालाई परिभाषित गर्न ।
२. कक्षा संगठनमा मिश्रित ढाँचाको प्रयोगको आवश्यकता औल्याउन ।
३. कक्षा संगठनका विभिन्न ढाँचालाई आवश्यकताअनुसार एक आपसमा मिलाई तदनुरुप शिक्षण गर्न ।

**२. विषयवस्तु :**

यस एकाइमा समावेश गरिएको विषयवस्तु निम्नलिखित छ :

१. कक्षा संगठनको मिश्रित ढाँचाको अर्थ
२. कक्षा संगठनको मिश्रित ढाँचाको प्रयोगको आवश्यकता
३. कक्षा संगठनको मिश्रित ढाँचा अनुसार शिक्षण

**३. सामग्रीहरु :**

यस एकाइको शिक्षणको लागि निम्नलिखित सामग्रीहरु उपलव्ध हुनु पर्दछ :

१. **Hillson, Maurie, Change and Innovation in Elementary School Organization, New York, Holt, Rinehart and Winston, 1975.**

२. प्रा. शि. वि. परियोजना, प्राथमिक विद्यालयमा कक्षा संगठन, प्रशिक्षक निर्देशिका, शिक्षा मन्त्रालय, २०४९ ।

३. **Dean, Joan, Organising Learning in the Primary School Curriculum, London, Routledge, 1989.**

४. प्रदीप चन्द्र गौतम, परिचयात्मक शिक्षा, आशिष गिरी, रानी, विराटनगर, २०४२।

४. **विधि / क्रियाकलाप** :

यो एकाइको शिक्षणका लागि प्रयोग गर्न सकिने केहि विधि / तरीकाहरु तल दिइएका छन् :

१. **कक्षा संगठनको मिश्रित ढाँचाको अर्थ** :

१.१ कक्षा संगठनको यस अघिनै वताइएको परिभाषाको पुनरावलोकन गरी प्रशिक्षकले सहभागीलाई मिश्रित ढाँचाको धारणा वारे छलफल गर्न लगाउने । छलफलबाट निस्केका वूँदाहरु फि्लप चार्टमा उतार्ने ।

१.२ कक्षा संगठनको मिश्रित ढाँचा भन्नाले के बुभिन्छ, यसलाई कसरी परिभाषित गर्न सकिन्छ भन्ने प्रश्न सहभागीलाई गर्दै त्यसको प्रत्युत्तरमा आएका कुरालाई सम्मिश्रण गरी प्रशिक्षकले निम्नलिखित परिभाषा लेखिएको कार्डवोर्ड तयार गरी सहभागी बीच प्रस्तुत गर्ने ।

**परिभाषा** :

कक्षा संगठनका विभिन्न ढाँचामध्ये एकभन्दा बढी ढाँचालाई अर्को ढाँचासँग मिलाई सम्पूर्ण कक्षा शिक्षण वा समूह शिक्षण वा वैयक्तिक शिक्षणको माध्यमबाट प्रभावकारी सिकाइ सम्भव गराउने प्रक्रियालाई नै कक्षा संगठनको मिश्रित ढाँचा भनेर भनिन्छ ।

१.३ उपरोक्त परिभाषा प्रस्तुत गरेपछि निम्नकुराहरुको निचोडमा आउन सहभागीलाई मद्दत गर्ने :

१.३.१ कक्षा संगठनका विभिन्न ढाँचामध्ये कक्षा शिक्षणलाई विषय शिक्षणसँग मिलाएर शिक्षण गर्न सकिन्छ ।
१.३.२ वहुकक्षा शिक्षण र कक्षा शिक्षणलाई मिश्रित गर्न सकिन्छ ।
१.३.३ कक्षा तथा वर्गरहित शिक्षणलाई मिलाउन सकिन्छ ।
१.३.४ विषय शिक्षण तथा वहुकक्षा शिक्षणको मिश्रण गर्न सकिन्छ र

१.३.५ वर्गरहित शिक्षणलाई बहुकक्षा शिक्षणसँग मिलाउन सकिन्छ ।

## २. कक्षा संगठनको मिश्रित ढाँचाको प्रयोगको आवश्यकता :

२.१ कक्षा संगठनका विविध ढाँचाको प्रयोग आवश्यकताको उपज भएको कुरा सहभागीलाई पून : स्मरण गराउँदै यसरिनै मिश्रित ढाँचाको प्रयोग गर्नु किन आवश्यक छ भन्ने प्रश्नको उत्तरको लागि सहभागीलाई छलफलमा भागलिन लगाउने । सहभागीको छलफलका सारांशलाई बूँदागत रुपमा कालोपाटीमा सार्ने ।

२.२ प्रशिक्षकले मिश्रित ढाँचाको प्रयोगको आवश्यकता दर्शाउने निम्नलिखित बूँदाहरु कार्डबोर्डमा लेखी सहभागीलाई देखाउने ।

२.३ सहभागीबाट प्राप्त बूँदा र प्रशिक्षकबाट प्रस्तुत बूँदा बीच समन्वय गरी मिश्रित ढाँचाको प्रयोगको औचित्यकोपुष्टि गर्ने :

२.३.१ नेपालका प्राथमिक विद्यालयहरु खासगरि दुर्गम तथा ग्रामीण भेगका विद्यालयमा एकै प्रकारको कक्षा संगठनको मात्र प्रयोग नभएको,

२.३.२ एउटै कक्षा संगठनको प्रयोगबाट भन्दा एक भन्दा बढी कक्षा संगठनका ढाँचालाई मिलाएर प्रयोग गर्दा सिकाइमा बढी प्रभावकारिता आउने,

२.३.३ विद्यालयको स्थिति परिवर्तित खालको हुने हुनाले एकै प्रकारको कक्षा संगठनको प्रयोग निरन्तर रुपमा गर्न गाह्रो पर्ने,

२.३.४ मिश्रित ढाँचाको कक्षा संगठनको प्रयोग व्यवहारिक औ विद्यार्थीको विविधता चाहने अभिरुचि अनुकूल हुने,

## ३. कक्षा संगठनको मिश्रित ढाँचा अनुसार शिक्षण :

१. **कक्षा संगठनको एउटै ढाँचाको मात्र प्रयोग गर्नु भन्दा विभिन्न ढाँचालाई मिश्रित गरी शिक्षण गर्दा शिक्षण सिकाइ दुवै कार्यकलाप बढी प्रभावकारी हुने पूर्व उल्लेखित कुराको पुनर्पुष्टि गर्दै शिक्षण कार्यको लागि कक्षा संगठनका कुन कुन ढाँचालाई आपसमा मिश्रण गर्न सकिन्छ**

भन्ने प्रश्नको जवाफको लागि सहभागीलाई छलफलमा भाग लिन प्रोत्साहित गर्ने ।

२. छलफलबाट निस्केका बूँदाहरुलाई कार्डबोर्डमा लेख्ने । त्यसपछि प्रशिक्षकले तलका कुराहरु लेखिएको चार्ट तयार पार्ने र सहभागीलाई दुवै कुराहरु बीच समानता / भिन्नता के के छन् पत्ता लगाउन लगाउने :

२.१ कक्षा संगठनका विभिन्न ढाँचालाई यसरि मिश्रण गर्न सकिन्छ भन्ने कुराको उदाहरण सहित व्याख्या गर्ने जस्तो :

१.१ कक्षा संगठनको ढाँचामा कक्षा शिक्षणलाई विषयशिक्षणसँग सम्वद्ध गरी शिक्षण गर्न सकिन्छ ।

१.२ प्रा. वि. तहमा एक देखि पाँच सम्मका कक्षाहरुमा एउटै शिक्षकले कुनै कक्षामा सबै विषयहरु पढाउँछ भने अर्को शिक्षकले दुई वा दुई भन्दा बढी कक्षाहरुमा निश्चित विषयहरुमात्र अध्यापन गरी यसरी एउटै विद्यालयमा मिश्रित ढाँचाबाट शिक्षण गर्न सकिन्छ ।

१.३ प्रा. वि. का तल्ला तहका कक्षामा कक्षा शिक्षणको ढाँचा अनुसार शिक्षण गर्न सकिन्छ भने माथिल्ला तहका ४,५ कक्षामा विषय शिक्षणको ढाँचा अपनाउन सकिन्छ ।

२.२ कक्षा संगठनका ढाँचाको अर्को मिश्रण कक्षा शिक्षणलाई वहुकक्षा शिक्षणसँग गर्न सकिन्छ जस्तै :

२.१ प्राथमिक तहका कक्षामा कुनै कक्षामा एउटै शिक्षकले सबै विषयहरु पढाउँछ भने अर्को शिक्षकले दुई वा दुई भन्दा बढी कक्षालाई एउटै कोठामा राखी पढाउन सक्दछ ।

२.२ दुर्गम तथा ग्रामीण भेगका प्रा. वि. मा तल्ला तहका कक्षाहरुमा कक्षा शिक्षण र माथिल्ला तहका कक्षामा वहुकक्षा शिक्षण गर्न पनि सकिन्छ ।

२.३ कक्षा शिक्षणलाई वर्गरहित शिक्षणसँग मिलाएर पनि कक्षा संगठनको मिश्रित ढाँचा अनुसार शिक्षण गर्न सकिन्छ : जस्तै :

३.१ प्राथमिक तहका १–३ कक्षा सम्मका विद्यार्थीलाई उनीहरुको क्षमताको स्तर अनुसार विभिन्न पठन तहमा राखी सबै विषय १ वा १ भन्दा बढी शिक्षकले समन्वयात्मक रुपमा पढाउन सकिन्छ भने ४–५ कक्षाका विद्यार्थीलाई अलग अलग कक्षाकै रुपमा २ जना शिक्षकले आ–आफ्नो कक्षामा सबै विषय पढाउन सक्दछन् ।

३.२ नेपालका प्रा. वि. को सन्दर्भमा खासगरेर ग्रामीण तथा दुर्गम भेगका विद्यालयमा १–३ कक्षासम्मका विद्यार्थीलाई वर्गरहित कक्षासंगठनको ढाँचाबाट र ४–५ कक्षाका विद्यार्थीलाई कक्षा शिक्षणको ढाँचा अनुरुप शिक्षण गर्न सकिन्छ ।

२.४ विषय शिक्षण तथा वहुकक्षा शिक्षणको सम्मिश्रण गरेर पनि शिक्षण कार्यगर्न सकिन्छ, जस्तै :

४.१ प्रा. वि. का १–३ कक्षालाई एउटै ठाउँमा राखी सबै विषय एउटै शिक्षकले पढाउने र ४–५ कक्षालाई भने विषय शिक्षकले आ–आफ्नो विषय पढाउने गरेर कक्षा संगठनको ढाँचालाई मिश्रित गर्न सकिन्छ ।

४.२ प्रा. वि. का तल्ला कक्षामा वहुकक्षा शिक्षण र माथिका ४–५ कक्षामा विषय शिक्षण गर्दा उपल्ला कक्षाबाट क्रमश : विद्यार्थीलाई विशीष्टीकरणतर्फ उन्मूख गराउन आवश्यक पूर्वाधार खडा गर्न सकिन्छ ।

२.५ कक्षा संगठनका ढाँचाको मिश्रण यसरि पनि गर्न सकिन्छ : वर्गरहित शिक्षणलाई वहुकक्षा शिक्षणसँग मिलाएर शिक्षण गर्ने, उदाहरणको लागि :

५.१ प्रा. वि. का तल्ला कक्षाहरु जस्तै १–३ का विद्यार्थीलाई उनीहरुको स्तरको आधारमा ४ देखि ६ समूहमा राखेर एक वा एक भन्दा बढी शिक्षकले पढाउने र ४–५ कक्षाका विद्यार्थीलाई एउटै शिक्षकले एउटै कोठामा राखेर सबै विषय अध्यापन गर्न सक्दछ ।

५२ तल्ला कक्षामा सफलताको स्तरको आधारमा स–साना समूहमा विद्यार्थी राख्न सम्भव र सुगम हुने तर माथिल्ला कक्षाका विद्यार्थीलाई यसरि स–साना समूहमा वाँडी शिक्षण गर्नुको सट्टा वहुकक्षा शिक्षण विधि अंगाल्दा उपयुक्त हुने देखिएकोले नै तल्ला कक्षामा वर्गरहित शिक्षण र माथिल्ला कक्षामा (४ र ५) वहुकक्षा शिक्षण मिश्रित गरी लागू गर्न सम्भव देखिन्छ ।

५. मूल्यांकन :

सहभागीले प्रस्तुत एकाइ सिकेको कुरा निश्चित गर्न निम्नलिखित क्रियाकलाप वा प्रश्नहरु गर्न सकिन्छ :

१. कक्षा संगठनका कुन कुन ढाँचालाई एक आपसमा मिलाएर शिक्षणमा प्रयोग गर्न सकिन्छ उदाहरण सहित व्याख्या गर्नुहोस् ।

२. प्राथमिक विद्यालयमा १ देखि ५ कक्षासम्मका विद्यार्थीलाई कक्षा शिक्षण र वहुकक्षा शिक्षण मिश्रित गरी पढाउन पर्ने भएकोले सो अनुसारको कार्य तालीका बनाउनुहोस् ।

## एकाइ ८ : विद्यालय व्यवस्थापन

समय : १० घण्टा

### एकाइ परिचय :

विद्यालयमा उपयुक्त शैक्षिक वातावरण कायम गरी प्रभावकारी सिकाइलाई सम्भव गराउने कार्यमा सघाउ पुर्‍याउनु व्यवस्थापकीय जिम्मेवारी भित्र पर्न आउने मूल कार्य भएकोले विद्यालय व्यवस्थापकको रुपमा स्थापित प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनलाई सघाउने शिक्षकहरुले विद्यालयमा उपयुक्त शैक्षिक वातावरण कायम गर्न सक्रिय भूमिका खेल्नु पर्दछ । तसर्थ यस एकाइमा विद्यालय व्यवस्थापनको धारणा तथा उद्देश्य के हो र यसका प्रशासकीय पक्षमा आउने कुराहरु वारे जानकारी दिने प्रयास गरिएको छ ।

### १. उद्देश्यहरु :

यस एकाइको अन्तमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. विद्यालय व्यवस्थापनको अर्थ तथा उद्देश्य वताउन ।
२. व्यवस्थापन प्रक्रियाका आधारभूत अंगहरुसँग परिचित हुन ।
३. विद्यालय व्यवस्थापनका प्रशासकीय पक्षहरु के के हुन् सो वताउन र तिनका कार्यहरुसँग परिचित हुन ।
४. विद्यालय व्यवस्थापनका प्रशासकीय पक्षबारे छोटो अध्ययन प्रतिवेदन तयार गर्न ।

### २. विषयवस्तु :

यस एकाइमा निम्नलिखित विषयवस्तु समावेश गरिएको छ :

१. विद्यालय व्यवस्थापनको अर्थ
२. विद्यालय व्यवस्थापनको उद्देश्य
३. व्यवस्थापन प्रक्रियाका आधारभूत अंगहरु
४. विद्यालय व्यवस्थापनका प्रशासकीय पक्षहरु :

   ४.१ नियमावलीको निर्माण
   ४.२ भौतिक सुविधाको व्यवस्था
   ४.३ उपयुक्त शैक्षिक वातावरणको निर्माण र संरक्षण

३. **सामग्रीहरु** :

यस एकाइको शिक्षणको लागि निम्नलिखित सामग्रीहरु उपलब्ध हुनु पर्दछ :


१. शिक्षाशास्त्र अध्ययन संस्थान, शैक्षिक योजना तथा व्यवस्थापन, भाग दुई, डीनको कार्यालय, सानोठिमी, भक्तपुर, २०३८ ।

२. पा. पा. नि. वि. केन्द्र, निरीक्षण निर्देशिका, सानोठिमी, भक्तपुर, २०४९ ।

३. शिक्षाशास्त्र संकाय, आधारभूत प्रा. शि. तालिम, शिक्षण निर्देशिका, प्राथमिक शिक्षा शिक्षण समिति, २०४५ ।

४. आ. तथा प्रा. शि. परियोजना, प्राथमिक पाठ्यक्रम दिग्दर्शन, सानोठिमी, भक्तपुर, २०५० ।

५ Primary Education Development Project, Foundations of Education, Trainers' Training Package, Kathmandu, 1993.

६. Gupta, Om Prakash, General Principles of Educational Management, Institute of Education, Sanothimi, 1980.

७. केदार नाथ श्रेष्ठ, प्राथमिक विद्यालय व्यवस्थापन, प्राथमिक शिक्षा परियोजना, हरिहर भवन, काठमाण्डौ, २०४३ ।


४. **विधि / क्रियाकलाप** :

यो एकाइको शिक्षणका लागि प्रयोग गर्न सकिने केही तरीकाहरु तल दिइएका छन् :

१. **विद्यालय व्यवस्थापनको अर्थ** :

१.१ सहभागीलाई विद्यालय व्यवस्थापन वारे आफ्नो अनुभव वा धारणा अभिव्यक्त गर्न लगाई सो वारे आपसमा छलफल गर्ने ।

१.२ त्यसपछि विद्यालय व्यवस्थापनको परिभाषा कार्डवोर्डमा लेखी सहभागीलाई देखाउने र विद्यालय व्यवस्थापनको धारणा स्पष्ट गर्न आवश्यक छलफल गर्ने ।

१.३ विद्यालय व्यवस्थापन भित्र समेटिने विभिन्न पक्षहरुको सूचि वनाउन सहभागीलाई छलफल गराई बूँदाहरु कालोपाटीमा लेखिदिने ।

**परिभाषा** :

"विद्यालय व्यवस्थापन एक शैक्षिक, सामाजिक तथा अन्र्तवैयक्तिक प्रक्रिया हो जसमा शिक्षाका पूर्व निर्धारित राष्ट्रिय लक्ष्यहरु प्राप्त गर्नको लागि भैतिक, आर्थिक तथा मानवीय स्रोतहरुको संकलन, संयोजन तथा परिचालन गरिन्छ" ।

१.४ यसरि हेर्दा नेपालको परिप्रेक्ष्यमा विद्यालय व्यवस्थापन भन्ने वित्तिकै एउटा शैक्षिक–सामाजिक संस्थाको रुपमा विद्यालयलाई सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति–आर्थिक शक्तिदेखि लिएर भौतिक तथा स्रोत – सामग्री–को परिचालन उपयुक्त शिक्षण–सिकाइ कार्य सम्भव गराउनको लागि गरिने प्रशासनिक कार्य रहेछ भन्ने धारणाको स्पष्ट रुपमा व्याख्या सहभागीलाई प्रशिक्षकले गरिदिनु उपयुक्त हुनेछ ।

## २. विद्यालय व्यवस्थापनको उद्देश्य :

२.१ सहभागीलाई, संस्थाको रुपमा विद्यालय हुने हुँदा सोको समूचित प्रवन्धबाट के के परिणाम प्राप्त हुन सक्छ भन्ने सन्दर्भ पेश गरी सो उपर छलफल गर्न लगाउने ।

२.२ विद्यालय व्यवस्थापन गर्न किन आवश्यक छ भन्ने प्रश्नको उत्तरमा सहभागीलाई निर्देशित गर्ने र छलफलबाट प्राप्त वूँदाहरु कालोपाटीमा उतार्ने ।

२.३ विद्यालय व्यवस्थापनका उद्देश्यहरु के के हुन सक्छन् सो बारे सहभागीलाई छलफल गर्न लगाई बूँदाहरु टिप्ने ।

२.४ प्रशिक्षकले सहभागीबाट तयार पारिएका विद्यालय व्यवस्थापनका उद्देश्यलाई आफूले प्रस्तुत गरेका उद्देश्यसँग मिलाएर व्याख्या गरिदिने ।

**उद्देश्य** :

२.४.१ शिक्षाका पूर्व निर्धारित राष्ट्रिय लक्ष्यहरुको कार्यान्वयन गर्न आफ्नो विद्यालयमा उपयुक्त वातावरणको निर्माण गरी सो वातावरण कायम गर्नु ।

२.४.२ शैक्षिक लक्ष्य कार्यान्वियन गर्न अग्रणी स्थानमा रहेका शिक्षक–विद्यार्थी तथा अभिभावक बीच निरन्तर पारस्परिक अन्तर्क्रिया सञ्चालन गर्नु ।

२.४.३ विद्यालयको दैनिक कार्यसञ्चालनको लागि आवश्यक पर्ने विभिन्न स्रोतहरु जुटाई तिनको प्रयोग विद्यालयको शैक्षिक लक्ष्य प्राप्त गर्ने दिशातर्फ उन्मूख गराउनु ।

२.४.४ विद्यालय हाताभित्र उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्नु ।

२.४.५ विद्यालय भित्र विद्यार्थी–विद्यार्थी बीच शैक्षिक अनुशासन कायम गर्नु ।

२.४.६ विद्यालय र स्थानीय समुदाय बीच निरन्तर सम्पर्क कायम गरी राम्रो सम्वन्ध स्थापना गर्नु ।

२.४.७ विद्यालयको निम्ति न्यूनतम भौतिक सुविधाहरु उपलब्ध गराई तिनको समुचित प्रवन्ध गर्नु ।

२.४.८ विद्यार्थी तथा शिक्षकको लागि न्यूनतम शैक्षिक सुविधाहरु उपलब्ध गराउनु ।

२.४.९ जिल्ला शिक्षा प्रशासन र विद्यालय बीच सम्पर्क कडीको रुपमा काम गर्नु ।

२.४.१०विद्यालयीय शिक्षक / कर्मचारीको सेवा व्यवस्थित गर्नु ।

३. **व्यवस्थापन प्रक्रियाका आधारभूत अंगहरु** :

३.१ व्यवस्थापनलाई एक निरन्तर चलिरहने प्रक्रिया कै रुपमा हेरिने हुँदा यसका आधारभूत अंगहरुको वारेमा जानकारी राख्नुको मतलव विद्यालय व्यवस्थापनलाई राम्ररी वुझ्नु हो भन्ने सन्दर्भको उल्लेख गर्दै प्रशिक्षकले व्यवस्थापनका आधारभूत अंगहरु के के हुन सक्छन् भन्ने प्रश्न गरी सहभागीलाई त्यसको उत्तरको लागि छलफलमा सरिक गराउने ।

३.२ व्यवस्थापन प्रक्रियाका आधारभूत अंगहरु उल्लेख भएको र तिनका कामको वूँदाहरु संक्षेपमा लेखिएको कार्डवोर्ड सहभागीलाई देखाउने ।

३.३ व्यवस्थापनका आधारभूत अंगहरु निम्नलिखित भएको कुरा बताइदिने :

३.३.१ योजना निर्माण
३.३.२ संगठन
३.३.३ निर्देशन
३.३.४ नियन्त्रण

३.४ सहभागीलाई व्यवस्थापनका उपरोक्त आधारभूत अंगहरुवारे छोटो परिचय दिई प्रत्येक अंग अन्तर्गत संलग्न कृयाकलापहरु वारे छलफल गर्ने र छलफललाई निम्नलिखित बूँदाहरुमा टुँग्याउने :

**३.४.१ योजना निर्माण** :

- विद्यालयले के गर्ने, कहिले त्यो काम गर्ने र सो काम कसरी गर्ने भन्ने वारे निश्चय गर्नु ।
- लक्ष्य निर्धारण गर्ने र अधिकाधिक प्रभावकारिताको लागि कार्यक्रम सञ्चालनको निर्क्योल गर्ने ।
- सूचना, स्रोत संकलन गर्ने, विश्लेषण गर्ने र सञ्चार गर्ने ।
- कार्ययोजना तयार पारी त्यसको सञ्चार गर्ने ।

**३.४.२ संगठन** :

- निर्दिष्ट योजनालाई पूरा गर्न आवश्यक सुविधा, स्रोत, सामग्री, सरसाधन तथा कर्मचारी जुटाउने ।
- उद्देश्य प्राप्तिमा संलग्न विभिन्न व्यक्तिको कार्य विभाजन गर्ने र कार्यबीच समन्वय ल्याउने ।
- कार्यशैली तथा कार्यविधिहरुको निर्माण गरी परिभाषित गर्ने ।
- विभिन्न कार्यलाई संगठित गरी नियमित संगठनात्मक संरचनाभित्र ल्याउने ।

**३.४.३ निर्देशन** :

- विभिन्न कार्यबीच तालमेल ल्याई लक्ष्य प्राप्तिको लागि समन्वय कायम गर्ने ।
- लागत र समयको लागि खाका तयार पार्ने ।
- योजना कार्यान्वयनमा नेतृत्व प्रदान गर्ने ।
- सरसल्लाह दिने, लक्ष्योन्मूख हुन प्रेरित गर्ने र सुपरीवेक्षण गर्ने ।

**३.४.४ नियन्त्रण** :

- योजनाअनुसार कार्यको मूल्यांकन गर्नु ।
- सुधारको लागि गडवडी समयमै पत्ता लगाई कार्य दिशा वोध गर्नु ।
- व्यवस्थापन प्रक्रियाकै प्रभावकारिताको लेखाजोखा गर्नु ।

**४. विद्यालय व्यवस्थापनका प्रशासकीय पक्षहरु** :

४.१ विद्यालय व्यवस्थापनका भौतिक, शैक्षिक, आर्थिक तथा प्रशासनिक पक्षहरुमध्ये प्रशासनिक पक्ष पनि एक महत्वपूर्ण पक्ष हो भन्ने कुरा स्पष्ट गर्दै प्रशासनिक पक्षभित्र पर्ने संभाव्य अन्य अंगहरुको वारेमा सहभागीलाई छलफल गराई मूख्य बूँदाहरु कार्डवोर्ड वा फि्लप चार्टमा उतार्न लगाउने ।

४.२ विद्यालय व्यवस्थापनका निम्नलिखित प्रशासकिय पक्षहरु अन्तर्गत पर्ने कार्यको वारेमा संक्षेपमा सहभागीसँग छलफल गरी तलका निचोडमा आउन मद्दत गर्ने :

४.२.१ नियमावलीको निर्माण :

- विद्यालय हातामा स्वच्छ शैक्षिक वातावरण कायम गर्न शिक्षक, विद्यार्थी तथा कर्मचारीले खेल्नुपर्ने भूमिका स्पष्टसँग किटान गर्ने ।
- कक्षा कोठाको उचित व्यवस्थापनमा शिक्षक–विद्यार्थीको भूमिका के के हुन्छ तोकिदिने ।

- विद्यालय यूनिफर्म तोक्ने तथा विद्यार्थीको आचार संहिताको निर्माण गर्ने ।

- विद्यालयको संपत्ति संरक्षणसम्वन्धी निर्देशनहरु तयार पार्ने ।

- विद्यालय व्यवस्थापनमा संलग्न निकायलाई आ–आफ्नो क्षेत्र अन्तर्गतका कार्य सञ्चालन विधि / नियम तोक्न निर्देशन तयार गर्ने ।

४.२.२ भौतिक सुविधाको व्यवस्था :

- विद्यालयमा खानेपानी, शौचालय तथा प्राथमिक स्वास्थ्य उपचारको लागि प्राथमिक स्वास्थ्य सामग्री (**Primary Health Kit**) को व्यवस्था गर्ने ।

- अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न आवश्यक खेल्ने चौर, खेल मैदान तथा खेल सामग्रीको व्यवस्था गर्ने ।

- कक्षा कोठाको लागि आवश्यक शैक्षिक सामग्रीको संग्रह गर्ने ।

- प्रत्येक कक्षा कोठालाई प्रकाश, स्वच्छ हावा खेल्ने तथा न्यूनतम फर्निचरयुक्त बनाउने ।

- विद्यालयको लागि आवश्यक भए यातायात आदि साधन तथा विद्यालयकै लागि न्यूनतम भवन सुविधा उपलब्ध गर्ने ।

४.२.३ उपयुक्त शैक्षिक वातावरणको निर्माण र संरक्षण :

- प्रत्येक कक्षाकोठामा शिक्षक तथा विद्यार्थीको लागि न्यूनतम फर्निचर सुविधा तथा शिक्षकको लागि साझा कोठा व्यवस्था गरी शिक्षक विद्यार्थी बीच नियमित सम्पर्क र अन्तर्क्रिया गर्न लगाउन दुवै पक्षलाई प्रेरित गर्ने ।

- विद्यालयको सरसम्पत्ति, सुविधा र साधनको संरक्षण र उचित प्रयोग गर्न सम्वन्धित पक्षहरुको कर्तव्य निर्वाह कसरी हुनुपर्दछ सो तोकिदिने ।

- विद्यालयमा अवाञ्छित गतिविधि रोकको लागि त्यस्ता क्रियाकलाप के के हुन सक्छन् तोकिदिने र तत्सम्वन्धी नीति नियम निर्धारण गर्ने । जानाजान अवाञ्छित गतिविधि भएमा त्यस्ता गतिविधिमाथि कडाइका साथ नियन्त्रण गर्न निगरानी राख्नुका साथै समयमै आवश्यक कारवाही चलाउन पछि नपर्ने ।

- व्यवस्थापन–शिक्षक–विद्यार्थी तथा अभिभावक बीच तादात्म्य सम्वन्ध कायम गर्ने ।

- समय समयमा शिक्षक तथा विद्यार्थी दुवैलाई संलग्न गराउने शैक्षिक तथा सांस्कृतिक क्रियाकलाप सञ्चालन गर्ने ।

- नियमित रुपले विभिन्न स्रोतहरु जुटाउन तत्परताका साथ निरन्तर रुपमा लागिरहने ।

## ५. मूल्यांकन :

प्रस्तुत एकाइका विषयवस्तु सहभागीले सिकेको कुरा निश्चित गर्न निम्नलिखित प्रश्न वा क्रियाकलाप गर्न सकिन्छ :

१. नेपालमा प्राथमिक विद्यालय व्यवस्थापन कमजोर र अप्रभावकारी छ भन्ने सन्दर्भमा विद्यालय व्यवस्थापनका उपरोक्त पक्षहरुलाई ध्यानमा राखी कमजोर पक्ष समस्याहरु उल्लेख गर्दै तिनका समुचित समाधानका उपायहरु पनि उल्लेख गरी एउटा छोटो रिपोर्ट तयार पार्नुहोस् ।

२. प्रशिक्षकले सहभागीलाई पायक पर्ने नजिकैको प्राथमिक विद्यालयमा लगि विद्यालय अवलोकन (पूर्व निर्देशन अनुसार) गराई प्र. अ. सँग छोटो अन्तर्वाता लिन लगाएर त्यहाँको विद्यालय व्यवस्थापन वारे संक्षिप्त प्रतिवेदन पेश गर्न लगाउने ।

## एकाइ ९ : विद्यालय व्यवस्थापनका शैक्षिक पक्षहरु

समय : ८ घण्टा

### एकाइ परिचय :

विद्यालय व्यवस्थापनको भौतिक, आर्थिक, प्रशासनिक पक्ष जत्तिकै महत्वपूर्ण अर्को पक्ष हो शैक्षिक पक्ष । वास्तवमा हेर्दा विद्यालयको शैक्षिक पक्ष नै विद्यालय व्यवस्थापनको सफलता / असफलताको मापक मानदण्ड हुने गर्दछ । तसर्थ यस एकाइमा विद्यालय व्यवस्थापनसँग अभिन्न रुपमा गाँसिएर रहेका शैक्षिक सुपरिवेक्षणदेखि लिएर विभिन्न व्यक्ति, संस्थाको जिम्मेवारी वारे संक्षिप्त जानकारी दिने प्रयास गरिएको छ । विद्यालय व्यवस्थापन एक संवेदनशील तथा जटिल कार्य भएकोल यसका मूलभूत स्वरुपवारे सम्वन्धित व्यक्ति जानकार रहनु आवश्यक छ भन्ने कुरा सबैले महशूस गरेको हुनुपर्छ ।

### १. उद्देश्यहरु :

यस एकाइको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. विद्यालय व्यवस्थापनका शैक्षिक पक्षहरुको पहिचान गर्न ।
२. शैक्षिक सुपरिवेक्षणलाई विद्यालय व्यवस्थापनकै अंगको रुपमा परिभाषित गर्न ।
३. विद्यालयमा अतिरिक्त क्रियाकलापको आयोजना गर्न ।
४. विद्यार्थी–शिक्षक र व्यवस्थापन बीच सम्वन्ध स्थापना गर्न ।

### २. विषयवस्तु :

यस एकाइमा निम्नलिखित विषयवस्तु समावेश गरिएको छ :

१. शैक्षिक सुपरिवेक्षण
२. अतिरिक्त क्रियाकलापको आयोजना
३. विद्यार्थी–शिक्षक–व्यवस्थापन बीचको शैक्षिक सम्वन्धको व्यवस्थापन
४. विद्यालयीय कार्यमा संलग्न व्यक्ति / संस्थाको भूमिका

३. **सामग्रीहरु :**

यस एकाइको शिक्षणको लागि निम्नलिखित सामग्रीहरु उपलब्ध हुनु पर्दछ :

१. शिक्षाशास्त्र अध्ययन संस्थान, शैक्षिक योजना तथा व्यवस्थापन, भाग दुई, डीनको कार्यालय, सानोठिमी, भक्तपुर, २०३८ ।

२. पा. पा. नि. वि. केन्द्र, निरीक्षण निर्देशिका, सानोठिमी, भक्तपुर, २०४९ ।

३. शिक्षाशास्त्र संकाय, आ. प्रा. शि. तालीम, शिक्षण निर्देशिका, प्राथमिक शिक्षा शिक्षण समिति, २०४५ ।

४. आ. तथा प्रा. शि. परियोजना, प्राथमिक पाठ्यक्रम दिग्दर्शन, सानोठिमी, भक्तपुर, २०५० ।

५ PEDP, Foundations of Education, Trainers' Training Package, Kathmandu, 1993.

६. केदार नाथ श्रेष्ठ, प्राथमिक विद्यालय व्यवस्थापन, प्रा. शि. प., हरिहर भवन, काठमाण्डौ, २०४३ ।

७. शिक्षा मन्त्रालय, शिक्षा नियमावली, केशरमहल, काठमाण्डौ, २०४९ ।

४. **विधि / क्रियाकलाप :**

यो एकाइको शिक्षणका लागि प्रयोगमा ल्याउन सकिने केही तरीकाहरु / विधि तल दिइएका छन् :

१. **शैक्षिक सुपरिवेक्षण :**

**१.१ शैक्षिक सुपरिवेक्षण विद्यालय व्यवस्थापनको महत्वपूर्ण शैक्षिक पक्ष हो भन्ने कुरा उल्लेख गर्दै सहभागीलाई यसको अर्थ वताउन छलफल गराउने ।**

१.२ विद्यालय व्यवस्थापनमा शैक्षिक सुपरिवेक्षणलाई कसरी हेरिन्छ भन्ने कुरा तलका वूँदाहरुको व्याख्या गरी स्पष्ट पार्ने :

१.२.१ शैक्षिक सुपरिवेक्षण भन्नाले विद्यालयमा सञ्चालित (कक्षा कोठाभित्र या वाहिर) शैक्षिक गतिविधिहरु अर्थात् शिक्षण–सिकाइ कार्यकलापहरु पूर्वनिर्धारित शैक्षिक लक्ष्य अनुरुप चलीरहेका छन, छैनन् निश्चय गरी शैक्षिक क्रियाकलापमा देखिएका त्रूटिहरु हटाई शैक्षणिक गतिविधिमा वाञ्छनीय सूधार ल्याउनु भन्ने बुझिन्छ ।

१.२.२ विद्यालय व्यवस्थापन कार्यको रुपमा शिक्षण–सिकाइ कार्यकलापको प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अवलोकन गरी शिक्षक तथा विद्यार्थी बीच आपसि सम्पर्क, सरसल्लाह तथा अन्तर्क्रिया गरेर विद्यालय व्यवस्थापकले आवश्यक नैतिक तथा भौतिक सहयोग गर्ने गर्दछ ।

१.२.३ शैक्षिक सुपरिवेक्षणको मूल उद्देश्य नै शिक्षण–सिकाइ कार्यमा सुधार ल्याई शिक्षाका निर्दिष्ट लक्ष्यलाई पुरा गर्न सघाउ पुर्‍याउनु हो ।

## २. अतिरिक्त क्रियाकलापको आयोजना :

२.१ विद्यालय व्यवस्थापनको अर्को महत्वपूर्ण पक्ष विद्यालयमा अतिरिक्त क्रियाकलापको आयोजना नियमित रुपले गरी विद्यार्थीको सर्वाङ्गीण विकासलाई टेवा पुर्‍याउनु हो भन्ने कुरा सहभागी बीच छलफलको विन्दु वनाउने ।

२.२ अतिरिक्त क्रियाकलापले नियमित सिकाइ–प्रक्रियालाई नै अगाडी बढाउँछ र यसले भाषाका हिज्जे प्रतियोगिताका क्रियाकलापदेखि लिएर संस्कृतिका सांस्कृतिक कार्यक्रमको आयोजन पक्षसम्मलाई समेट्न पुग्दछ भन्ने कुरा उल्लेख गरी सहभागीले आयोजना गर्दै आएका यस्ता कार्यकलापको वारेमा विस्तृत छलफल गराउने ।

२.३ अतिरिक्त क्रियाकलापको रुपमा आयोजना गर्न सकिने विभिन्न कार्यको सूचि वनाइ कार्डवोर्डमा लेखी सहभागी बीच छलफलको लागि प्रस्तुत गर्न सहभागीलाई भन्ने ।

२.४ अतिरिक्त कार्यकलापको सञ्चालन नियमित रुपमा गर्न विद्यालय भित्र के कस्तो व्यवस्था विद्यालय व्यवस्थापकले गर्नुपर्दछ सो को सूचि वनाई

छलफल गर्न सहभागीलाई प्रशिक्षकले सघाउ पुर्‍याउने । यस सम्वन्धमा निम्नलिखित वूँदाको थप व्याख्या र छलफल गर्ने :

२.४.१ यस्ता कार्यकलापको आयोजना गर्न शिक्षक–विद्यार्थी सम्मिलित एक टिमको व्यवस्था गर्ने ।

२.४.२ कुन कुन कार्यक्रम सन्चालन गर्न सकिन्छ र त्यसको लागि वर्षभरी कुन समय मिलाउन सकिन्छ सो सम्वन्धी योजना वनाउने ।

२.४.३ खास खास कार्यको लागि को को जिम्मेवार रहने स्पष्टसँग तोकिदिने ।

२.४.४ यस्ता कार्यको प्रभावकारिता वारे समय समयमा मूल्यांकन गर्ने ।

## ३. विद्यार्थी–शिक्षक–व्यवस्थापन बीचको शैक्षिक सम्वन्धको व्यवस्थापन :

३.१ विद्यालय व्यवस्थापनको अर्को महत्वपूर्ण पक्ष हो शैक्षिक प्रक्रियामा प्रत्यक्ष रुपले संलग्न शिक्षक तथा विद्यार्थी र अप्रतयक्ष रुपमा संलग्न व्यवस्थापन पक्ष बीच निकटतम मानवीय सम्वन्ध स्थापना गरी सो सम्वन्ध निरन्तर रुपमा कायमै गर्ने । यस कुरालाई केन्द्र विन्दु वनाई सहभागी बीच छलफल गराउने । छलफललाई अझ अगाडी बढाउनको लागि यस्तो त्रिपक्षीय सम्वन्धको उचित व्यवस्थापन कसरी गर्न सकिन्छ सो सम्वन्धमा मूख्य मूख्य वूँदा निकाल्न सहभागीलाई सहयोग गरी ति वूँदालाई फि्लप चार्टमा टिप्ने ।

३.२ प्रशिक्षकले आफ्नो तर्फबाट उपरोक्त कुराको लागि निम्नलिखित वूँदा भएको कार्डवोर्ड तयार पारी सहभागीलाई देखाएपछि दुवै वूँदालाई मिसाएर निचोड निकाल्ने :

३.२.१ विद्यालय व्यवस्थापकले दैनिक प्रशासनीक कार्यमा मात्र सीमित नरही नियमित रुपमा कक्षा अवलोकन र कक्षा अध्यापन पनि गर्नु पर्दछ ।

३.२.२ विद्यार्थी–शिक्षक–व्यवस्थापन बीच नियमित सञ्चार सम्पर्क हुनु पर्दछ ।

३.२.३ सामयिक रुपमा तीनै पक्षलाई एउटै मञ्चमा खडा गर्न विभिन्न प्रकारका शैक्षिक क्रियाकलापहरु नियमित रुपले सञ्चालन हुनु पर्दछ ।

३.२.४ सम्भवभएसम्म विद्यालयसम्वन्धी अझ त्यसमा पनि शैक्षणिक प्रक्रियासम्वन्धी निर्णय गर्दा विद्यार्थी प्रतिनिधि र शिक्षकको सहभागिता खोज्नु पर्दछ ।

३.२.५ शिक्षक तथा विद्यार्थीबाट समय समयमा आउने गुनासा, सुझाव तथा आलोचनालाई विद्यालय व्यवस्थापनले ध्यानपूर्वक सुनी त्यससम्वन्धी जायज कदम तुरुन्त उठाउनु पर्दछ ।

३.२.६ विद्यालय स्रोत र साधनले भ्याएसम्म शिक्षक–विद्यार्थीका लागि न्यूनतम सुविधाहरु उपलव्ध गराउनु पर्दछ ।

३.२.७ विद्यालयले वार्षिक कार्ययोजना वनाएर लागु गर्ने र सो वनाउँदा शिक्षक र विद्यार्थी दुवैको सहयोग प्राप्त गर्न कोशीश गर्ने ।

३.२.८ विद्यालय व्यवस्थापकले आफूलाई प्रशासक कम तर शैक्षिक साथी–सहायक बढी ठानी शिक्षक–विद्यार्थीलाई व्यवहार गर्ने ।

३.२.९ शिक्षक तथा विद्यार्थी दुवैलाई विद्यालयका जल्दावल्दा समरयासँग परिचित गराई उनीहरुको सहयोगको अपेक्षा गर्ने – समस्या समाधानको लागि ।

३.२.१० विद्यार्थी तथा शिक्षक र व्यवस्थापकले पनि संस्थागत दायित्वलाई व्यक्तिगत दायित्व नै सम्झी आफू संस्था (विद्यालय) कै अभिन्न अंग हुँ भनी **(a sense of belonging)** अनुभव गर्ने ।

## ४. विद्यालयीय कार्यमा संलग्न व्यक्ति / संस्था / निकायको भूमिका :

४.१ विद्यालय एक विशेष सामाजिक / शैक्षिक संस्था भएकोले यसको प्रभावकारी सञ्चालनमा विभिन्न व्यक्ति तथा निकायको प्रत्यक्ष / अप्रतयक्ष संलग्नता रहेको हुन्छ भन्ने कुरा सहभागीलाई नेपालका खासगरि ग्रामीण तथा दुर्गम भेगका प्रा. वि. को व्यवस्थापन पक्षलाई कोट्याएर सप्रसँग वताइदिने ।

४.२ सहभागीलाई उनीहरुको विद्यालय सञ्चालनमा क कसले कसरी सघाई रहेका छन् त्यसको वारेमा आफ्नो अनुभव वताउन लगाउने ।

४.३ प्रशिक्षकले शिक्षा नियमावली २०४९ बाट निर्दिष्ट गरिएका विभिन्न व्यक्ति जस्तै : प्रधानअध्यापक, जिल्ला शिक्षा अधिकारी तथा निकाय जस्तै : विद्यालय व्यवस्थापन समिति आदिको विद्यालय सञ्चालन कार्यमा प्रत्यक्ष संलग्नताको पुष्टि गर्दै यी सबै मध्ये महत्वपूर्ण र नजिकको भूमिका कस्को हुन्छ सो वारे सहभागी बीच छलफल गर्न लगाउने ।

४.४ विद्यालयीय कार्यमा संलग्न भएका व्यक्ति / निकायको संयुक्त प्रयास नै विद्यालय व्यवस्थापनको समुच्च रुप हुने हुनाले यस कार्यमा संलग्न हुने प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीको भूमिका वारेमा सहभागी बीच छलफल गराई प्रत्येकको भूमिकाको वारेमा छोटो टिपोट तयार पार्न लगाउन प्रशिक्षकले शिक्षा नियमावली २०४९ पुस्तिका सहभागीलाई उपलब्ध गराएर ति भूमिकाको पुनरावलोकन गर्न लगाई सो टिपोट सहभागी बीच प्रस्तुत गर्न लगाउने । प्रशिक्षकले सो सम्वन्धमा आवश्यक पृष्ठपोषण दिने ।

## ५ मूल्यांकन :

प्रस्तुत एकाइमा उल्लेखित विषयवस्तु सहभागीले सिकेका छन् भनी निश्चित गर्न निम्नलिखित क्रियाकलाप वा प्रश्नहरु सोध्न सकिन्छ :

### १. लिखित विषयगत परीक्षा :

नेपालका प्रा. वि. मा प्रचलित विद्यालय व्यवस्थापनका शैक्षिक पक्षहरु के के हुन् तिनको सविस्तार व्याख्या गर्नुहोस् ।

२. **प्रयोगात्मक परीक्षा** :

सहभागीलाई नजीकैको प्रा. वि. मा लगि विद्यालय व्यवस्थापनका विविध शैक्षिक पक्षवारे क्षेत्रगत जानकारी हाँसिल गराउने । तत्पश्चात् विद्यालयका प्र. अ. वा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष / सदस्यसँग अन्तर्वार्ता लिई उनीहरुको भूमिका वारे संक्षिप्त लिखित प्रतिवेदन तयार पार्न लगाउने ।

अथवा,

३. जिल्ला शिक्षा कार्यालयमा अग्रिम रुपमा समय मिलाई जिल्ला शिक्षा अधिकारी वा विद्यालय निरीक्षकसँग भेटघाट / छलफल गरी उनीहरुको विद्यालय व्यवस्थापनमा के भूमिका रहेछ र कस्तो भूमिका खेलेका रहेछन् सो वारे संक्षिप्त लिखित प्रतिवेदन लेख्न लगाउने ।

## एकाइ १० : विद्यालय र समुदाय बीचको सम्वन्ध

समय : ८ घण्टा

### एकाइ परिचय :

प्रस्तुत एकाइमा विद्यालय र समुदाय बीचको अन्योन्याश्रित सम्वन्धलाई व्यवस्थापनकै एक अंगको रुपमा हेर्ने कोशिस गरिएको छ । साथै शिक्षकलाई समुदायकै अगुवाको रुपमा विद्यालय र समुदाय बीच सम्वन्ध सुधार्नको लागि उसले खेल्ने विभिन्न महत्वपूर्ण भूमिकाको वारेमा जोड दिइएको छ । खास गरेर स्थानीय समुदायमा परिवर्तनको संवाहकको भूमिकामा शिक्षकले खेल्न सक्ने थप महत्वपूर्ण भूमिकाहरु प्रति सकारात्मक धारणाको विकास गरी विद्यालय–समुदायको सम्वन्धलाई सुदृढ गर्ने काममा शिक्षकको महत्ता देखाउने कोशिस गरिएको छ । शिक्षकलाई स्थानीय समुदायले दिएको मान्यताको कारणले नै होला शिक्षा, स्वास्थ्य, वातावरण, महिला शिक्षा जस्ता कार्यको प्रचार प्रसार कार्यमा उनीहरुको संलग्नतालाई सदा स्वीकार गरिंदै आएको छ ।

### १. उद्देश्यहरु :

यस एकाइको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. विद्यालय र समुदाय वीचको सम्वन्धलाई बुझी यसको महत्व दर्शाउन ।
२. समुदायलाई विद्यालय प्रयोजनको लागि र विद्यालयलाई समुदायको उपयोगिताको लागि प्रयोग गर्न ।
३. विद्यालय–समुदाय सम्वन्ध सुदृढ गर्न शिक्षकले खेल्ने भूमिकाको पहिचान गर्न ।
४. समुदायमा परिवर्तनको संवाहकको रुपमा शिक्षकको भूमिका के के हुन सक्छ सो को पहिचान गर्न ।

### २. विषयवस्तु :

यस एकाइमा निम्नलिखित विषयवस्तु समावेश गरिएको छ :

१. विद्यालय र समुदाय बीचको सम्वन्धको अर्थ, आवश्यकता र महत्व :
२. सिकाइ स्रोतको रुपमा समुदाय
३. समुदायको स्रोत–केन्द्रको रुपमा विद्यालय
४. विद्यालय–समुदाय सम्वन्ध सुदृढ गर्नमा शिक्षकको भूमिका
५. समुदायमा परिवर्तनको संवाहकको भूमिकामा शिक्षक

३. सामग्रीहरु :

यस एकाइको शिक्षणको लागि निम्नलिखित सामग्रीहरु उपलब्ध हुनु पर्दछ :


१. प्रदीप चन्द्र गौतम, परिचयात्मक शिक्षा, आशिष गिरी, रानी, विराटनगर, २०४२ ।

२. शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षा आधार, (प्रथम पाँच महीने प्राथमिक शिक्षक सेवाकालीन तालीम पाठ्यक्रम) शिक्षा मन्त्रालय, २०५१ ।

३. आ. तथा प्रा. शि. परियोजना, प्राथमिक पाठ्यक्रम दिग्दर्शन, सानोठिमी, भक्तपुर, २०५० ।

४. PEDP, Foundations of Education, Trainers' Training Package, Kathmandu, 1993.

५ केदार नाथ श्रेष्ठ, प्राथमिक विद्यालय व्यवस्थापन, प्रा. शि. प., हरिहरभवन, काठमाण्डौ, २०४३ ।


४. विधि / क्रियाकलाप :

यो एकाइको शिक्षणका लागि प्रयोग गर्न सकिने केही तरीकाहरु तल दिइएका छन् :

१. **विद्यालय र समुदाय बीचको सम्बन्धको अर्थ, आवश्यकता र महत्व :**

१.१ प्रशिक्षकले विद्यालय–समुदाय सम्बन्ध भन्नाले के बुझिन्छ सो प्रश्न सहभागीलाई गरी सो को धारणा स्पष्ट गर्न उनीहरु बीच छलफल गराउने ।

१.२ विद्यालय–समुदाय सम्बन्धलाई यसरि परिभाषित गर्ने :

**"समुदायकै खाँचो पूर्तिगर्नका लागि समुदायकै अग्रसरतामा खोलिएको विद्यालय र स्थानीय समुदाय बीच हुने मानवीय, भौतिक, सामाजिक तथा शैक्षिक सम्पर्कको नियमित तथा विकसित रुपलाई नै विद्यालय–समुदाय सम्बन्ध भनिन्छ"** ।

१.३ विद्यालय र समुदाय बीच सम्वन्ध स्थापना हुन किन आवश्यक छ भनी प्रशिक्षकले सहभागीलाई सोध्ने र सहभागीबाट प्राप्त उत्तरमा छलफल गर्ने ।

१.४ तत्पश्चात् प्रशिक्षकले यी दुवै बीच सम्वन्धको आवश्यकता छ भनी निम्नलिखित वूँदाहरुलाई निचोडका रुपमा प्रस्तुत गर्ने :

१.४.१ विद्यालयको स्थापना प्रायजसो स्थितिमा समुदायले नै गर्ने हुनाले समुदायका स्थानीय आवश्यकता परिपूर्तिका लागि पनि यो सम्वन्ध कायम हुनु आवश्यक छ ।

१.४.२ विद्यालयको दिगो विकास र आत्मनिर्भरताको लागि पनि यी दुई बीच सम्वन्ध स्थापित हुनु पर्दछ ।

१.४.३ समुदाय र विद्यालय दुवैलाई साझा हितको रक्षा गर्ने सशक्त माध्यम वनाउनको लागि पनि यो सम्पर्क आवश्यक छ ।

१.४.४ विद्यालय मार्फत समुदायको र समुदाय मार्फत विद्यालयको छवी प्रक्षेपण गर्नको लागि पनि यो सम्वन्ध कायम हुनुपर्ने ।

१.४.५ विद्यालयका र समुदायका कतिपय साझा सवाल, साझा मुद्दा र साझा समस्या पनि हुन सक्ने हुनाले तिनको समाधनार्थ पनि आपसि सम्वन्ध कायम गर्नु जरुरी हुन्छ ।

१.४.६ यसरि विद्यालय समुदाय सम्वन्ध अपरिहार्य भएको हुनाले दुवै पक्षले यो सम्वन्धलाई टुट्न नदिन सजग रहनु पर्दछ ।

१.५ विद्यालय र समुदायको बीचको तादात्म्य सम्वन्ध नै विद्यालयको सफलताको कडी हुनाले यसको महत्व विद्यालयलाई भौतिक रुपले सुसम्पन्न गर्ने कार्य देखि लिएर शैक्षिक स्तर वृद्धिसम्मका क्रियाकलापमा प्रतिविम्वित हुन आउँछ भन्ने कुरा सहभागीलाई बताउने ।

१.६ सहभागीलाई उपरोक्त कुराहरुको परिप्रेक्ष्यमा विद्यालय समुदाय बीचको सम्वन्धको महत्व वारे छलफल गर्न लगाई सो महत्वको पुष्टि गर्ने वूँदाहरु तयार गर्न प्रशिक्षकले सघाउने ।

## २. सिकाइ स्रोतको रुपमा समुदाय :

२.१ विद्यालय र विद्यालयमा अध्ययन गर्ने विद्यार्थी समुदायकै उपज हुनाले समुदायबाट विद्यालयले धेरै कुराहरु सिक्न सक्दछ किनकि समुदाय एउटा त्यस्ता स्रोत हो जहाँबाट विद्यार्थीले सामाजिक व्यवहार, सांस्कृतिक रीतिथिती, सम्मानित परम्परा र मूल्य तथा भावी जीवनको प्रारुप आदि धेरै कुरा प्राप्त गर्दछ भन्ने कुरा सहभागीलाई छलफलद्वारा व्याख्या गरिदिने ।

२.२ समुदायलाई कसरि सिकाइ स्रोतको रुपमा प्रयोग गर्न सकिन्छ ? उपरोक्त सन्दर्भलाई आधार मानी सहभागी बीच छलफल गरिएपछि महत्वपूर्ण वूँदालाई कालोपाटीमा लेखी सम्वन्धको महत्व बारे उदाहरण सहित व्याख्या गरिदिने ।

## ३. समुदायको स्रोत केन्द्रको रुपमा विद्यालय :

३.१ विद्यालय–समुदायको सम्वन्ध सुदृढ पार्ने थप कडी हो विद्यालयलाई समुदायकै लागि स्रोत केन्द्रको रुपमा प्रयोग गर्नु । यस सम्वन्धमा प्रशिक्षकले कसरि विद्यालयलाई समुदायको लागि स्रोत केन्द्रको रुपमा उपभोग गर्न सकिन्छ सो वारे सामुहिक छलफल गरी निर्क्योलका वूँदाहरु टिप्न सहभागीलाई लगाउने ।

३.२ प्रशिक्षकले उपरोक्त सम्वन्धमा निम्न निचोडमा आउन सहभागीलाई मद्दत गर्ने :

३.२.१ *विद्यालय सानो विश्व नै हो* भन्ने भनाइलाई याद गरी यसभित्र घट्ने विविध घट्ना तथा कार्यक्रमलाई समुदायलाई नै दीक्षित गर्ने उद्देश्यले प्रचार प्रसार गर्ने (विभिन्न सञ्चारका माध्यमबाट) ।

३.२.२ समय समयमा विद्यालयबाट आयोजना गरिएका कार्यक्रममा स्थानीय समुदायको सहभागिता निम्त्याउने ।

३.२.३ समुदाय र विद्यालयकै संयुक्त प्रयास र सहयोगमा *वातावरण जोगाउ* जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

३.२.४ विद्यालयलाई फूर्सदभएको समयमा प्रौढ शिक्षा कार्यक्रम, स्वास्थ्य उपचार क्याम्प, स्वास्थ्य चेतना जगाउने जनचेतना कार्यक्रम,

परिवार नियोजन कार्यक्रम आदि जस्ता क्रियाकलाप सञ्चालन गर्ने थलोको रुपमा प्रयोग गर्ने ।

३.२.५ यसको अलावा स्थानीय समुदायलाई नै प्रभावित तुल्याउने खालका घटना, खबर, अन्वेषण आदि भएमा तिनको प्रचार प्रसार सरल भाषामा समुदायका व्यक्तिको लागि गरिदिने ।

३.२.६ स्थानीय तथा राष्ट्रिय महत्वका सांस्कृतिक कार्यक्रमको आयोजना गरेर समुदायलाई विद्यालयमा निम्त्याउने, आदि ।

## ४. विद्यालय समुदाय सम्वन्ध सुदृढ गर्नमा शिक्षकको भूमिका :

४.१ विद्यालय र समुदाय बीचको मध्यस्थताको रुपमा शिक्षकले कसरि काम गर्छ भन्ने बारे सहभागी बीच छलफल गराउने, छलफलका वूँदालाई कालोपाटीमा टिप्न लगाउने ।

४.२ शिक्षकलाई स्थानीय समुदायले कस्तो व्यक्तिको रुपमा ग्रहण गर्छ सो वारे समुहमा छलफल गराई शिक्षकले सम्वन्ध सुदृढ गर्नमा खेल्ने भूमिकाको वारेमा निम्नलिखित निचोड निकाल्न मद्दत गर्ने :

४.२.१ स्थानीय अभिभावक र विद्यालय व्यवस्थापन समितिसँग प्रभावकारी सम्वन्ध स्थापना गर्ने ।

४.२.२ विद्यालयको लागि आर्थिक सहयोग तथा भौतिक सुविधाहरु जुटाउन स्थानीय समुदायसँग सम्वन्ध राख्ने ।

४.२.३ साक्षरता तथा जनचेतना कार्यक्रम स्थानीय व्यक्तिको लागि सञ्चालन गरिदिने ।

४.२.४ विद्यालय र समुदाय बीच कडीको रुपमा काम गर्ने ।

४.२.५ विद्यार्थीको समुन्नतिको लागि उनीहरुको उपलब्धिको वारेमा छलफल गर्न अभिभावकहरुलाई संलग्न गराउने ।

४.२.६ सामुदायिक विकास कार्य तथा अन्य स्वय सेवी क्रियाकलापहरुमा आफ्नो संलग्नता जनाउने ।

४.२.७ विद्यार्थीलाई उनीहरुको घरमा उपयुक्त पठन पाठनको वातावरण सिर्जना गर्न सघाउने ।

४.२.८ शिक्षक अभिभावक संघ गठन गरि अन्य वौद्धिक, शैक्षिक, सामाजिक क्रियाकलापहरु सञ्चालन गर्ने ।

**५ समुदायमा परिवर्तनको संवाहकको भूमिकामा शिक्षक** :

५.१ प्रशिक्षकले स्थानीय समुदायमा शिक्षकलाई कस्तो व्यक्तिको रुपमा हेरिन्छ सो वारे सहभागी बीच छलफल गराउने र मूख्य मूख्य वूँदाहरु टिप्न लगाउने ।

५.२ *परिवर्तनको संवाहक* को शाब्दिक अर्थ वताउँदै शिक्षकलाई किन यो रुपमा हेरिने गरिएको छ सो वारे छलफल गराई सहभागीलाई निश्चित वूँदाहरुमा आउन मद्दत गर्ने ।

५.३ परिवर्तन स्थापित मान्यता, आदर्श र व्यवहारमा पाइने भिन्नता हो र यो भिन्नता ल्याउन मद्दत गर्ने व्यक्तिलाई संवाहक भनिन्छ भन्ने प्रसंग कोट्याएर समुदायमा शिक्षकले यो भूमिका कसरी खेल्दछ सो वारेमा सहभागी बीच छलफल गराई निम्न निचोडमा आउन सघाउने :

५.३.१ शिक्षक स्थानीय समुदायद्वारा सजिलैसँग स्विकारिएको ग्रहण ग्राह्य, विश्वासिलो तथा शिक्षित व्यक्ति हो ।

५.३.२ शिक्षकलाई स्थानीय समुदायले उनीहरुको सल्लाहकार, हितैषी, शुभचिन्तक र सुख दुखको साथीको रुपमा हेर्दछ ।

५.३.३ त्यसैले आफूले जानेको, सिकेको र भोगेको कुरालाई स्थानीय समुदायबीच शिक्षकले सहज तथा सजिलो रुपमा राख्न सक्तछ ।

५.३.४ कुनै चीजलाई खोजी नीति गरी सूक्ष्म र वस्तुगत रुपमा अवलोकन गरी त्यसप्रतिको आफ्नो गलत धारणामा परिवर्तन ल्याउन शिक्षक अग्रणीको रुपमा रहेको र समुदायले सहज ग्राह्य व्यक्तिको रुपमा लिएकोले यीनै यस्ता धारणा, सीप या वानी स्थानीय व्यक्तिको दैनिक जीवनमा स्थानान्तरण गरी उनीहरुको जीवन र जगत प्रतिको स्थापित विषयगत दृष्टिकोणमा परिवर्तन ल्याउन सक्तछ ।

५.३.५ शिक्षक स्थानीय व्यक्तिको लगि शैक्षिक अगुवा पनि भएकोले उसको वैज्ञानिक सोचाइ र दृष्टिकोणलाई स्थानीय व्यक्तिको अज्ञानतालाई कम गर्ने प्रभावकारी उपायको रुपमा प्रयोग गर्न सकिन्छ ।

५.३.६ सबैभन्दा ठूलो कुरा त समुदाय भित्रैको व्यक्तिको रुपमा स्थापित शिक्षकले समुदायमै रही उनीहरुकै भाषा र लवजमा उनीहरुको उन्नतिको लागि उनीहरुकै धारणा, विचार र व्यवहारमा परिवर्तन ल्याउन आफ्ना विचार, व्यवहार र दृष्टिकोणलाई उदाहरणको रुपमा पेश गर्न सक्तछ ।

## ५. मूल्यांकन :

प्रस्तुत एकाइका विषयवस्तु सहभागीले सिकेको कुरा निश्चित गर्न निम्नलिखित क्रियाकलाप वा प्रश्नहरु गर्न सकिन्छ :

### १. लिखित विषयगत परीक्षा :

विद्यालय र समुदाय बीच घनिष्ठ सम्वन्ध स्थापना गर्नुपर्ने कारण सहित सम्वन्ध स्थापनाका तरीकाहरु वारे उदाहरण दिई व्याख्या गर्नुहोस् ।

### २. प्रयोगात्मक परीक्षा :

सहभागीलाई स्थानीय समुदायमा अध्ययन अवलोकन भ्रमणमा लगी विद्यालयले समुदायलाई पुर्‍याइरहेको सहयोग सम्वन्धमा छोटो प्रतिवेदन लेख्न लगाउने ।

# ६. पाठ्यांश विवरण

घण्टा : ९०　　　जम्मा घण्टी : १२० (पिरियड)　　　पूर्णाङ्क : ७०

## पाठ्यांश परिचय :

प्रस्तुत पाठ्यांशको मूल उद्देश्य सहभागी शिक्षकहरुलाई विद्यमान परिस्थिति र आवश्यकता अनुकूल प्रभावकारी शिक्षणको लागि प्रचलनमा आएका विभिन्न प्रकारका कक्षा संगठनहरुसँग परिचित गराई विद्यालयमा उपयुक्त शैक्षिक वातावरण कायम गर्न आवश्यक विद्यालय व्यवस्थापन कुशल र प्रभावोत्पादक वनाउन सघाउ पुर्‍याउनको लागि आवश्यक पर्ने सीप तथा ज्ञान प्रदान गर्नु हो । उपरोक्त कुराको अतिरिक्त यस पाठ्यांशले सहभागीहरुलाई आफू काम गर्ने विद्यालयको विद्यालयीय परिस्थिति र अवस्था प्रति सचेत गराउनुको साथै प्रशिक्षणबाट सिकेका कुराहरुलाई विद्यमान विद्यालयीय परिस्थितिमा प्रयोग गरी शिक्षणकार्यलाई बढी से बढी उपलब्धिमूलक वनाउन प्रेरित गर्दछ । साथै यस पाठ्यांशबाट प्रशिक्षण कार्यक्रमलाई व्यवहारिक वनाउन, समूह समूहबीच अन्तर्क्रिया गर्ने मौका उपलब्ध गराउन, विद्यालयबाट प्राप्त अनुभवलाई प्रशिक्षण कार्यक्रममा सोद्देश्यपूर्ण रुपमा प्रयोग गर्न लगाउन र उपयुक्त व्यवहारिक कार्यकलापहरु गर्न लगाउने कुरामा जोड पुग्न जाने अपेक्षा गरिएको छ ।

## उद्देश्य :

यस पाठ्यांशको अन्त्यमा सहभागी शिक्षकहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१. कक्षा शिक्षणको लागि मूल शैक्षणिक संगठनका ढाँचाहरुको पहिचान गरी तिनका मूल स्वरुपहरु, फाइदा तथा वेफाइदाहरुको व्याख्या गर्न,

२. प्रत्येक कक्षा संगठनलाई दक्ष र प्रभावकारी वनाउन आवश्यक परिस्थिति र विधिहरुको पहिचान गर्न,

३. योजना वनाउन, समय तालीका तयार पार्न, शैक्षणिक तरीकाहरुको विकास गर्न, सम्वध्द शैक्षिक सामग्री निर्माण गर्न र विभिन्न प्रकारका कक्षा संगठनहरुमा विद्यार्थीलाई कार्यरत राख्ने उपायहरुको विकास गर्न,

४. विद्यार्थीहरुलाई प्रभावकारी र फलदायी रुपमा समूहमा विभाजन गर्ने उपयुक्त क्षेत्र, सन्दर्भ तथा परिस्थितिको पहिचान गर्न,

५ दुर्गम तथा ग्रामीण क्षेत्रमा *शिशु सदन* को महत्व निर्धारण गर्न र यसको व्यवस्था गर्न आवश्यक उपायहरु पहिल्याउन

६. विद्यालय व्यवस्थापनका धारणा र व्यवस्थापन प्रक्रियाका क्रियाकलापहरु के के हुन् सो स्पष्ट गर्न,

७. विद्यालय व्यवस्थापनका शैक्षिक तथा प्रशासनिक पक्षहरुको व्याख्या गर्न,

८. समूचित विद्यालय व्यवस्थापनको लागि विभिन्न व्यक्तिद्वारा खेलिने भूमिका र लिइने जिम्मेवारी बारे प्रतिवेदन तयार पार्न,

९. आफू कार्यरत विद्यालयको विद्यालय व्यवस्थापन प्रक्रियाको समीक्षा गरी यसलाई प्रभावकारी बनाउने उपायहरु अवलम्बन गर्न,

१०. विद्यालय र समुदाय बीचको सम्बन्ध स्पष्ट गर्न र यो सम्बन्ध सुदृढ गर्ने उपायहरुको विवेचना गर्न ।

**विषयवस्तुको विवरण :**

**एकाइ १ : कक्षा संगठनको परिचय** **समय : ६ घण्टा**

१. कक्षा संगठनको अर्थ
२. सिकाइमा कक्षा संगठनको भूमिका
३. कक्षा संगठनका विभिन्न ढाँचाहरु
४. विभिन्न प्रकारका कक्षा संगठनका आवश्यकता

**एकाइ २ : विषय–शिक्षण** **समय : १० घण्टा**

१. विषय शिक्षणको अर्थ
२. विषय शिक्षणको उद्देश्य
३. विषय शिक्षणका सवल र दुर्वल पक्षहरु
४. प्राथमिक कक्षामा विषय–शिक्षणको आवश्यकता

**एकाइ ३ : कक्षा–शिक्षण** **समय : १२ घण्टा**

१. कक्षा शिक्षणको अर्थ र उद्देश्य
२. कक्षा शिक्षणका फाइदा र वेफाइदा
३. कक्षा शिक्षणको लागि कक्षा कोठाको व्यवस्थापन
४. कक्षा शिक्षणको लागि कक्षा तालीकाको निर्माण
५ कक्षा शिक्षण प्रभावकारी बनाउने उपायहरु

एकाइ ४ : वहु–कक्षा शिक्षण समय : १२ घण्टा

१. वहु कक्षा शिक्षणको अर्थ र स्वरुप
२. वहु कक्षा शिक्षणको आवश्यकता
३. वहु कक्षा शिक्षणका सवल र दुर्वल पक्षहरु
४. वहुकक्षा शिक्षणको लागि कक्षाकोठाको व्यवस्थापन
५. वहुकक्षा शिक्षणको लागि शिक्षण तरीका

एकाइ ५ : वर्ग रहित शिक्षण समय : ७ घण्टा

१. वर्ग रहित शिक्षणको अर्थ
२. वर्ग रहित शिक्षणको उद्देश्य र स्वरुप
३. वर्ग रहित शिक्षणका फाइदाहरु / सीमाहरु
४. विद्यालय वाहिरका विद्यार्थीको लागि वर्ग रहित शिक्षणको प्रयोग

एकाइ ६ : विद्यार्थीको समूह निर्माणका ढाँचा तथा तिनको प्रयोग
समय : १० घण्टा

१. उमेर समूह तथा क्षमता समूह
२. अभिरुचि समूह तथा सामाजिक समूह
३. लैंगिक समूह तथा मिश्रित क्षमता समूह
४. समूह निर्माणका विभिन्न ढाँचाको प्रयोग
५. प्रतिभाशाली विद्यार्थीको शिक्षण

एकाइ ७ : कक्षा–संगठनमा मिश्रित ढाँचाको प्रयोग समय : ७ घण्टा

१. कक्षा–संगठनको मिश्रित ढाँचाको अर्थ
२. मिश्रित ढाँचाको प्रयोगको आवश्यकता
३. मिश्रित ढाँचा अनुसार शिक्षण

एकाइ ८ : विद्यालय व्यवस्थापन समय : १० घण्टा

१. विद्यालय व्यवस्थापनको अर्थ
२. विद्यालय व्यवस्थापनको उद्देश्य
३. व्यवस्थापन प्रक्रियाका आधारभूत अंगहरु
४. विद्यालय व्यवस्थापनका प्रशासकीय पक्षहरु :

४.१ नियमावलीको निर्माण
४.२ भौतिक सुविधाको व्यवस्था
४.३ उपयुक्त शैक्षिक वातावरणको निर्माण र संरक्षण

**एकाइ ९: विद्यालय व्यवस्थापनका शैक्षिक पक्षहरु** **समय : ८ घण्टा**

१ शैक्षिक सुपरीवेक्षण
२. अतिरिक्त क्रियाकलापको आयोजन
३. विद्यार्थी–शिक्षक व्यवस्थापन–बीचको शैक्षिक सम्बन्धको व्यवस्थापन
४. विद्यालय कार्यमा संलग्न व्यक्ति / संस्थाको भूमिका

**एकाइ १०: विद्यालय र समुदाय बीचको सम्बन्ध** **समय : ८ घण्टा**

१. विद्यालय र समुदाय बीचको सम्बन्धको अर्थ, आवश्यकता र महत्व
२. सिकाइ स्रोतको रुपमा समुदाय
३. समुदायको स्रोत केन्द्रको रुपमा विद्यालय
४. विद्यालय–समुदाय सम्बन्ध सुदृढ गर्नमा शिक्षकको भूमिका
५ समुदायमा परिवर्तनको संवाहकको भूमिकामा शिक्षक

## ७. सन्दर्भ सामग्री
## (References)


१. प्रदीप चन्द्र गौतम, परिचयात्मक शिक्षा, आशिष गिरी, रानी, विराटनगर, २०४२ ।
प्राप्तिस्थान : विभिन्न पुस्तक पसलहरु ।

२. शोभाकान्त झा, शिक्षा शास्त्र (सहायक पुस्तिका), रत्न पुस्तक भण्डार, काठमाण्डौ, २०४६ ।
प्राप्तिस्थान : रत्न पुस्तक भण्डार ।

३. प्रा. शि. वि. परियोजना, प्राथमिक विद्यालयमा कक्षा संगठन (प्रशिक्षक निर्देशिका) शिक्षा मन्त्रालय, २०४९ ।
प्राप्तिस्थान : प्रा.शि.वि. परियोजना कार्यालय, बागबजार, काठमाण्डौ ।

४. आ. तथा प्रा. शि. परियोजना, प्राथमिक पाठ्यक्रम दिग्दर्शन, सानोठिमी, भक्तपुर, २०५० ।
प्राप्तिस्थान : आ. तथा प्रा.शि. परियोजना कार्यालय, सानोठिमी, भक्तपुर ।

५ शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षा आधार (प्रथम पाँच महीने प्राथमिक शिक्षक सेवाकालीन तालीम पाठ्यक्रम), शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय, २०५१ ।
प्राप्तिस्थान : शैक्षिक जनशक्ति विकास केन्द्र, लाजिम्पाट, काठमाण्डौ ।

६. प्रा. शि. परियोजना, कक्षा शिक्षण तालिम पुस्तिका, सानोठिमी, भक्तपुर २०४८, दोस्रो संस्करण ।
प्राप्तिस्थान : आ. तथा प्रा.शि. परियोजना कार्यालय, सानोठिमी, भक्तपुर ।

७. प्रा. शि. परियोजना, वहु कक्षा शिक्षण तालिम पुस्तिका, सानोठिमी, भक्तपुर २०४८, दोस्रो संस्करण ।
प्राप्तिस्थान : आ. तथा प्रा.शि. परियोजना कार्यालय, सानोठिमी, भक्तपुर ।

८. Hillson, Maurie, Change and Innovation in Elementary School Organization, New York, Holt, Rinehart and Winston, 1975.

९. CERID / T.U., Multigrade Teaching in Primary Schools of Nepal (Part 1-3), Kathmandu, 1988.
प्राप्तिस्थान : शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रिपुरेश्वर, काठमाण्डौ ।

१०. CERID / T.U., Multiple Class Teaching: Methodological Guides, Kathmandu, 1986.
प्राप्तिस्थान : शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रिपुरेश्वर, काठमाण्डौ ।

११. UNESCO / PROAP, Multiple Class Teaching in Primary Schools : A Methodological Guide, Bangkok, 1988.
प्राप्तिस्थान : शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रिपुरेश्वर, काठमाण्डौ ।

१२. Dean Joan, Organising Learning in the Primary School Classroom, Routledge, London, 1989.

१३. Jacinta Mary, and Mary Regina, Primary Methods Handbook, Hodder and Stoughton, Britain, 1981.

१४. Wittrock Merlin C, (Ed.), Handbook of Research on Teaching, (third edition), Macmillan, New York, 1986 (For the Chapter on Classroom Organization and Management)
प्राप्तिस्थान : पाठ्यक्रम तथा मूल्यांकन विभाग, शिक्षा शास्त्र संकाय, कीर्तिपुर ।

१५. आ. तथा प्रा. शि. परियोजना / पा. पा नि. वि. केन्द्र, प्राथमिक शिक्षा पाठ्यक्रम, सानोठिमी, भक्तपुर, २०४९ ।
प्राप्तिस्थान : आ. तथा प्रा.शि. परियोजना कार्यालय, सानोठिमी, भक्तपुर ।

१६. पा. पा. नि. वि. केन्द्र, निरीक्षण निर्देशिका, सानोठिमी, भक्तपुर, २०४९ ।
प्राप्तिस्थान : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

१७. केदारनाथ श्रेष्ठ, प्राथमिक विद्यालय व्यवस्थापन, प्रा. शि. प. हरिहर भवन, काठमाण्डौ, २०४३ ।
प्राप्तिस्थान : आ. तथा प्रा.शि. परियोजना कार्यालय, सानोठिमी, भक्तपुर ।

१८. शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय, शिक्षा नियमावली, केशर महल, काठमाण्डौ, २०४९ ।
प्राप्तिस्थान : शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय वा कानून किताव व्यवस्था समिति, काठमाण्डौ ।

१९ पा. पा. नि. वि. केन्द्र / आ. तथा प्रा. शि. परियोजना, प्राथमिक शिक्षा पाठ्यक्रम खण्ड १ कक्षा १ देखि ५ सम्म, शिक्षा मन्त्रालय, काठमाण्डौ, २०४९।
प्राप्तिस्थान : आ. तथा प्रा.शि. परियोजना, सानोठिमी, भक्तपुर ।

२०. आ. तथा प्रा. शि. परियोजना, विषय विस्तृतिकरण, २०४९ खण्ड १ मा आधारित, सानोठिमी, भक्तपुर २०५० ।
प्राप्तिस्थान : आ. तथा प्रा.शि. परियोजना कार्यालय, सानोठिमी, भक्तपुर ।

२१. शिक्षाशास्त्र संकाय, आधारभूत प्राथमिक शिक्षक तालिम, शिक्षण निर्देशिका, तेस्रो प्याकेज (१५० घण्टा), त्रि. वि., शिक्षाशास्त्र संकाय, प्राथमिक शिक्षा शिक्षण समिति, २०४५ ।
प्राप्तिस्थान : शिक्षा शास्त्र संकाय, कीर्तिपुर ।

२२. **Gupta Om Prakash, General Principles of Educational Management, Institute of Education, Sanothimi, 1980.**
प्राप्तिस्थान : शिक्षा शास्त्र संकायको पुस्तकालय, कीर्तिपुर ।

२३. **Primary Education Development Project, Foundations of Education, Trainers' Training Package, Kathmandu, 1993.**
प्राप्तिस्थान : प्रा.शि. विकास परियोजनाको कार्यालय, बागबजार ।

२४. शिक्षाशास्त्र अध्ययन संस्थान, शैक्षिक योजना तथा व्यवस्थापन, भाग दुई, डीनको कार्यालय, सानोठिमी, भक्तपुर, २०३८ ।
प्राप्तिस्थान : शिक्षा शास्त्र संकाय, कीर्तिपुर ।

## ८. प्रशिक्षकको लागि पूरक सामग्री
## (Trainers' Supplements)

**प्रशिक्षकलाई निर्देशन** :

क. प्रस्तुत पाठ्यक्रममा समाविष्ट विषयवस्तुको प्रस्तुतिमा प्रशिक्षकलाई आफ्नो सिर्जनशीलताको पूरापूर उपयोग गर्न प्रोत्साहित गरिएको हुनाले यसमा दिइएका प्रस्तुतिकरणका विधिलाई हुवहु रुपमा अनुसरण गर्नुपर्ने वाद्यताबाट आँफू निर्देशित नहुनुहोस् ।

ख. कक्षासंगठन तथा विद्यालय व्यवस्थापन कार्य हाम्रो लागि अपरिचित विषय नभएतापनि यससम्वन्धी सैद्धान्तिक आधारहरु स्पष्ट गर्ने सन्दर्भ सामग्रीहरुको न्यूनताको कारणले गर्दा पनि एकातिर यी विषयवस्तुको प्रस्तुतिमा प्रशिक्षक सिर्जनशील हुनु आवश्यक ठानिएको छ भने अर्कोतिर यस सम्वन्धमा गरिने खोज, अध्ययन, अनुसन्धानसँग आफू परिचित हुने प्रयास गर्न पनि जरुरी छ ।

ग. यस पाठ्यक्रमको प्रत्येक एकाइमा गरिनुपर्ने कार्यकलाप निर्दिष्ट रुपमा तोकिएको भए तापनि प्रशिक्षकले आफ्नो ज्ञान, अनुभव, सीप र क्षमता तथा सिर्जनशीलतालाई प्रयोगमा ल्याई थप वा फरक खालको क्रियाकलाप गर्न सक्तछ ।

घ. नेपालका प्राथमिक विद्यालयका अवस्थाहरु सबै ठाउँमा समान खालका नभएकाले विद्यालयको अवस्था हेरी शिक्षकले कुन प्रकारको कक्षा संगठनको ढाँचा अपनाई शिक्षण गर्ने, विद्यार्थीको समूह निर्माण र वर्गीकरण कसरि गर्ने र अपनाउन लागिएको ढाँचालाई प्रभावकारी वनाउन विद्यालय व्यवस्थापन कस्तो हुनुपर्ने भन्ने यी आदि महत्वपूर्ण सवालमा शिक्षकले सम्वन्धित सबैको राय, सल्लाह, निर्देशन र सहयोग लिन प्रयास गर्नु अत्यावश्यक हुन आउँछ ।

ङ. प्राथमिक विद्यालयका शिक्षकको ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्य यस प्रशिक्षण कार्यक्रमको भएकोले प्रशिक्षण अवधिमा त्यस पक्षलाई ध्यानमा राखी दिइएका निर्देशन अनुसारका क्रियाकलापहरु सहभागीद्वारा गराउन लगाउन बढी व्यवहारिक र लाभदायक हुनेछ ।

च. शिक्षक सहभागीले आफ्नो अध्यापन कालमा प्राप्त गर्नु भएका अनुभवहरु तथा विद्यालयमा भोगेका समस्याहरु छलफलको क्रममा प्रशिक्षण कार्यक्रमलाई व्यवहारिकताको पूट दिन ज्यादै महत्वपूर्ण हुने हुनाले आफ्ना अनुभव तथा समस्यालाई विना हिचकिचाहट अभिव्यक्त गर्ने अपेक्षा गरिएको छ ।

छ. समूह कार्य, सामुहिक छलफललाई प्रशिक्षणमा बढी जोड दिएको हुनाले सहभागीहरुको सक्रिय सहभागिता जरुरी ठानिएको छ ।

ज. प्रशिक्षकको लागि पूरक सामग्री सहायक सामग्री भएकोले यसको अध्ययन गरी प्रशिक्षण कार्यलाई बढी व्यवहारिक वनाउन मद्दत गर्नु हुने आशा लिइएको छ ।

## १. लघु शिक्षण :

लघु शिक्षण शिक्षक शिक्षा कार्यक्रममा देखिएको एक प्रवर्तनात्मक कार्यक्रम हो जसले अभ्यास शिक्षण कार्यक्रममा बढी लोकप्रियता कायम गरेको छ । लघू शिक्षणलाई नियमित वा दैनिक रुपमा गरिने शिक्षणका जटिलताहरुलाई सरल वनाउने उद्देश्य लिएको तालीम विधिको रुपमा लिइएको छ । लघु शिक्षण विधिमा विद्यार्थी शिक्षकहरुलाई कक्षाको आकार, कक्षा समयको अवधि र शिक्षण कार्यको आधारमा सिर्जिएको नपा–तुला शिक्षण परिस्थितिमा कार्यरत गराइन्छ । लघू शिक्षणको मूख्य स्वरुपमा शिक्षण, परिमार्जन र पुनर्शिक्षण पर्दछन् जसलाई कहिलेकाँही भिडियो टेपको मद्दतबाट प्रस्तुत गरिन्छ । लघुशिक्षणका मूल खुड्किलाहरु निम्नानुसारका छन् :

### १.१ पहिलो खुड्किला :

क. सीपको अध्ययन र अवलोकन गर्ने ।
ख. शिक्षणको सीप बारे खोजीनीति गर्ने र थप अध्ययन गर्ने ।
ग. सीप प्रदर्शनको संक्षिप्त उदाहरणहरु हेर्ने ।
घ. शिक्षकले सीप प्रयोग गरेको नमूना पाठ हेर्ने ।

### १.२ दोस्रो खुड्किला :

क. सीपहरुको अभ्यास गर्ने ।
ख. सीपको प्रयोग गर्ने लघू पाठको योजना गरी शिक्षण गर्ने
ग. लघु शिक्षण पाठमा प्रयोग भएका सीपहरुको मूल्यांकन गर्ने ।

### १.३ तेस्रो खुड्किला :

क. सीपहरुलाई परिमार्जन गर्ने ।
ख. पूनपाठयोजना तयार पारी शिक्षण गर्ने ।
ग. सीपहरुको प्रयोगको मूल्यांकन गरी पुन पाठ पढाउने ।

१.४ लघू शिक्षण आयोजनाको प्रयोग ससाना पाठ्यांश पढाउनको लागि प्रयोगको रुपमा विद्यालय भित्रै पढाउँदा प्राप्त हुने अनुभवको लागि सञ्चालन गरिएको थियो फलस्वरुप विद्यार्थी शिक्षण वा अभ्यास शिक्षणसम्वन्धी अनुभवको लागि यसलाई नयाँ दृष्टिकोणको रुपमा प्रस्तुत गरियो ।

१.५ लघू शिक्षण सम्वन्धमा गरिएको प्रयोगबाट अभ्यास शिक्षणको प्रभावकारी विकल्पको रुपमा यसले काम गर्न सक्छ भन्ने प्रमाणित भएको छ । यसको अलावा सेवाकालीन तथा पूर्व सेवाकालीन दुवै खाले शिक्षणको लागि पनि शिक्षण अनुभव प्रदान गर्न यो उत्तिकै फलदायी हुने कुरा देखिएको छ ।

१.६ साना समूहको शिक्षणको अलावा ठूलो कक्षाको स्थितिको लागि पनि लघू शिक्षण उत्तिकै लाभप्रद पाइएको छ । ठूलो कक्षामा गरिएको शिक्षण र लघु शिक्षण अपनाई गरिएको साना समूहको शिक्षणमा उत्तिकै प्रभावकारीता देखिएको छ तर यसको प्रयोग बढी व्यवस्थित र सुनियोजित ढंगबाट गरिनु पर्दछ ।

स्रोत : The International Transfer of Microteaching Program for Teacher Education. OECD, Paris, 1975.

## २. कक्षा कोठा व्यवस्थापन

### परिचय :

कक्षा शिक्षण सिकाइ अन्तर्गत शिक्षक र विद्यार्थीहरू दिनभरी एउटै कक्षामा बसिरहन पर्ने हुन्छ । यदि कक्षाकोठा आकर्षक, सुविधायुक्त, सरसफाइ हुनुको साथै शिक्षण सिकाइ वातावरणलाई सघाउ पुर्‍याउने किसिमको भएमा कक्षाकोठाको बसाइ रमाइलो हुन्छ र शिक्षण सिकाइ कार्य सजिलो र प्रभावकारी हुन सक्छ । तर कक्षाकोठा व्यवस्थापन उपयुक्त किसिमको भएको छैन भने त्यस कक्षाकोठा भित्र एकछिन बस्न पनि सजाय दिएको जस्तो हुन्छ, फलस्वरूप शिक्षण सिकाइलाई प्रतिकूल प्रभाव पर्छ । कस्तो किसिमको व्यवस्थापन भएमा त्यसलाई उपयुक्त व्यवस्थापन मान्ने भन्ने विषयमा यस 'सत्रमा' (सत्र) मा छलफल गरिनेछ ।

### क्रियाकलाप नं. 1

कक्षा शिक्षण सिकाइको लागि अनुकूल वा प्रतिकूल वातावरण कस्ता कस्ता होलान् ?

अनुकूल वातावरण ........................

क) ............................ ङ) ......................

ख) ............................ च) ......................

ग) ............................ छ) ......................

घ) ............................ ज) ......................

प्रतिकूल वातावरण

क) ............................ ग) ......................

ख) ............................ घ) ......................

| 1. व्यवस्थापन पक्ष | २. गर्ने व्यक्ति | ३. गराइने कार्य योजना | गर्ने समय |
|---|---|---|---|
| | | | |

निष्कर्ष :-

कक्षा शिक्षक एक्लैले सम्पूर्ण व्यवस्था गर्न सक्दैनन् त्यसको लागि उनले विभिन्न क्षेत्रबाट सहयोग लिनु पर्छ । त्यसैले यसको लागि उनले योजना पनि बनाउनु पर्छ ।

# कक्षा शिक्षणका लागि पूर्वाधारहरू

## परिचय:-

अघिल्लो दिनको छलफलबाट हामीले कक्षा शिक्षण, विषय शिक्षण र बहुकक्षा शिक्षणमा फरक भएको पत्ता पायौं । कक्षा शिक्षकले दिनभरि अनि वर्षभरि नै एउटै कक्षामा समय बिताउनु पर्ने भएकोले रमाइलो ढंगबाट दिनभरिको कक्षा संचालन गर्न उसले विशेष किसिमको सुविधाको आवश्यकता पर्दछ । आज हामी तिनै सुविधाहरूको बारेमा छलफल गर्नेछौं ।

## क्रियाकलाप नं. 1



हामी विद्यालयमा धेरै वर्ष देखि पढाउदै आएका छौं । विद्यालयमा काम गरेको अनुभवको आधारमा शिक्षकमा हुनुपर्ने गुणहरू के के हुन् ? समूहमा छलफल गरी लेख्नुहोस् ।

(क) व्यक्तिगत र सामाजिक गुणहरू :- ..........................................

..........................................

..........................................

..........................................

..........................................

..........................................

..........................................

(ख) शैक्षिक गुणहरू :- ..........................................

..........................................

..........................................

..........................................

..........................................

..........................................

..........................................

शिक्षण पेशामा लागेका जुनै पनि शिक्षकका लागि यी माथि उल्लेखित गुणहरू हुनु अति जरूरी छ । कक्षा-शिक्षक पनि तिनै शिक्षकहरू मध्येका एक हुन् । त्यसकारण उनमा पनि यी गुणहरू हुनु जरूरी छ ।




## क्रियाकलाप नं. २

अरू विषय शिक्षकले जस्तै कक्षा शिक्षकले पनि दिनभरी विद्यार्थीहरूलाई पढाउनु पर्छ । तैपनि यी दुई शिक्षणमा जुनै खास क्षेत्रमा केही भिन्नताहरू पाइन्छन् । ती भिन्नताहरू के के होलान् ? एकछिन विचार गरेर तलको खाली ठाउँमा भर्ने कोशिश गरौं ।


| *कक्षा शिक्षकले* | *विषय शिक्षकले* |
|---|---|
| १. दिनभरि एउटै कक्षामा बसेर पढाउनु पर्छ । | १. ...... ...... ...... ...... ...... ...... ...... ...... |
| २. ...... ...... ...... ...... ...... ...... ...... ...... | २. आफ्नो विषयमा मात्र तयार गरेर पढाए पुग्छ । |
| ३. कक्षाका सम्पूर्ण विद्यार्थीहरूको शैक्षिक स्तर, अनुशासन आदि बारेमा जिम्मेवारी वहन गर्नुपर्छ । | १. ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... |
| ४. ...... ...... ...... ...... ...... ...... ...... ...... | ४. सीमित समयमा आफ्नो विषयको पाठ सक्नुपर्छ । |
| ५. वर्षभरि एउटै कक्षामा पढाउने भएकोले प्रत्येक विद्यार्थीलाई नजिकबाट हेर्न सकेको हुन्छ । विद्यार्थीको कमजोर क्षेत्र पहिल्याइ सोही अनुसार शिक्षण गर्न सक्नेहुन्छ । | ५. ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... ...... |
| ६. ...... ...... ...... ...... ...... ...... ...... ...... | ६. ...... ...... ...... ...... ...... ...... ...... ...... |

## क्रियाकलाप नं. ३

### कक्षा एकमा भएको विषय शिक्षणको स्थिति




### कक्षा एकमा भएको कक्षा शिक्षणको स्थिति




## निचोड

माथिको भिन्नताबाट हामीले थाहा पायौं कि कक्षा-शिक्षण, विषय-शिक्षण भन्दा फरक छ । कक्षा शिक्षक दिनभरि, एउटै कक्षाको विद्यार्थीहरूसँग बस्नु पर्ने बाध्यता छ । यसरी एकै ठाउँमा धेरै समयसम्म बसिरहँदा वाक्क लाग्छ । संधै उही विद्यार्थीहरूलाई के मात्र पढाउने र अनुहार हेर्दा हेर्दै दिक्क लागि सक्यो भने पढाइका

कक्षा शिक्षकहरूको गुनासो पनि सुन्नमा आउँछन् । हुन त, एउटा शिक्षकले दिनभरि एउटै कक्षामा पढाउँदा दिक्क लाग्छ भन्ने गुनासोलाई पनि पूर्ण रूपमा नकार्न सकिन्न तर दिनभरि उही विद्यार्थीहरूको मुख हेर्दा दिक्क लाग्छ भन्नुमा शिक्षक विद्यार्थी बीच राम्रो सम्बन्ध कायम हुन नसक्नु हो, यदि राम्रो सम्बन्ध कायम हुन सकेको खण्डमा एकदिन शिक्षक नआउँदा विद्यार्थीहरूले टुहुरोको अनुभव गर्छन भने एकदिन कुनै विद्यार्थी नआउँदा शिक्षक दिक्क मान्छन् । यही कुरालाई लिएर तल हाम्रो एउटी शिक्षिकाको भनाई दिएको छ । पढ्नुहोस्:

> "सधैंभरि उही विद्यार्थीहरूलाई मात्र पढाउँदा दिक्क लाग्दैन" भनी कक्षा १ मा कक्षा-शिक्षण गर्ने शिक्षिकालाई प्रश्न सोध्दा शिक्षिकाको उत्तर यस प्रकारथियो "हामी सधैं घरमा बुबा, मुमा, भाइ, बहिनीहरू संग बस्छौं, अनि प्रतिदिन उनीहरूको अनुहार हेर्छौं । यसबाट हामीलाई दिक्क लाग्नु पर्ने हो नि तर एकदिन नदेख्दा पो कहिले देखौं जस्तो लाग्छ ।" "यस्तैनै कक्षाका विद्यार्थीहरू पनि विद्यालय आउँदा बाटैमा लिन पुग्छन् खुशी हुन्छन् अनि विद्यार्थीहरू नहुँदा विद्यालयमा एकदिन पनि बस्न मन लाग्दैन"

बरु विद्यार्थीहरूलाई रमाइलो तवरबाट दिनभरि विविध क्रियाकलाप गराउने सीप भने चाहिन्छ । आज हामी ती सीपहरू कस्ता हुन सक्छन् पहिचान गरौं ।

<ins>क्रियाकलाप नं ४</ins>



## <ins>कक्षा शिक्षकमा हुनु पर्ने विशेष सीपहरू</ins>

(क) कक्षा शिक्षकमा हुनुपर्ने अति महत्वपूर्ण सीप हो — दिनभरिको शिक्षणमा <ins>क्रमिकता ल्याउने</ins> । विभिन्न तरिकाहरू अपनाएर प्रत्येक दिनको शिक्षणमा क्रमिकता ल्याउन सकिन्छ । जस्तै

1. विभिन्न शिक्षण विधिहरू अपनाएर
2. सिकाई क्रियाकलापहरू विभिन्नता ल्याएर
3. कक्षाको बीच - बीचमा विभिन्न मनोरंजनात्मक र सिर्जनात्मक क्रियाकलापहरू गराएर ।

(ख) विद्यार्थीको बसाइ व्यवस्था मिलाउने सीप

(ग) शिक्षण-सिकाइको गतिमा परिवर्तन ल्याउने सीप

(घ) आफू नआउने दिनमा विद्यार्थीहरूलाई गराउने योजना तर्जुमा गर्ने सीप

(ङ) कक्षाको वातावरण अनुसार क्रियाकलापहरूमा साधारण हेरफेर गर्न सक्ने सीप

४. (क) १. शिक्षण विधिमा विभिन्नता ल्याउने



प्राथमिक कक्षामा प्रयोग गरिने मुख्य मुख्य शिक्षण विधिहरू कुन कुन हुन् ? तल लेख्नुहोस् ।

१. ...... ...... ...... ......

२. ...... ...... ...... ......

३. ...... ...... ...... ......

४. ...... ...... ...... ......

ती विधिहरू प्रयोग गर्ने क्रममा -

(क) विषय अनुसार विधिको छनोट गर्ने की ?

(ख) कक्षाको वातावरण अनुसार छनोट गर्ने की ?

(ग) वा अन्य कुनै प्रकारले गर्ने ?

भन्ने बारेमा शिक्षकले विचार गर्नु पर्छ ।



तलका दुईवटा तालिकाहरूमा दुई जना कक्षा शिक्षकहरूले यहाँ दिनभरिको लागि शिक्षण विधिको छनोट गरिएको देखिइएको छ, सो को अध्ययन गर्नुहोस् ।

**गीताको छनोट**

| विषय | विधि |
|---|---|
| नेपाली | अभिनय |
| गणित | प्रश्नोत्तर |
| सामाजिक | अभिनय |
| स्वास्थ्य | अभिनय |

**सीताको छनोट**

| विषय | विधि |
|---|---|
| नेपाली | कथाकथन |
| गणित | प्रश्नोत्तर |
| सामाजिक | प्रदर्शन |
| स्वास्थ्य | अभिनय |



माथिका दुई शिक्षिकाको छनोटहरू मध्ये कुन बढी उपयुक्त छ उल्लेख गर्नुहोस् ।

## निष्कर्ष

कक्षा-शिक्षणमा शिक्षणको वातावरण सिर्जना गर्ने शिक्षकले प्रयोग गर्ने शिक्षण विधिमा भर पर्छ । कुनै पनि शिक्षण विधि जुनै पनि विषयमा प्रभावकारी ढंगबाट प्रस्तुत गर्न सकिन्छ । तर यो कुराले कक्षा शिक्षणमा केही असर पार्न सक्छ । एउटै शिक्षकले एउटै विधिलाई मात्र अँगालेर दिनभरिको कक्षा संचालन गर्न थाल्यो भने कक्षाको वातावरण दिक्क लाग्ने हुन सक्छ । यदि विषय शिक्षकको लागि भए एउटै विधि प्रयोग हुँदा पनि फरक नपर्न सक्छ किनभने विषय शिक्षकमा विषय अनुसार शिक्षक बदलिन्छ र एउटै विधि अपनाए पनि शिक्षक अनुसार प्रस्तुतीकरण फरक फरक हुन्छ । जसले गर्दा विधि दोहरिएको विद्यार्थीहरूले कमै मात्र चाल पाउँछन् ।

अतः कक्षा शिक्षणमा विभिन्नता ल्याउन कक्षा शिक्षकले आफूले प्रस्तुत गर्ने विधिहरूमा पनि विभिन्नता ल्याउनु पर्छ । यो एउटा कक्षा शिक्षणको लागि अत्यावश्यक सीप हो ।



## ४. (क) २. सिकाइ क्रियाकलापहरूमा विभिन्नता

कक्षा एकका विद्यार्थीहरूलाई कुन-कुन सिकाइ क्रियाकलापहरू गराउन सकिन्छ ?

१. ...... ...... ...... ...... ३. ...... ...... ...... ......

२. ...... ...... ...... ...... ४. ...... ...... ...... ......

५. ...... ...... ...... ...... ६. ...... ...... ...... ......

सिकाइ क्रियाकलापहरू कसरी छनोट गर्ने

- विषय अनुसार
- विधि अनुसार
- एउटै विधिबाट विभिन्न क्रियाकलाप गराउन सकिन्छ ।
- विभिन्न विधिबाट पनि एकै खाले क्रियाकलाप हुनसक्छ ।



तल तालिकामा विभिन्न विषयको लागि विद्यार्थी क्रियाकलाप छनोट गरिएको छ सो को अध्ययन गर्नुहोस् ।

तालिका "क"

| समय | विषय | क्रियाकलाप |
|---|---|---|
| पहिलो घण्टी | नेपाली | हेर्ने, सुन्ने र भन्ने |
| दोस्रो घण्टी | गणित | सुन्ने र गर्ने |
| तेस्रो घण्टी | सामाजिक | हेर्ने, सुन्ने र भन्ने |
| चौथो घण्टी | स्वास्थ्य | हेर्ने, सुन्ने र भन्ने |

तालिका "ख"

| समय | विषय | क्रियाकलाप |
|---|---|---|
| पहिलो घण्टी | नेपाली | सुन्ने, भन्ने, लेख्ने |
| दोस्रो घण्टी | गणित | व्यक्तिगत अभ्यास गर्ने, सोच्ने, समस्या समाधान गर्ने |
| तेस्रो घण्टी | सामाजिक | शैक्षिक भ्रमण, समूह कार्य, प्रतिवेदन तयार पार्ने |
| चौथो घण्टी | स्वास्थ्य | अभिनय गर्ने छलफल गर्ने, प्रश्न गर्ने र उत्तर दिने, अधिनय हेर्ने । |

उपरोक्त तालिकाहरू मध्ये तपाईले कुनलाई रूचाउनु हुन्छ र किन ?

**कून तालिकाबाट विद्यार्थीहरूका अधिकांश अंगहरू सिकाई क्रियाकलापमा संलग्न रहन्छ ?**

**निचोड**

यसरी कक्षा शिक्षकले विभिन्न विषयकोलागि विभिन्न विधिहरू अपनाएर पढाउँदा रोचक भएको पाइन्छ, त्यसरी नै दिनभरि विद्यार्थीहरूलाई गराइने क्रियाकलापहरूमा पनि विभिन्नता ल्याउनु पर्छ । ठूलो मानिसहरू समेत लगातार एउटै क्रियाकलापमा लागिरहन मन पराउँदैनन भने विद्यार्थीहरू त मन स्वभावैले चञ्चल हुने हुँदा उनीहरू धेरै बेरसम्म एउटै किसिमको क्रियाकलापहरू गर्न रूचाउँदैनन् । अत: विधि जतिसुकै प्रभावकारी भएता पनि शिक्षण सिकाइको सक्रिय व्यक्ति विद्यार्थी हो र ऊ आफै निरिक्य भएमा विधिको कुनै पनि असर पर्दैन । त्यसैले विद्यार्थीलाई सक्रिय राख्न समय समयमा सिकाइ क्रियाकलापमा परिवर्तन गरी नयाँ-नयाँ र रमाइला-रमाइला सिकाई क्रियाकलाप गराउनु पर्छ ।

स्रोत: कक्षा तालीम शिक्षण पुस्तिका, प्रा.शि.प., सानोठिमी, २०४८

# 3. MANAGEMENT OF LEARNING

## 3.1 Grouping for class management

There are many situations where a teacher needs to divide a class in order to undertake particular activities. This kind of grouping is very common in physical education and in art/craft activities because there is a limited amount of space or equipment and it has to be shared. It is also necessary from time to time to group children for the teacher's benefit in order to make work easier. For example, you may wish to demonstrate or show children something which cannot be properly seen if the group is too large.

## 3.2 Grouping by age

The majority of primary schools group children into classes by age, although an age group may represent a wide ability group. There is evidence so far as younger children are concerned that children in classes with a single age group tend to achieve better than those in classes of mixed age.

The maintenance of single age group classes may also mean cutting out any chance of withdrawal of children for a particular activity. In some of these situations classes of mixed age groups may be a better solution, especially if the teachers consider the children as individuals and are concerned to extend the thinking and achievement of the older and more able children.

A child's date of birth may have all sorts of consequences for his education. If he is among the oldest in his class he may appear to do well and this, in turn, may be motivating. He may also look mature and be treated as an older child.

If he is one of the youngest he may be stimulated to emulate older children and may thus make good progress or he may get depressed about doing less well than children who are older and give up. His ability may also be underestimated if he is small and immature. Teachers and others will speak to him as if he is younger and their expectation may be lower than his ability justifies.

## 3. 3 Ability grouping

The question of ability grouping is frequently debated, usually with more heat than light. Studies of its effect suggest that other factors may be more important in their effect on children's learning and that less able children are often under-estimated in a streamed or homogeneous situation.

The attitudes and expectations of the teacher and the school make all the difference to the way children view ability grouping and its values as a form of organization. A teacher can make remedial groups feel that they are special and deserving the best attention or that they are failures, although few teachers deliberately reinforce failure.

Children and others may also draw conclusions about themselves from the accommodation, books and materials provided for them which demonstrate the value placed on them by the school and the teacher. A remedial group which meets in poor accommodations with ancient books and materials possibly designed for younger children, draws its own conclusions.

What is true of ability grouping within the school will also be true within the classroom, especially of groupings which tend to be permanent.

The classroom teacher has the opportunity to re-group for different activities, however, and this will help to prevent some children assuming that they are in the bottom group for everything and thus hopeless all round. If you use ability grouping for a large amount of work, you perhaps need to ask yourself some questions about whether the more negative findings of studies of ability grouping apply in your classroom.

It is equally important not to take the opposite view that ability grouping is something to be avoided under all circumstances. Ability grouping may be the most efficient and effective way of teaching some things. For example, some aspects of work in mathematics, is often best done in ability groups.

Other work may gain from a mixed ability organization. This is particularly true of the creative aspects of work, such as art, drama, and the content, though not necessarily the presentation, of personal writing.

3.4 Developmental groups

Here the teacher is concerned to achieve a measure of homogeneity not by grouping for age or ability but by grouping according to stage of development. This is most likely to be relevant in practical work like physical education, but might be used in other areas.

Conversely, a teacher might consider the developmental stages of a group of children and deliberately mix the stages, so that the immature may learn from the more mature.

3.5 Grouping by learning needs

There will be occasions when a teacher selects a group to work with who are at about the same stage, perhaps introducing new work, checking or consolidating past work, or drawing together the work of a previous session.

This would seem to be a useful practical compromise for some work. It is particularly valuable with an integrated day or team teaching approach where groups of any size can be withdrawn for work with the teacher. Grouping by learning needs allows groups to vary from day to day and week to week as children progress and their needs change. It also makes evident the value of analyzing the learning needs of individuals.

3.6 Interest groups

Most teachers allow some choice of interest in the course of the day or week and children may choose a group working on a particular topic.

3.7 Social learning groups

Children need to acquire the skills of working with others. A particular individual may also benefit from working with children who provide good models for him by virtue of being older or good workers or good group members or just a good influence.

3.8 Friendship groups

Most of us like to work with our friends and there will be occasions when friendship groups work well. However, at the primary stage friendship groups will almost always be single sex groups, and there may be occasions when a mixed group might be preferable. There is also the problem of the child whom no one wants and the group where one dominant child does all the work. You may need to do some engineering in such cases. A teacher needs to use a mixture of groupings, sometimes forming ability groups or groups at the same stage of learning, sometimes deliberately structuring groups, so that children learn from one another and sometimes using friendship groups. This enables children to gain from the differing contributions of other children.

The questions you need to ask in planning grouping might be as follows :

a. Which activities need homogeneous groups ?

Mathematics and Language are two areas which are commonly expected to need groups at the same stage, but there is also a case for suggesting that a good deal of mathematics needs to be individual. It depends on the teacher's preferences and style to some extent, but nearly all work benefits from discussion and you need to consider what can be discussed in a group where the ability ranges widely. Some work lends itself to this much more than other types of work.

b. Which areas of curriculum gain from being undertaken in a mixed ability group ?

Most creative work provides a situation in which a mixture of abilities is possible and often useful. While the view that the less able are compensated by being good with their hands is not really tenable, inventiveness and creativity are not only the province of the intellectually able.

c. Does the organization I am planning offer children the opportunity to work in different kinds of groups in the course of a week ?

d. Am I training children to work together rather than alongside each other ?

Teaching of group skills is a normal part of life in infant classrooms, although teachers are not always very conscious of doing this. It is largely a sub-conscious process and teachers don't usually see it as a part of the curriculum which needs to be checked for each child. The more teachers consider and discuss what is involved in training group work skills, however, the better the learning is likely to be.

Training in group work skills starts with such elementary tasks as learning to share, to take turns and to listen to other people and try to see their point of view. At a later stage children need to learn to contribute to common goals and to sink personal differences in order to achieve such goals.

The teacher needs to make a point of praising children from time to time for being good group members, so that group work is seen to be valued.

स्रोत : Dean, Joan, <u>Organizing Learning in the Primary School Classroom,</u> Routledge, London, 1980.

## 4. APPROACHES, STRATEGIES AND TECHNIQUES OF TEACHING IN MULTIPLE CLASSES

### Need for Using Multiple Approaches

A multiple class teacher has to know and to use various methods, techniques and strategies to ensure that every child in his/her multi-grade class goes on making satisfactory progress. Because his/her class consists of children of various age and different ability groups, the teacher cannot always resort to whole group teaching. He/She has to plan his/her daily lessons very carefully so that every child is engaged in some kind of useful learning activity.

This task naturally requires the use of various methods and techniques depending on the needs of the situation so that if one group is getting lessons from the teacher, other groups are kept involved in the learning process.

### General Hints for Multiple Class Teachers

As regards the basic guidelines that should be followed for multiple class teaching, some important suggestions are stated below :

4.1 There must be a greater flexibility in the use of teaching strategies. It may be necessary sometimes to adapt the curriculum also to the learning needs and abilities of the pupils.

4.2 A congenial learning climate has to be carefully created and sustained. Great care is required to make the newcomers to schools feel well at home before they are taught anything.

4.3 To help the child become familiar with and adapted to the school situation, it is very important that a close parent-teacher relationship is developed.

4.4 In addition to getting the pupils interested in school, efforts must be made to develop in them better skills and habits of listening, speaking and learning and the attitude of socializing with school-mates. Play activities and peer group activities may be planned to develop school readiness among the children.

4.5 The children must also be involved in a number of creative, cultural and physical activities besides being introduced to reading, writing and arithmetic. However, most of these activities should be left unstructured so that the beginners feel at ease to work in their own way and at their own pace.

4.6 Getting senior pupils to help junior pupils. Senior pupils may often be asked to teach children of lower grades. Children of lower grades may observe and participate with the older children in narrating stories, reciting poems, singing, taking part in physical education and so on.

4.7 Grouping based on ability. Grouping of bright, average and weak pupils can serve as a good strategy for teaching, cross-teaching and remedial teaching. When a senior pupil helps a junior pupil the former also reinforces what he himself has learned.

4.8 Give whole class activities occasionally. A large number of activities under 'Environmental Education' and 'Project Study' can be used in which all children from grade one to five can collectively participate. Each class group engaged in the same activity, say in nature study or science, will contribute to the sequential development of the theme. Collective discussions will enrich learning in different classes.

4.9 Engage children in co-curricular activities. While a group or groups are busy in such an activity, the teacher could do the correction of students' homework or give remedial teaching to some. He/she could also plan relief periods for himself/herself which could be used for other jobs related to school management, pupils' evaluation and the like. The teacher in his/her efforts to teach the children should also see that he/she does not get too tired at the end of the school day so that he/she becomes fit for some meaningful work or even a good rest. Further, the teacher also must keep some time to devote himself/herself to activities that enrich his/her own knowledge.

**Strategies for Classroom Teaching**

Depending on the situation, the teacher will engage in whole class teaching or individual teaching or group teaching.

**Whole Class Teaching**

In whole class teaching, the teacher teaches the pupils in the class as a whole. This teaching strategy is most economical in that it saves time and effort on the teacher's part, since he/she needs only to make one lesson plan using the average ability group as a criterion.

In the multiple class schools, this strategy is feasible mostly for teaching general subjects like physical education, music, moral studies and art studies because these subjects mostly require a presentation of general information for pupils of all grades.

**Individual Teaching**

Individual teaching is one of the effective teaching strategies in which the teacher teaches his students on a one-to-one basis. The main way to organize for individual teaching is to provide seat work activities for all the children and while they are involved in their work, individual children can be brought forward for personal attention. Individual teaching will, in many ways, allow the teacher to have a better control of the teaching-learning environment. To fully use this method of teaching in a class of forty pupils is not feasible. Nevertheless, a teacher should adopt this method when the situation demands, as for example, in remedial teaching for very weak students.

**Group Teaching**

It is believed that children will make better progress and learn more easily if they are grouped on the basis of more or less the same ability or of mixed ability, bright, average and weak. This strategy enables the teacher to teach skills such as reading or mathematics to one particular ability group.

**Therefore, it is necessary for the teacher to provide the children with a wide variety of materials. The teacher should also see that the pupils are encouraged to tackle more difficult materials and ensure that slow children keep working with something which will afford them a great degree of success.**

स्रोत : UNESCO/PROAP, Multiple Class Teaching in Primary Schools: A Methodological Guide, Bangkok, 1988.

## 5. NONGRADING

The nongraded program is an attempt to maximize opportunities for each child to develop his capacities to the fullest. Not only is acceptance of individual differences basic to success but, additionally, the curriculum is tailored to the needs of the children. Generally, progress is based on a student's advancement through reading levels. Limited numbers of levels in each class-room eliminate the wide range usually found in a traditional classroo[illegible]lly, there are overlapping levels between classes, and therefo[illegible]pils can move up or down easily within their classroom. Transfers to levels in other classrooms are easily made as well.

**The advantages claimed for nongraded education are :**

- There is continuous pupil progress, without predetermined barriers.
- Children compete with their own records rather than with each other.
- Children are happier without worry about promotion.
- Many children who are slow starters (who would fail a regular first grade) subsequently make up for it and finish the primary unit in the regular three years.
- Certain slow-learning children frequently, if given enough time to cogitate and assimilate, may achieve much better.
- There are no gaps in instruction since no grades are skipped.
- There is no repetition of material a child already knows, since he begins a new year where he left off.
- The system is well adapted to lags and spurts, which psychology has shown are typical of growing children.
- The nongraded school encourages flexibility in grouping.
- Emotional needs of children may be satisfied to a greater extent in a nongraded program, thus promoting mental health.
- Discipline problems may be reduced, because of less boredom when children are working where their capabilities permit.

- Parents may have more rapport with the school due to the information program necessary during the implementation of nongrading.
- The nongraded program promotes more teamwork on the part of the faculty.
- Pressures to achieve end-of-term goals and to maintain standards are reduced or eliminated.
- There is increased teacher awareness of pupil individuality, since individual differences are at the very core of the teaching.

**The disadvantages claimed for nongraded education are :**

- There is a grave danger that establishing nongrading without curriculum reform results in simply replacing levels for grades. The levels then become hurdles to jump, much as grades are at the present time.
- Since school curricula are currently organized around topics covered at certain grades and depend heavily on graded textbooks, basic changes must be made or the curricular pattern and school structure will be incompatible. Theere is a need to determine sequential learnings in all subjects and this will require a great deal of time and effort by the faculty.
- There is some difficulty in aligning graded with nongraded units or schools, for example, a primary unit with a graded intermediate program, or a nongraded elementary school with the graded junior high.
- Teachers and parents are conditioned to the graded structure and there is a strong tendency to continue "grade mindedness."
- Extensive records must be kept for each child.
- Teaching is more challenging and difficult (but probably more rewarding).
- Nongrading alone does not improve the students' achievement level in education; there must be significant differences in the teachers' instructional practices.

- Nongrading nearly always results in the need to plan new reporting practices to parents since the traditional marking systems are not consistent with the aims and methods of nongrading. The planning of such new methods naturally takes much time and work by the already heavily burdened faculty and so is somewhat of a disadvantage.

स्रोत : Hillson, Maurie, Change and Innovation in Elementary School Organization, New York, Holt, Rinchart and Winston, 1975.